# संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८२

संघीय संसद

प्रतिनिधि सभा

संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति

संघीय संसद

प्रतिनिधि सभा

# संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति,

प.सं.: ०८२।८२

च.नं.: २४

सिंहदरबार, काठमाण्डौ।

मिति: २०८२।०४।१८

सम्माननीय सभामुखज्यू,

प्रतिनिधि सभा।

विषयः प्रतिवेदन पेस गरिएको।

प्रस्तुत विषयमा प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम प्रतिनिधि सभाबाट संवत् २०८२ असार २३ गते संघीय निजामती सेवा विधेयक, २०८० सम्बन्धी राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित यस समितिले सभाले प्रदान गरेको कार्यादेश बमोजिम छानबिन कार्य सम्पन्न गरी प्रस्तुत प्रतिवेदन प्रतिनिधि सभामा पेस गरेका छौं।

मनोज कुमार गिरी
सचिव

मा. जीवन परियार
सभापति

मा. इश्वरी घर्ती
सदस्य

मा. गणेश पराजुली
सदस्य

मा. नारायण प्रसाद आचार्य
सदस्य

मा. माधव सापकोटा
सदस्य

मा. रोसन कार्की
सदस्य

मा. सुशीला थिङ
सदस्य

# संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति

## समितिका माननीय सदस्यहरू

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | मा. जीवन परियार | सभापति |
| २. | मा. इश्वरी घर्ती | सदस्य |
| ३. | मा. गणेश पराजुली | सदस्य |
| ४. | मा. नारायण प्रसाद आचार्य | सदस्य |
| ५. | मा. माधव सापकोटा | सदस्य |
| ६. | मा. रोसन कार्की | सदस्य |
| ७. | मा. सुशिला थिङ | सदस्य |

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरू

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १ | सहसचिव | श्री मनोज कुमार गिरी |
| २ | उपसचिव | श्री लक्ष्मण अर्याल |
| ३ | उपसचिव (कानुन) | श्री कल्पना कुमारी खतिवडा |
| ४ | शाखा अधिकृत | श्री प्रकाश ज्ञवाली |
| ५ | शाखा अधिकृत | श्री पवन महत |
| ६ | कम्प्युटर अपरेटर | श्री किरण अर्याल |
| ७ | माइक सञ्चालक | श्री कुशल शर्मा |
| ८ | कार्यालय सहयोगी | श्री पार्वती काफ्ले |

## छानबिनमा संलग्न आमन्त्रित विज्ञ

| क्र.सं. | पद | नाम थर |
|---|---|---|
| १ | संविधानविद् | श्री काशीराज दाहाल |
| २ | सहन्यायाधिवक्ता | श्री ध्रुवकुमार चौहान |
| ३ | उपन्यायाधिवक्ता | श्री प्रभात क्षेत्री |

## मन्तव्य

सम्माननीय सभामुख महोदय,

माननीय सदस्यहरु,

नेपालको संविधानको धारा २८५ मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सरकारी सेवाहरूको गठन गर्न सक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका सर्त संघीय ऐन बमोजिम हुने व्यवस्था रहेको छ। उल्लिखित संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले २०७५ सालमा नै संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद सचिवालयमा दर्ता गरेकोमा मिति २०७७ चैत २३ गते तत्कालीन प्रतिनिधि सभामा पेस भएकोमा उक्त विधेयक मिति २०७८ असोज १९ गतेको नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय बमोजिम प्रतिनिधि सभाबाट नेपाल सरकारले फिर्ता लिएको थियो।

तदुपरान्त, मिति २०८० फागुन २१ गते "संघीय निजामती सेवा विधेयक, २०८०" संघीय संसद, प्रतिनिधि सभामा दर्ता भएकोमा प्रतिनिधि सभाको मिति २०८० चैत १ गतेको बैठकमा सभाको मिति २०८१ जेठ १५ गतेको बैठकले सो विधेयकमाथिका संशोधन प्रस्तावहरू सहित दफावार छलफल गर्न प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११० बमोजिम राज्य व्यवस्था तथा सुशासन समितिमा पठाएकोमा समितिले मिति २०८२ जेठ २ गते विधेयकको अन्तिम मस्यौदा प्रतिवेदन सर्वसम्मतिले पारित गरी प्रतिनिधि सभाको मिति २०८२ असार १ गतेको बैठकमा पेस गरेको र मिति २०८२ असार १५ गते समितिको प्रतिवेदन सहितको उक्त विधेयक प्रतिनिधि सभाबाट बहुमतले पारित भएको उक्त विधेयकको दफा ८२ को उपदफा (४) मा समितिले दुई बर्ष कुलिङ अफ पिरियडको व्यवस्था राख्ने सहमति भएकोमा सोही व्यवस्था बमोजिम विधेयकको हाल कायम भएको उपदफा (५) सँग उक्त व्यवस्था तादत्म्यता नभएको सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०८२ असार १८ गतेको बैठकको निर्णय तथा सभाको बैठकमासमेत यस विषयको सम्बन्धमा छानबिन गर्न माग भएबमोजिम प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम २०८२ असार २३ गते संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्न प्रतिनिधि सभाबाट मेरो सभापतित्वमा माननीय इश्वरी घर्ती, माननीय गणेश पराजुली,

माननीय नारायण प्रसाद आचार्य, माननीय माधव सापकोटा, माननीय रोशन कार्की र माननीय शुसिला थिङ्ग रहनुभएको सात सदस्यीय अध्ययन तथा छानबिन विशेष समिति गठन भएको थियो।

समितिले प्राप्त कार्यजिम्मेवारी सम्पादन गर्ने सिलसिलामा मिति २०८२ असार २४ गते संसद भवन, नयाँबानेश्वरमा सम्माननीय सभामुखको समुपस्थितिमा छानबिन समितिका माननीय सदस्यहरू सहितको प्रारम्भिक बैठक बसी आवश्यक परामर्शको कार्य भयो। तत्पश्चात् सोही दिन दिउँसो चार बजे समितिको बैठककक्ष सिंहदरबारमा पहिलो बैठक बसी कार्य प्रारम्भ गरियो। समितिले कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यविधि र कार्यतालिका बनाई कार्य अगाडि बढाएको थियो। तत्पश्चातका बैठकहरूमा राज्यव्यवस्था तथा सुशासन समितिका विभिन्न बैठकहरूमा उक्त विधेयकको दफा ८२ र उपसमिति एवं समितिको प्रतिवेदनका सम्बन्धमा भएका छलफलको माइन्यूट र विद्युतीय अभिलेख (अडियो, भिडियो आदि) अध्ययन र सुन्ने तथा हेर्ने कार्य भयो। राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति सहित समिति तथा उपसमितिका माननीय सदस्यहरु, संसदीय दलका मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक लगायत स्वतन्त्र सांसद समेतलाई बैठकमा आमन्त्रण गरी तोकिएको कार्यादेशका विषयमा छलफल गरियो। छलफलको क्रममा संसदीय मामिला पत्रकार समाजका पदाधिकारीहरू, विषय विज्ञहरु र संघीय संसदका विभिन्न समितिका सचिवहरूलाई बैठकमा आमन्त्रण गरी आवश्यक राय सुझाव र परामर्श लिने कार्य समेत भयो। यसैगरी समितिको छानबिनको कार्यमा सहयोगको लाग संविधानविद् श्री काशीराज दाहाललाई विषय विज्ञको रुपमा आमन्त्रण गरेको थियो भने महान्यायाधिवक्ताको कार्यालयको विज्ञ सहयोग र नेपाल प्रहरी प्रधान कार्यालयबाट कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी आवश्यक कामको लागि सहयोग समेत लिइएको थियो।

प्रतिनिधि सभाले यस समितिलाई अध्ययन तथा छानबिन गर्न चार बुँदे कार्यादेशमा सीमित रही सुझाव सिफारिस गर्ने एक्काइस दिनको कार्यावधि दिएकोमा उक्त निर्धारित कार्यावधि भित्र कार्यादेश बमोजिम कार्य सम्पन्न गरी प्रतिवेदन तयार पार्न समय अपुग हुने देखि समितिको सत्ताइसौं बैठकको निर्णय अनुसार प्रतिनिधि सभाको २०८२ साउन ९ को बैठकले सात दिनको समयावधि थप गर्ने प्रस्ताव स्वीकार गरी जम्मा अठ्ठाइस दिनको समयसीमा प्राप्त भएको थियो।

समितिलाई निर्धारित समय, आवश्यक मानव स्रोत, प्रविधि तथा आर्थिक लगायतका स्रोत साधनको सीमितता रहन गए पनि ३७ वटा बैठक बसी समितिले प्रस्तुत प्रतिवेदन

सर्वसम्मतिले तयार पार्न सफल भएको छ। यस प्रतिवेदनमा विभिन्न शीर्षकका छ वटा परिच्छेद र चारवटा अनुसूची समावेश गरिएका छन्।

सभामुख महोदय,

प्रतिनिधि सभाबाट यस समितिलाई प्राप्त कार्यादेश सम्बन्धमा समितिले देहायको निष्कर्ष एवं सुझाव प्रस्तुत गरेको छ।

क. कानुनी तादात्म्यता के कति कारणले नभएको हो भन्ने सम्बन्धमा अध्ययन गर्दा मिहिनरुपमा दफावार छलफल नगरिएको, परिमार्जन गरिएको प्रतिवेदन सभामा पेश गर्नु अघि समितिका माननीय सदस्यहरूले अन्तिममा हेर्ने र छलफल नगरिएको, मस्यौदा प्रतिवेदनसँग मूल विधेयक एकीकरण गरी मिलाउने प्रणाली नभएको र विधेयक मस्यौदामा मिलाउने जिम्मेवारी भएको कार्यमा संलग्न पक्षहरूले आफ्नो दायित्व पूरा नगरेकोले कानुनी तादात्म्यता नमिलेको देखियो।

ख. विधेयकको दफा ८२ को थप उपदफा (४) र (५) बीच तादात्म्यता नभएको विषय गम्भीर त्रुटि भएको देखिएकोले परिभाषित जिम्मेवारीमा रहेकाहरूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गरेको भन्ने नदेखिएको।

ग. विधेयकको दफा ८२ को उपदफा (४) र (५) का बीच कानुनी तादात्म्यता सम्बन्धमा गम्भीर त्रुटि भएको देखिंदा यसमा संलग्न पदाधिकारी वा व्यक्तिलाई के कस्तो कारबाही गर्नु पर्छ भन्ने सम्बन्धमा राजनीतिक व्यक्तिलाई राजनीतिक र नैतिक जिम्मेवारी तथा कर्मचारीको पदीय र कानुनी जिम्मेवारी हुने हुँदा सोही बमोजिमको सुझाव एवं निष्कर्ष यस समितिको रहेको।

घ. आगामी दिनमा यस्ता त्रुटि हुन नदिन निम्नलिखित सुझावहरु उल्लेख गरिएको छः-

- मूल विधेयक र समितिको प्रतिवेदन एकीकृत रुपमा मिलाएर हेर्ने र अध्ययन गर्ने अभ्यास प्रारम्भ गर्ने।
- विधेयकमाथिको दफावार छलफलमा सम्बन्धित मन्त्रालयका निश्चित तहका पदाधिकारीलाई मात्र समितिमा पहुँच दिने र विधेयक प्रस्तुतकर्ता माननीय मन्त्रीलाई नै त्यस सम्बन्धमा बढी जवाफदेही बनाउने व्यवस्था गर्ने।

- विषयवस्तुको प्रकृति अनुसार संवेदनशील छलफलहरूमा गोपनीयता र पारदर्शितालाई सन्तुलनमा राख्न सोही अनुरुप सरोकारवालाबाहेक अन्यलाई विचार गरी प्रवेश दिने।
- समितिका निर्णयहरूमा एकरूपता कायम गर्न र मानवीय त्रुटि कम गर्न मानकीकृत दिग्दर्शन (मार्गदर्शन) तयार गरी लागू गर्ने।
- सभापतिले निर्णय प्रक्रियामा सबै सदस्यहरूलाई विधेयकमा के के परिमार्जन गरियो भन्ने विषय प्रष्टसँग वाचन गरी निर्णय पुस्तिकामा लेखी निर्णयमा माननीय सदस्यहरूको हस्ताक्षर गर्ने पद्धतिको विकास गर्ने।
- समितिको अन्तिम प्रतिवेदन सभामा पठाउनुपूर्व अनिवार्य रुपमा समितिको बैठक राखी छलफल गराउने।
- जवाफदेहिता र सहमति सुनिश्चित गर्न अन्तिम प्रतिवेदनमा समितिका सबै सदस्यहरूको हस्ताक्षर अनिवार्य गर्ने।
- सभाका नियमावलीमा समितिका सचिवको काम, कर्तव्य र अधिकारबारे स्पष्ट उल्लेख गर्नु पर्ने।
- विधायिकी प्रक्रिया, कानुनी ढाँचा र विधायिकी नीतिगत प्रभावहरूमा माननीय सदस्यहरूलाई नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- सचिवालयको क्षमता सुदृढीकरण गरी भूमिकालाई प्रभावकारी बनाउने।
- संघीय संसदका काम कारवाही, विधायन व्यवस्थापन कार्य र सचिवालयमा समयानुकूल सुधार गर्न विद्यमान व्यवस्थाको अध्ययन र पुनरावलोकनका लागि विषयविज्ञहरू सहितको उच्चस्तरीय अध्ययन समिति वा कार्यदल गठन गरी त्यसका आधारमा विद्यमान व्यवस्थामा सुधार गर्ने।

**सभामुख महोदय,**

यस प्रतिवेदनको निष्कर्ष र सुझावहरु कार्यान्वयन भएमा विधायन निर्माणको प्रक्रियामा उल्लेख्य सुधार भई संसदको काम कारवाहीमा प्रभावकारिता र कानुनप्रति आमनागरिकको विश्वास बढ्ने र लोकतान्त्रिक व्यवस्थाको संस्थागत सुदृढीकरण हुने समितिको अपेक्षा रहेको छ।

अन्तमा, यस समितिलाई छानविनको सिलसिलामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने संसदमा रहनु भएका राजनीतिक दलहरू, समितिका सम्पूर्ण माननीय सदस्यहरू, सम्बद्ध पदाधिकारीहरू, सरोकारवालाहरू, आमन्त्रित विज्ञ महानुभावहरु, कर्मचारीहरु, सञ्चारकर्मीहरु लगायत सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, यस समितिको पदाधिकारीका रुपमा ऐतिहासिक महत्त्वको कार्यजिम्मेवारी दिनुभएकोमा सम्माननीय सभामुखज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

**सम्माननीय सभामुख महोदय,**

सम्माननीय सभामुखज्यूको अनुमतिले प्रतिनिधि सभा नियमावलीको नियम १८९ बमोजिम संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदन, २०८२ यस सम्मानित सदन समक्ष पेस गर्दछु। धन्यवाद।

(जीवन परियार)
सभापति

मिति: २०८२ साउन १८ गते।

# विषय सूची

परिच्छेद-१

प्रारम्भिक


१.१ पृष्ठभूमि........................................................................१

१.२ समितिको गठन.................................................................२

१.३ समितिको कार्यक्षेत्र र कार्यादेश........................................३

१.४ छानबिनको विधि..............................................................४

१.५ छानबिनको कार्याविधि.......................................................६

१.६ छानबिनको सीमा..............................................................६

१.७ प्रतिवेदनको संरचना.........................................................७


परिच्छेद-२

विश्राम अवधि (कुलिङ अफ पिरियड) को अवधारणा र विश्वव्यापी अभ्यास


२.१ विश्राम अवधिको अवधारणा................................................८

२.२ विश्राम अवधिको विश्वव्यापी अभ्यास..................................९

२.३ नेपालको निजामती सेवामा विश्राम अवधि..........................११


परिच्छेद-३

त्रुटिगत व्यवस्था सम्बन्धी विधिशास्त्रीय मान्यता


३.१ अवधारणा.........................................................................१३

३.१.१ कानुन निर्माणमा स्वार्थ समूहहरूको प्रभाव.......................१४

३.१.२ नेपालको विधायिकामा स्वार्थको द्वन्द्व...........................१४

३.२. विधायिकी प्रक्रियामा हुने त्रुटिका कारणहरू....................१५

३.३ प्रशासकीय त्रुटिका कारणहरू............................................१६

३.४ विभिन्न मुलुकमा कानुन निर्माणको क्रममा देखिएका त्रुटि र कारणहरू...............१८

३.५ दुरासयपूर्ण कार्य ..............................................................१९

३.५.१ कसुरको उद्योग...............................................................२०

३.५.२ मनसाययुक्त र जानाजान गरेको कार्य ........................................................२०

३.५.३ लापरबाही ...............................................................................................२०

३.५.४ हेलचेक्र्याइ ................................................................................................ २१

३.५.५ दोषरहित असावधानी ................................................................................ २१

३.६ त्रुटि सम्बन्धी मनसाय र प्रमाणको मापदण्ड ........................................................ २१

परिच्छेद-४

छानबिनको क्रममा सम्बन्धित व्यक्तिहरूबाट प्राप्त विवरण

परिच्छेद-५

तथ्यको विश्लेषण

परिच्छेद-६

निष्कर्ष र सुझाव

अनुसूचीहरू

अनुसूची-१ समितिको कार्यविधि ..........................................................................८४

अनुसूची-२ समितिको कार्यावधि थप सम्बन्धी पत्र ..................................................९२

अनुसूची-३ समितिको विभिन्न मितिको बैठकमा आमन्त्रित व्यक्तित्वहरू ....................९३

अनुसूची-४ समितिको कार्यतालिका ......................................................................९५

समितिले कार्य सम्पादनका सिलसिलामा लिएका केही प्रतिनिधिमूलक तस्वीर

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले राज्यको शासकीय स्वरूप संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने व्यवस्था गरे बमोजिम संघ, प्रदेश र स्थानीय तहले संविधानको अनुसूचीमा उल्लिखित तहगत अधिकारको प्रयोग कानुन बनाई शासन सञ्चालन गर्दै आएका छन्। संविधानको धारा १०९ मा संघीय संसदको व्यवस्थापिकीय अधिकार अनुसूची ५, ७ र ९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ। त्यस्तै, संविधानको धारा ५१ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ।

नेपालको संविधानको धारा २८५ मा नेपाल सरकारले देशको प्रशासन सञ्चालन गर्न संघीय निजामती सेवा र आवश्यकता अनुसार अन्य सरकारी सेवाहरूको गठन गर्न सक्ने र त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका सर्त संघीय ऐन बमोजिम हुने व्यवस्था रहेको छ। नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदनमा समेत संविधानलाई कार्यान्वयन गर्न र संघीयतालाई प्रभावकारी बनाउन संघ सरकारबाट आवश्यक कानुन र मापदण्ड बनाई जारी गर्नु पर्ने जिम्मेवारी तोकिएको छ।

उल्लिखित संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाल सरकारले २०७५ सालमा नै संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसद सचिवालयमा दर्ता गरेको देखिन्छ। उक्त विधेयकलाई प्रतिनिधि सभाको मिति २०७५ फागुन १० गतेको बैठकले प्राप्त संशोधन सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने निर्णय भए बमोजिम मिति २०७५ साल फागुन २३ गते तत्कालीन राज्य व्यवस्था तथा सुशासन समितिमा प्राप्त भएको देखिन्छ। तत्पश्चात् मिति २०७७ साल असार १५ गते विधेयकलाई अनन्तकालसम्म अनिर्णयको बन्दी बनाई राख्न नहुने निष्कर्षका साथ समितिमा सहमति हुन नसकेको विषयमा समितिका केही माननीय सदस्यहरूको फरक मत सहित लोकतान्त्रिक प्रक्रियाको अवलम्बन

गर्दै बहुमतको आधारमा र अन्य सबै विषयहरू सर्वसम्मतिमा समितिबाट पारित भई मिति २०७७ चैत २३ गते तत्कालीन प्रतिनिधि सभामा पेस भएको उपलब्ध अभिलेखबाट देखिन्छ।[१] लामो समय प्रतिनिधि सभामा विचाराधीन सो विधेयक मिति २०७८ असोज १९ गतेको नेपाल सरकार, मन्त्रीपरिषद्को निर्णय बमोजिम नेपाल सरकारले फिर्ता लिएको देखिन्छ।[२]

तदुपरान्त, मिति २०८० फागुन २१ गते "संघीय निजामती सेवा विधेयक, २०८०" संघीय संसद, प्रतिनिधि सभामा दर्ता भएकोमा प्रतिनिधि सभाको मिति २०८० चैत १ गतेको बैठकमा प्रस्तुत भई मिति २०८० चैत २१ गते सैद्धान्तिक छलफल भएको र सभाको मिति २०८१ जेठ १५ गतेको बैठकले सो विधेयकमाथिका संशोधन प्रस्तावहरू सहित दफावार छलफल गर्न प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११० बमोजिम राज्य व्यवस्था तथा सुशासन समितिमा पठाएकोमा मिति २०८१ जेठ २३ गते सो समितिमा प्राप्त भएको देखिन्छ।

राज्य व्यवस्था तथा सुशासन समितिले मिति २०८२ जेठ २ गते विधेयकको अन्तिम मस्यौदा प्रतिवेदन सर्वसम्मतिले पारित गरी प्रतिनिधि सभाको मिति २०८२ असार १ गतेको बैठकमा पेस गरेकोमा विभिन्न मितिको सभाको बैठकको कार्यसूचीमा छलफलका लागि समावेश भएर पनि व्यवस्थापन प्रक्रियामा अघि नबढेको अवस्था हुँदै मिति २०८२ असार १५ गते समितिको प्रतिवेदन सहितको उक्त विधेयक बहुमतले पारित भएको देखिन्छ।

## १.२ समितिको गठन

मिति २०८२ असार १८ गते बसेको राज्य व्यवस्था तथा सुशासन समितिबाट "सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को दफा ८२ मा निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन भन्ने विषयलाई सर्वसम्मतिबाट पारित गरिएकोमा समितिबाट विधेयकको प्रतिवेदन तयार गर्दा उक्त

---

[१] राज्य व्यवस्था तथा सुशासन समितिका तत्कालीन सभापति माननीय शशी श्रेष्ठले निजामती सेवा विधेयक सम्बन्धी समितिको प्रतिवेदन प्रतिनिधि सभामा पेस गर्दाको वाचन पत्र।

[२] विधेयक शाखा, प्रतिनिधि सभाको अभिलेख।

सर्वसम्मत निर्णयलाई निष्क्रिय गर्ने गराउने गरी प्रतिवेदन तयार भएको पाइएकोले उक्त कार्य कानुन निर्माणको हिसाबले षड्यन्त्रपूर्ण र दुरासयपूर्ण जस्तो देखिएको हुँदा उक्त कार्यमा को-को व्यक्तिको के कसरी संलग्नता रहेको हो ? त्यसको उच्चस्तरीय संसदीय छानबिन समिति गठन गरी छानबिन गर्ने व्यवस्था मिलाउन सङ्घीय संसदका सम्माननीय सभामुखज्यूलाई अनुरोध गर्ने" निर्णय भएको र प्रतिनिधि सभाले "संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिबाट प्रतिनिधि सभामा पेस भएको समितिको प्रतिवेदनमा र समितिमा भएको छलफल, सैद्धान्तिक सहमति, माइन्यूट र विद्युतीय अभिलेख (अडियो, भिडियो आदि समेत) भन्दा फरक अर्थ हुने गरी "कुलिङ अफ पिरियड" सम्बन्धी व्यवस्था उल्लेख भएको भनिएकाले सो सम्बन्धमा अध्ययन तथा छानबिन गर्न प्रतिनिधि सभाबाट प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम सम्माननीय सभामुखबाट सङ्घीय निजामती सेवा विधेयकको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा अध्ययन तथा छानबिन गर्न विशेष समिति गठनको प्रस्ताव प्रस्तुत हुँदा सभाले सहमति जनाए अनुरूप अध्ययन तथा छानबिन गर्न देहाय बमोजिमको विशेष समिति गठन भएको थियो:-

(क) माननीय जीवन परियार - सभापति

(ख) माननीय इश्वरी घर्ती - सदस्य

(ग) माननीय गणेश पराजुली - सदस्य

(घ) माननीय नारायण प्रसाद आचार्य - सदस्य

(ङ) माननीय माधव सापकोटा - सदस्य

(च) माननीय रोसन कार्की - सदस्य

(छ) माननीय सुशिला थिङ - सदस्य

सचिवालयको तर्फबाट सहसचिव श्री मनोज कुमार गिरीलाई सचिवको रूपमा जिम्मेवारी तोकिएको थियो।

### १.३ समितिको कार्यक्षेत्र र कार्यदिश

समितिलाई अध्ययन तथा छानबिन गर्न सभाबाट प्राप्त कार्यक्षेत्र र कार्यदिश देहाय बमोजिम रहेको छ:-

क. संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यता नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो ? सो सम्बन्धमा छानबिन गर्ने,

ख. यस्तो कानुनी तादात्म्यता कायम नहुने गरी प्रतिवदेन तयार हुनुमा को कसको के कस्तो भूमिका रहेको छ ? सो सम्बन्धमा छानबिन गर्ने,

ग. समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा कसैको संलग्नता देखिएमा के कस्तो संलग्नता रहेको छ, सोको यकीन गरी त्यस्तो पदाधिकारी वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कुनै कारबाही गर्नु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा सुझाव पेस गर्ने,

घ. कानुन निर्माणको क्रममा समितिमा हुने छलफल, निर्णय प्रक्रिया, प्रतिवेदन लेखन लगायतका विषयमा देखिएका कमी कमजोरी पत्ता लगाई भविष्यमा यस्ता प्रकृतिका कमी कमजोरी हुन नदिन के कस्तो सावधानी वा उपायहरू अपनाउनु पर्ने हो ? सो सम्बन्धमा सुझाव पेस गर्ने।

### १.४ छानबिनको विधि

समितिले प्राप्त कार्यजिम्मेवारी सम्पादन गर्ने सिलसिलामा मिति २०८२ असार २४ गते संसद भवन, नयाँबानेश्वरमा सम्माननीय सभामुखको समुपस्थितिमा छानबिन समितिका माननीय सदस्यहरू सहित संघीय संसदका महासचिव र प्रतिनिधि सभाका सचिव समेतको सहभागितामा प्रारम्भिक बैठक बसी आवश्यक परामर्श गर्‍यो। तत्पश्चात् सोही दिन दिउँसो चार बजे समिति बैठककक्ष सिंहदरबारमा पहिलो बैठक बसी कार्य प्रारम्भ गरियो। उक्त बैठकमा समिति सचिवालयबाट प्रस्तुत मस्यौदा कार्यविधिमाथि छलफल भयो। यसका साथै समितिको कार्यसम्पादनलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका बनाई समितिले कार्य अगाडि बढाएको थियो। तत्पश्चातका बैठकहरूमा राज्यव्यवस्था तथा सुशासन समितिका विभिन्न बैठकहरूमा संघीय निजामती सेवा विधेयक, २०८० को दफा ८२ र उपसमिति एवं समितिको प्रतिवेदनका सम्बन्धमा भएका छलफलको माइन्यूट र विद्युतीय अभिलेख (अडियो, भिडियो आदि) अध्ययन र सुन्ने तथा हेर्ने कार्य भयो। यसै क्रममा नेपाल सरकारका माननीय गृहमन्त्री रमेश लेखकबाट सरकारको धारणा र सुझाव लिइयो। राज्य व्यवस्था

तथा सुशासन समितिका माननीय सभापति सहित समितिका सदस्यहरू एवं उपसमितिका संयोजक माननीय दिलेन्द्र प्रसाद बडू सहितका सदस्यहरूसँग छलफल गरी जानकारी लिने कार्य भयो। यसैगरी संसदीय दलका मुख्य/प्रमुख सचेतक, सचेतक लगायत स्वतन्त्र सांसदलाई आमन्त्रण गरी छलफल गरियो। छलफलको क्रममा संसदीय मामिला पत्रकार समाजका पदाधिकारीहरूलाई आमन्त्रण गरी आवश्यक सुझाव लिने कार्य भयो। त्यस्तै, नेपाल सरकारका पूर्वसचिव श्री माधव पौडेल, संविधानविद् श्री काशीराज दाहाल, राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्याल र संघीय संसदका विभिन्न समितिका सचिवहरूलाई बैठकमा आमन्त्रण गरी आवश्यक राय सुझाव लिने कार्य समेत भयो। यसैगरी समितिले छानबिनको तौरतरिका र राय सुझाव एवं समितिका निरन्तरका कामहरूमा आवश्यक सहयोगका लागि संविधानविद् श्री काशीराज दाहाललाई विज्ञको रूपमा र महान्यायाधिवक्ताको कार्यालयबाट सहन्यायाधिवक्ता श्री ध्रुव कुमार चौहान र उपन्यायाधिवक्ता श्री प्रभात क्षेत्रीलाई आवश्यक सहयोगको लागि आमन्त्रण गरेको थियो। साथै नेपाल प्रहरी प्रधान कार्यालयबाट कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी आवश्यक कामको लागि सहयोग लिइएको थियो।

छानबिन सम्बन्धी कार्यलाई समग्रतामा अगाडि बढाउन मिति २०८२ असार २६ गते अनुसूची-१ बमोजिमको कार्यविधि स्वीकृत गरी सोही अनुरूप छानबिनका क्रममा आवश्यकता अनुसार देहायको विधि अपनाइएको थियो:-

(क) सूचना, तथ्याङ्क र प्रमाण सङ्कलन

(१) सञ्चार माध्यममा प्रकाशित/प्रसारित सूचनाको सङ्कलन र विभिन्न निकायबाट कागजात माग तथा सङ्कलन,

(२) प्रतिनिधि सभा, राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा विधेयकको दफा ८२ माथिको छलफलमा व्यक्त धारणा, तथ्य आदि सम्बन्धी अभिलेख सङ्कलन,

(३) समितिले उपयुक्त ठानेका अन्य सूचना, तथ्याङ्क, प्रतिवेदन, विश्लेषण वा प्रमाण सङ्कलन।

(ख) छलफल, अन्तर्क्रिया, सोधपुछ र अध्ययन, अनुसन्धान

(१) राज्य व्यवस्था तथा सुशासन समितिका सभापति र आवश्यकता अनुसार समितिका सदस्यहरू, सचिव र सम्बद्ध कर्मचारीहरू,

(२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, सचिव लगायत सम्बद्ध कर्मचारीहरूसँग सोधपुछ,

(३) कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव लगायत सम्बद्ध कर्मचारीहरूसँग सोधपुछ, र

(४) अन्य सरोकारवाला व्यक्ति तथा संस्था र विषयविज्ञहरूको सुझाव।

(ग) सम्बद्ध कर्मचारीहरूले इमेल मार्फत गरेको विधेयकको प्रतिवेदनको आदान-प्रदान सम्बन्धी प्राविधिक परीक्षण।

(घ) विश्राम अवधि (कुलिङ अफ पिरियड) को विश्वव्यापी अभ्यास र त्रुटि सम्बन्धी विधिशास्त्रीय मान्यताको अध्ययन।

### १.५ छानबिनको कार्यावधि

समितिको गठन भएको मितिले २१ दिनभित्र छानबिन सम्पन्न गरी सोको प्रतिवेदन प्रतिनिधि सभा समक्ष पेस गर्ने गरी समितिलाई छानबिनको कार्यावधि तोकिएको थियो। प्रतिनिधि सभाको कार्यादेश बमोजिम कार्य सम्पन्न गरी प्रतिवेदन तयार पार्न निर्धारित समय अपुग हुने देखी समितिले मिति २०८२ साउन ८ गतेको सत्ताइसौं बैठकको निर्णयानुसार कार्यावधि समाप्त भएको मितिले सात दिन समय थप गर्न सम्माननीय सभामुखसँग अनुरोध गरेकोमा सभाको २०८२ साउन ९ गतेको प्रतिनिधि सभाको बैठकबाट सात दिनको समयावधि थप भएको थियो। यसरी समितिले जम्मा २८ दिनको समय सीमाभित्रै रही प्रस्तुत प्रतिवेदन तयार पारी सम्मानित सदन समक्ष पेस गरेको छ।

### १.६ छानबिनको सीमा

राज्य व्यवस्था तथा सुशासन समितिले निजामती सेवा विधेयक, २०८० माथि तयार पारेको प्रतिवेदनमा अन्य केही विषयमा समेत थपघट र त्रुटिगत अवस्था रहेको भेटिए तापनि यस समितिलाई प्राप्त कार्यादेश बमोजिम विधेयकको दफा ८२ को उपदफा (४) र (५) मा मात्र सीमित रहेर छानबिन गरी यो प्रतिवेदन तयार पारिएको छ। यसका साथै समितिलाई निर्धारित समय, आवश्यक मानव स्रोत, प्रविधि तथा आर्थिक लगायतका स्रोत साधनको पनि सीमितता रहेको थियो।

## १.७ प्रतिवेदनको संरचना

यस प्रतिवेदनलाई मूल रूपमा छवटा परिच्छेदमा विभाजन गरी तयार गरिएको छ। परिच्छेद-१ मा प्रारम्भिक शीर्षक अन्तर्गत पृष्ठभूमि, समितिको गठन, कार्यक्षेत्र र कार्यदिश, कार्यविधि, कार्यावधि, सीमा र संरचना सम्बन्धी विषय उल्लेख गरिएको छ। परिच्छेद-२ मा विश्राम अवधि (कुलिङ अफ पिरियड) अवधारणा र विश्वव्यापी अभ्यास, परिच्छेद-३ मा त्रुटिगत व्यवस्था सम्बन्धी विधिशास्त्रीय मान्यता, परिच्छेद-४ मा छानबिनका क्रममा सम्बन्धित व्यक्तिहरूबाट प्राप्त विवरण, परिच्छेद-५ मा तथ्यको विश्लेषण, परिच्छेद-६ मा निष्कर्ष र सुझाव राखिएका छन्। अनुसूचीमा विभिन्न सान्दर्भिक सामग्रीहरू राखिएका छन्।

परिच्छेद-२

# विश्राम अवधि (कुलिङ अफ पिरियड) को अवधारणा र विश्वव्यापी अभ्यास

## २.१ विश्राम अवधिको अवधारणा

सरकारी सेवामा कार्यरत व्यक्तिहरूले नीति निर्माण, सेवा प्रवाह, नियमन तथा गोप्य सूचनाको संरक्षण जस्ता जिम्मेवारी वहन गर्ने भएकोले विश्वमा नै निजामती लगायत सरकारी सेवा महत्त्वपूर्ण सेवाका रूपमा रहेका हुन्छन्। यस्तो जिम्मेवारी सम्हालेका व्यक्तिले राजीनामा, अवकाश वा अन्य कारणले सेवाबाट अलग भएपछि निश्चित समयको लागि विश्राम लिनु पर्ने गरी कानुनी वा नैतिक बन्धनमा रहनु पर्ने विश्राम अवधि (कुलिङ अफ पिरियड) को अवधारणा हो। सुरक्षा, कूटनीति, वैदेशिक सम्बन्ध र गुप्तचरी अड्डामा काम गर्नेका लागि अवकाशपछिको वृत्ति झन् संवेदनशील मानिन्छ। यस्तो समयावधिमा सरकारी सेवाबाट निवृत्त व्यक्तिले निजी क्षेत्र, राजनीतिक नियुक्ति वा व्यापारिक क्षेत्रमा तत्काल संलग्न हुन पाउँदैनन्। सरकारी सेवा समाप्त भएपछि व्यक्तिले लाभदायक निजी क्षेत्र वा अन्य संस्था तथा व्यवसायमा प्रवेश गर्नुअघि तोकिएको न्यूनतम समयावधि रोकिनु पर्ने भएकोले उच्च पदस्थ कर्मचारीलाई निजको पूर्वपदको प्रभाव, पहुँच वा जानकारीको अनुचित प्रयोग रोक्न सहयोग पुऱ्याउँछ। तसर्थ, सरकारी सेवामा विश्राम अवधिको व्यवस्था गर्नुका निम्न कारणहरू देखिन्छन्:-

क. स्वार्थको द्वन्द्व रोक्नः सेवानिवृत्त कर्मचारीले पहिले कार्यरत संस्थासँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध नराखून् भन्ने सुनिश्चित गर्न।

ख. गोपनीयता र सुरक्षा कायम गर्नः गोप्य दस्तावेज, नीति निर्माणको आन्तरिक प्रक्रिया वा संवेदनशील सूचनाको दुरूपयोग हुन नदिन।

ग. नैतिकता र निष्पक्षता कायम राख्नः सेवानिवृत्तिपछि प्राप्त हुने निजी फाइदाका लागि निर्णय लिने प्रवृत्तिलाई निरुत्साहित गर्न।

घ. जनआस्था कायम राख्नः जनताले सरकारी सेवाप्रति विश्वास राखून् भन्ने सुनिश्चित गर्न।

विश्राम अवधिको मुख्य उद्देश्य सार्वजनिक र निजी हितबीचको टकरावलाई रोक्नु हो। गोपनीयता, निष्पक्षता र पारदर्शिता कायम राख्न यस्तो व्यवस्था आवश्यक ठानिन्छ। नेपालमा यस सम्बन्धी स्पष्ट नीति वा कानुन नहुँदा नीति निर्माणमा

पूर्वपदाधिकारीको प्रभाव, गोप्यता उल्लङ्घन र स्वार्थको द्वन्द्वको जोखिम उच्च रहने सम्भावना देखिन्छ।

२.२ विश्राम अवधिको विश्वव्यापी अभ्यास

विश्वव्यापी अभ्यासलाई हेर्दा अधिकांश विकसित देशहरूले यस्तो विश्राम अवधिलाई प्रष्ट रूपमा कानुनमै व्यवस्था गरेको देखिन्छ। बेलायतको Business Appointment Rules for Crown Servants अनुसार निम्न कारणले विश्राम अवधि (कुलिङ अफ पिरिड) महत्त्वपूर्ण रहेको पाइन्छः-

१. कर्मचारीले आफ्नो कार्य गर्दा कुनै विशेष कम्पनी, सङ्गठन वा क्षेत्रमा भविष्यको रोजगारीको आशा वा अपेक्षाबाट प्रभावित हुन सक्ने,
२. कर्मचारीको अवकाशपछि पनि सरकार सम्बन्धी सम्पर्कहरू, संवेदनशील जानकारीमा विशेष पहुँच हुने हुँदा सोको दुरूपयोग गर्न सक्ने,
३. कर्मचारीले आफ्नो कामको सिलसिलमा निम्न कुराहरूमा पहुँच हुने हुँदा रोजगारदाताले पूर्वकर्मचारीबाट अनुचित लाभ प्राप्त गर्न सक्छः
   (क) सरकारको नीतिमा घोषणा नभएका वा प्रस्तावित विकासहरूसँग सम्बन्धित जानकारी हुने जसको ज्ञानले सम्भावित रोजगारदाता वा प्रतिस्पर्धीहरूलाई फाइदा हुन सक्ने, वा
   (ख) प्रतिस्पर्धीहरूका बारेमा व्यावसायिक रूपमा महत्त्वपूर्ण वा संवेदनशील जानकारी हुने।

तुलनात्मक अध्ययन हेतु यस्ता केही विश्वव्यापी अभ्यासलाई देहाय बमोजिम तालिकाबद्ध गरी उल्लेख गरिएको छः-

| क्र सं | देश | कुलिङ अफ पिरियड | सम्बद्ध कानुन/ नीति | गरिएको व्यवस्था |
|---|---|---|---|---|
| १. | संयुक्त राज्य | एकदेखि दुई वर्ष | 18 U.S. Code § 207; Executive Order 13989 (2021); Lobbying | सरकारी पदबाट बाहिरिएपछि निश्चित |

| | | | | |
|---|---|---|---|---|
| | अमेरिका | | Disclosure Act | समयसम्म सरकारी निकायमा प्रभाव पार्ने, लबिइङ गर्ने वा विशेष सरोकार भएको मुद्दामा पदका आधारमा एकदेखि दुई वर्षसम्म संलग्न हुन नपाउने कानुनी प्रतिबन्ध रहेको छ। |
| २. | बेलायत | एक वा दुई वर्ष | Civil Service Management Code Business Appointment Rules (Advisory Committee on Business Appointments - ACOBA) | पूर्वमन्त्री वा वरिष्ठ अधिकारीले निजी क्षेत्रमा जानुअघि अनुमोदन आवश्यक। |
| ३. | भारत | एक वर्ष | All India Services (Conduct) Rules, 1958; AIS Death-cum-Benefits Rules, 1958 (Rule 26); CCS Pension Rules, 1972 | सेवानिवृत्त अधिकारीले व्यावसायिक संलग्नताअघि सरकारको अनुमति लिनु पर्ने। |
| ४. | युरोपियन युनियन | दुईदेखि तीन वर्ष | EU Staff Regulations Code of Conduct for Commissioners | प्रभाव पार्ने, लबिइङ गर्ने जस्ता कार्यहरू दुईदेखि तीन वर्षका लागि प्रतिबन्ध; पूर्वआयुक्तहरूले पद छोडेको अवधिबाट कम्तीमा दुई वर्षसम्म कुनै व्यावसायिक कार्य गर्नु दुई महिनापूर्व जानकारी दिनु |

| | | | | |
|---|---|---|---|---|
| | | | | पर्ने। |
| ५. | क्यानडा | एक वर्ष | Conflict of Interest Act, 2006 | स्वार्थको द्वन्द्वलाई प्रतिवन्ध; अनुमति लिनु पर्ने व्यवस्था। |
| ६. | अष्ट्रेलिया | एक वर्षदेखि अठार महिनासम्म | Lobbying Code of Conduct (2019), Public Service Act 1999, and relevant Provincial Laws | पूर्वमन्त्री एवं कर्मचारीले संघीय एवं प्रादेशिक कानुन अनुसार एक वर्षदेखि अठार महिना व्यावसायिक संलग्नता र लबिइङ गर्न नपाउने। |
| ७. | जापान | दुई वर्ष | National Public Service Ethics Law (1999) | पूर्वसरकारी अधिकारीहरूले अवकाशपछि दुई वर्षभित्र आफ्ना पूर्वपद वा संस्थासँग सम्बन्धित निर्णय प्रक्रियामा संलग्न हुन पाउँदैनन्। निजी क्षेत्रमा जानुअघि पुन: नियुक्ति निगरानी समितिबाट अनुमति अनिवार्य हुन्छ। |

## २.३ नेपालको निजामती सेवामा विश्राम अवधि

नेपालको सरकारी सेवामा विगतमा विश्राम अवधिलाई कानुनमै उल्लेख गरी अभ्यास भएको पाइएन। निजामती सेवा ऐन,२०४९ र नियमावली, २०५० लगायत सरकारी कर्मचारीका सम्बन्धमा जारी गरिएका कानुनहरूका आचरणगत प्रबन्धमा विश्राम अवधि सम्बन्धी अवधारणागत रूपमा मिल्दाजुल्दा केही संकेतहरू रहे तापनि सो बारे स्पष्ट उल्लेख

भएको पनि पाइँदैन। यसैको परिणामस्वरूप केही उच्चपदस्थ पदाधिकारीहरू सेवा अवधि बाँकी छँदै विभिन्न तरिका अपनाई महत्त्वपूर्ण सरकारी नियुक्ति लिने गरेको अध्ययनका क्रममा पाइएका छन्। यस सम्बन्धी स्पष्ट कानुनी प्रबन्धको अभावमा शासन प्रणाली नै भ्रष्ट र अनैतिक बन्दै जानुका साथै पद प्राप्तिको तीव्र अभिलाषाले राजनीतिक नेतृत्व र उच्चपदस्थ कर्मचारीबीच अपवित्र गठबन्धन हुने गरेको र राजनीतिक नेतृत्वका गलत क्रियाकलापमा कर्मचारीले साथ दिने गरेको विषय जगजाहेर छन्।

एकै व्यक्तिले सदैव राज्यको स्रोत साधनमाथि रजगज गर्ने प्रवृत्ति अन्त्य गरी राजनीति र उच्चपदस्थ अधिकारीबीचको अनुचित सम्बन्धको जालो तोडी स्वच्छता कायम गर्ने उद्देश्यले नै निजामती सेवा विधेयकमाथि प्रतिनिधि सभाका केही माननीय सदस्यहरूबाट संशोधन प्रस्ताव दर्ता भएका थिए। यसै विषयमा राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल हुँदा उक्त समितिबाट दुई वर्षको समय सीमा राखी विधेयक सम्बन्धी प्रतिवेदन सर्वसम्मतिले पारित गरेको जानकारी सो समितिको अभिलेख र विभिन्न छलफलबाट प्राप्त निचोडबाट देखिन्छ। तर उक्त व्यवस्था निष्क्रिय हुने गरी सो समितिको प्रतिवेदन सभामा पेस र पारित हुन पुग्दा यस्तो कार्य के कसरी भए गरेको थियो भन्ने सम्बन्धमा यसै प्रतिवेदनको पछिल्ला परिच्छेदमा सविस्तार उल्लेख गरिएको छ।

## परिच्छेद-३

## त्रुटिगत व्यवस्था सम्बन्धी विधिशास्त्रीय मान्यता

### ३.१ अवधारणा

त्रुटि भन्नाले भूलचूक वा गल्ती भन्ने बुझिन्छ। कानुन निर्माण प्रक्रियामा त्रुटि भई विभिन्न समस्याहरू सिर्जना भएका उदाहरणहरू विश्व विधायन निर्माण प्रक्रियामा हुने गरेको देखिन्छ। प्रख्यात कानुनविद् लन फुलरका अनुसार "कानुनको आन्तरिक नैतिकता" को सिद्धान्त बमोजिम कुनै पनि कानुन वैध हुनका लागि यसले वैधानिकताका आठवटा सिद्धान्तहरू पालना गर्नु पर्छ, जसमा सर्वसामान्यता, सार्वजनिकता, भविष्यलक्षित (Prospectivity), स्पष्टता, एकरूपता, पालना गर्न सक्ने सम्भाव्यता, स्थिरता र नियमहरू तथा तिनको कार्यान्वयनबीचको मेल (Congruence) जस्ता कुराहरू रहेका छन्। उनले कानुन निर्माणको क्रममा अस्पष्टता वा विरोधाभास जस्ता त्रुटिहरू हुने गरेको औंल्याएका छन्। यस्तो भएमा कानुनको मस्यौदा अव्यावहारिक भई नागरिकको व्यवहारलाई प्रभावकारी रूपमा मार्गदर्शन गर्न असमर्थ हुन्छ।

यसैगरी, अर्को कानुनविद् एचएलए हार्ट को "Concept of Law" पुस्तकमा प्रस्तुत पोजिटिभिस्ट सिद्धान्तले कानुनहरू मानवीय रचना भएकाले "खुला बनावट" (भाषाको अन्तर्निहित अस्पष्टता) का कारण त्रुटिहरूको सम्भावना हुने धारणा व्यक्त गरेका छन्। मस्यौदाका त्रुटिहरूले अस्पष्टताहरू सिर्जना गरी न्यायिक वा प्रशासनिक विवेक प्रयोग हुने हुँदा विधायिकी उद्देश्यबाट विचलित हुने गरी समेत व्याख्याहरू हुने जोखिम रहन्छ। यस्ता त्रुटिले कानुनको गलत व्याख्या गरी यसलाई गलत तरिकाले लागु गरेर कानुनको उद्देश्यलाई कमजोर बनाउँछ।[३] त्रुटिको कारण विधायिकी मनसाय अप्रभावकारी बनी व्याख्याका लागि अदालत र प्रशासकलाई स्वविवेकीय रूपमा विधायिकी मनसाय विरुद्ध समेत कानुन प्रयोग गर्न सकिने जोखिम निम्त्याउँछ भनी चित्रण गरिएको छ।

कानुन निर्माण प्रक्रियामा विधायिकी मस्यौदा प्रक्रिया वा प्रशासनिक प्रक्रियामा भएको त्रुटिका कारण कानुनी त्रुटिहरू उत्पन्न हुने देखिन्छ। यस परिच्छेदमा विधायिकी मस्यौदा

---

[३] H.L.A. Hart, *The Concept of Law*, Oxford University Press, 1961, pp. 124–136.

प्रक्रिया र प्रशासनिक प्रक्रियामा हुने त्रुटिका सम्बन्धमा चर्चा गरिनुका साथै यसै विषयसँग सम्बन्धित दुईवटा सान्दर्भिक अवधारणाका सम्बन्धमा समेत उल्लेख गरिएको छ।

### ३.१.१ कानुन निर्माणमा स्वार्थ समूहहरूको प्रभाव

सांसद र कर्मचारीहरूले आफ्नै विश्वास, मतदाताहरूको चाहना, सत्ता वा पुनः निर्वाचनको इच्छा र व्यक्तिगत लाभ जस्ता आधारमा निर्णय लिन्छन्। स्वार्थ समूहहरू (Interest Group/Lobbyist) ले यी विभिन्न माध्यमबाट सांसदहरूलाई प्रभावित गर्ने प्रयास गर्छन्। उनीहरूले आफ्ना लक्ष्य सांसदको चाहनासँग मेल खाने भनी देखाउन सक्छन् वा सांसदको विचारहरू परिवर्तन गर्ने गरी मनाउन प्रयास गर्दछन्। उनीहरूले सांसदहरूलाई आफ्ना सवालहरू महत्त्वपूर्ण छन् भनी विश्वासमा पार्न सक्दछन्। स्वार्थ समूहहरूले सर्वसाधारणलाई आफ्नो पक्षमा समर्थन गर्न प्रभाव पार्न सक्छन् र त्यस्तो जनसमर्थनलाई प्रयोग गरेर सांसदहरूलाई दबाब दिन सक्छन्। उनीहरूले अन्य सांसदहरूलाई पनि प्रभावित गरेर थप दबाब सिर्जना गर्न सक्छन्।[४]

### ३.१.२ नेपालको विधायिकामा स्वार्थको द्वन्द्व

सामान्यतः सार्वजनिक पदाधिकारीको व्यक्तिगत स्वार्थले निजको सार्वजनिक कर्तव्य र जिम्मेवारीको कार्यसम्पादनलाई अनुचित रूपमा प्रभावित गरी सार्वजनिक दायित्व र व्यक्तिगत स्वार्थबीच द्वन्द्व उत्पन्न गराउनुलाई स्वार्थको द्वन्द्व मानिन्छ।[५] स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले " "स्वार्थको द्वन्द्व" भन्नाले कुनै सार्वजनिक पदाधिकारीले प्रचलित नेपाल कानुन बमोजिम आफूलाई प्राप्त जिम्मेवारी वा कार्यसम्पादन गर्दा वा निर्णय लिँदा पदीय हैसियतमा संम्पादन गर्नु पर्ने कार्य वा जिम्मेवारीसँग निजको निजी स्वार्थ बाझिएको अवस्था सम्झनु पर्छ, तर वृहत्तर सार्वजनिक हितको उद्देश्यले कुनै कार्यसम्पादन गर्दा वा निर्णय लिँदा निजको निजी स्वार्थ समेत जोडिएको रहेछ भने

---

[४] Based on the literature review of the following publications: Berry, Jeffrey M. Lobbying for the People: The Political Behaviour of Public Interest Groups. Princeton UP, 1977, pp. 212-52; Calabresi, Steven G. "Some Normative Arguments for the Unitary Executive." Arkansas Law Review, vol. 48, no. 1, 1995, pp. 23, 59-60.; Mayer, Lloyd H. "What Is This 'Lobbying' That We Are So Worried About?" Yale Law & Policy Review, vol. 26, no. 2, 2007-2008, pp. 485-566; Wilcox, Clyde. "The Dynamics of Lobbying on the Hill." The Interest Group Connection: Electioneering, Lobbying, and Policymaking in Washington, edited by Paul S. Herrnson et al., Chatham House, 1998, pp. 89, 90-98.

[५] OECD. *OECD Guidelines for Managing Conflict of Interest in the Public Service*. Policy Brief, Sept. 2005.

त्यस्तो अवस्थालाई स्वार्थको द्वन्द्व मानिने छैन भनी परिभाषित गरेको छ।[६]

एक अनुसन्धाताले नीति अनुसन्धान प्रतिष्ठानका लागि गरेको अध्ययन[७] मा नेपालको विधायिकामा स्वार्थको द्वन्द्वको समस्यालाई उजागर गर्दै संघीय संसदका नियमावलीहरूले सांसदहरूलाई सार्वजनिक हितमा काम गर्न र व्यक्तिगत हितको छलफलमा सहभागी हुन नहुने व्यवस्था गरे तापनि यसको परिभाषा र अनुपालना संयन्त्रको अभावले कार्यान्वयनमा समस्या ल्याएको निष्कर्ष निकालेका छन्। नियमावलीमा प्रस्तावित आचारसंहिता अनुगमन समिति स्थापना नभएको र दण्डको व्यवस्था समेत नभएकाले स्वार्थको द्वन्द्व नियन्त्रण गर्न सकेको छैन। सम्पत्ति, उपहार, प्रायोजित यात्रा, बाह्य गतिविधि र रिवल्भिङ डोर जस्ता विषयहरूमा स्पष्ट प्रावधानको अभाव रहेको छ। बैङ्कर, विद्यालय सञ्चालक, ठेकेदार जस्ता पृष्ठभूमिका सांसदहरूले वित्त, शिक्षा, विकास सम्बन्धित समितिहरूमा रहेर शिक्षा, सहकारी र बैङ्किङ ऐन जस्ता कानुनमा प्रभाव पारेका छन्। मिडिया र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरूले समेत यस्ता स्वार्थको द्वन्द्व सम्बन्धी घटनाहरूलाई उजागर गरेका छन्। अतः नियमावली सुधार, हित प्रकटीकरण, उपहार र यात्रा नियमन, स्वतन्त्र आचारसंहिता अनुगमन संयन्त्र स्थापना, स्वार्थको द्वन्द्वलाई भ्रष्टाचारको रूपमा अपराधीकरण गर्ने कानुन तर्जुमा जस्ता उपायले स्वार्थको द्वन्द्व नियन्त्रण गरी सुशासन र लोकतान्त्रिक विश्वसनीयता बलियो बनाउन सक्दछ भनिएको छ।

### ३.२. विधायिकी प्रक्रियामा हुने त्रुटिका कारणहरू

प्रख्यात राजनीतिशास्त्री जुली लेवालेनले निम्न तीन कारणले त्रुटिपूर्ण कानुन बन्ने गर्दछ भन्ने उल्लेख गरेका छन्:[८]

(क) सरकार वा बहुमत भएको दलले राजनीतिक लाभका लागि विधेयक हतार-हतारमा पारित गराउन खोज्नु,

(ख) विधायिकाले पर्याप्त छलफल र परामर्श नगरी विधेयक पारित गर्नु,

(ग) कानुनको प्राविधिक पक्षको अध्ययन वा प्रभाव मूल्याङ्कन नगरी विधेयक पारित गर्नु।

---

[६] स्वार्थको द्वन्द्व व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, दफा २(च)।

[७] Chapagain, Kiran. *Conflict of Interest in Legislative Affairs in Nepal*. Policy Research Institute, 2019.

[८] Julie Lewallen, "Legislative Error and the 'Politics of Haste,'" *PS: Political Science & Politics*, vol. 49, no. 2, 2016, pp. 239–243

यसैगरी भारतका पूर्वप्रमुख निर्वाचन आयुक्त आरभीएस पेरी शास्त्रीले विधायिकी प्रक्रियामा निम्न कारणहरूबाट त्रुटि हुने उल्लेख गरेका छन्:[९]

(क) मानवीय त्रुटि र समयको अभाव,

(ख) भाषा र विषयवस्तुको अस्पष्टता,

(ग) शैलीमा एकरूपता नहुने र अस्पष्टता,

(घ) शब्दको असंगति र पुनरावृत्ति,

(ङ) दण्ड वा कार्यान्वयन प्रबन्धको अभाव,

(च) गलत शब्द चयन र टाइप/प्रिन्ट त्रुटि,

(छ) लामो वाक्य र जटिल संरचना,

(ज) आवश्यक परिमार्जन नहुनु,

(झ) पूर्ववर्ती मस्यौदाको अनुकरण गर्दा गल्ती गर्नु,

(ञ) गलत सन्दर्भको उल्लेखन,

(ट) अस्पष्ट वर्गीकरण र प्रभाव मूल्याङ्कनको अभाव।

### ३.३ प्रशासकीय त्रुटिका कारणहरू

कानुन निर्माण प्रक्रियामा प्रशासनिक त्रुटिहरूले पनि विधायन सम्बन्धी त्रुटि निम्त्याउने अवस्था रहन्छ। म्याथ्यु एम योङ लगायतका लेखकहरूको "Complexity, Errors, and Administrative Burdens" लेखमा प्रशासनिक त्रुटिहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ:[१०]

(क) अत्यधिक जटिल कानुन र मापदण्डले गर्दा प्रशासकीय कर्मचारीहरूबाट गल्ती हुने,

(ख) सामान्यभन्दा फरक तथ्य एवं विवरणले गर्दा जटिलता आएमा प्रशासनिक त्रुटिको सम्भावना हुने,

(ग) सूचना प्रविधि मार्फत स्वचालनले त्रुटि घटाउने अपेक्षा गरिए तापनि जटिल प्रणालीहरूमा प्रविधिको प्रयोगले त्रुटि हुन सक्ने।

---

[९] R. V. S. Sastri, "Common Errors in Drafting," in *Legislative Drafting: Shaping the Law for the New Millennium*, ed. T. K. Vishwanathan (New Delhi: Indian Law Institute, 2007), Annex I, I–XXXII, 1–526.

[१०] Young, Matthew M., et al. "Exploring Administrative Errors in Public Management: Causes and Consequences." *Public Management Review*, vol. 26, no. 10, 2024, pp. 2847-2867.

सर गाइ पौल्सद्वारा लेखिएको "A Note on Common Administrative Errors" (1979) मा उल्लेख गरिएका सामान्य प्रशासनिक त्रुटिहरू निम्न रहेका छन्:[११]

१. सान्दर्भिक विषयवस्तु पहिचान हुन नसक्नु (**Failure to Determine Relevant Issues**): प्रशासनिक निर्णयको प्रारम्भिक चरणमै सान्दर्भिक विषयवस्तु पहिचान गर्न नसक्नुले त्रुटि निम्त्याउँछ। यसले असम्बन्धित विषयमा केन्द्रित गराउँछ र मूल विषय ओझेलमा पर्दछ। यसैगरी कुनै विषय केवल एकै विषय नभई, विभिन्न चरणहरूमा फरक-फरक रूपमा आउन सक्ने भएकाले फरक-फरक तरिकामा विषय पहिचान र मूल्याङ्कन गर्नु पर्ने हुन सक्छ।

२. यथार्थ र पूर्ण जानकारी पत्ता लगाउन नसक्नु (**Failure to Obtain Accurate and Complete Information**): कुनै पनि निर्णय सन्तुलित र तथ्यमा आधारित हुनु पर्छ। आफूले प्राप्त गरेको सीमित वा अपूर्ण जानकारीलाई मात्रै आधार मानेर निर्णय वा काम गर्दा त्रुटि निम्तिन सक्छ। यसले गर्दा कहिलेकाहीँ थप जानकारी आफैं खोजेर ल्याउनु पर्ने हुन सक्छ।

३. प्रभावित पक्षसँग परामर्श नगर्ने (**Failure to Consult Affected Parties**): प्रशासनिक निर्णय वा कार्यबाट प्रत्यक्ष असर पर्ने व्यक्तिहरूसँग परामर्श नगर्नुले स्वाभाविक रूपमा अविश्वास र असन्तुष्टि उत्पन्न गराउँछ। परामर्श गर्नु न्यायिक दृष्टिकोणले मात्र नभई व्यावहारिक दृष्टिकोणले पनि आवश्यक हुन्छ।

४. उपलब्ध जानकारीलाई सही तरिकाले प्रयोग नगर्ने (**Failure to Properly Apply Information to Relevant Issues**): सम्बन्धित सूचना पाएपछि त्यसलाई सही तरिकाले मूल्याङ्कन र प्रयोग नगर्नु अर्को महत्त्वपूर्ण त्रुटि हो। खासगरी जब तथ्यहरूले बाझिएको सूचना दिन्छन्, प्रशासकले कुन पक्षलाई प्राथमिकता दिने भनेर निर्णय गर्नु पर्ने हुन्छ।

---

[११] Powles, Guy. "A Note on Common Administrative Errors." *IOI Canada Occasional Paper 4*, International Ombudsman Institute, retrieved from www.theioi.org/downloads/2ga1p/IOI%20Canada_Occasional%20Paper%204_Sir%20Guy%20Powles_A%20note%20on%20common%20administrative%20errors.pdf.

५. निर्णयको अस्पष्ट वा अपूरो जानकारी दिनु (**Failure to Inform Affected Parties Clearly and Accurately**): निर्णय र कार्य भए पश्चात् त्यसलाई प्रभावकारी रूपमा सम्बन्धित पक्षलाई सूचित गर्नु अत्यन्त आवश्यक हुन्छ। यदि निर्णय अस्पष्ट, भ्रमपूर्ण वा ढिलो गरेमा र पक्षले यसमा आवश्यक कार्य गर्न नसकेमा त्रुटि निम्तिन सक्छ।

६. उचित समयमा निर्णय वा कार्य नगर्ने (**Failure to Act in Appropriate Time**): समयमै कार्य नगर्नु वा निर्णय लिन ढिलो गर्नुबाट प्रशासनिक दक्षताको अभावका कारण त्रुटि हुन पुग्दछ।

७. पहिले गरिएको निर्णयलाई पुनर्विचार गर्न नमान्ने (**Failure to Revise Decisions or Actions Taken**): एक पटक भएको निर्णयलाई आवश्यकता अनुसार परिवर्तन नगर्दा र पुरानै निर्णयमा अडिग रहँदा थप त्रुटि निम्त्याउँछ। नयाँ तथ्य वा प्रमाणहरू आएसँगै निर्णयलाई समीक्षा गर्न सक्ने लचकता निर्णयकर्तामा हुनु अत्यन्त आवश्यक हुन्छ।

### ३.४ विभिन्न मुलुकमा कानुन निर्माणको क्रममा देखिएका त्रुटि र कारणहरू

कानुन निर्माण प्रक्रियामा त्रुटिहरू विभिन्न मुलुकहरूमा बेलाबखत हुने गरेको देखिएको छ। यसले कानुनको कार्यान्वयनमा जटिलता, असंगति र अन्याय निम्त्याउने गरेको छ। यस्ता त्रुटिको कारण पहिचान गर्न छानबिनहरू समेत हुने गरेका छन्। प्रतिवेदनको तयारीका क्रममा अमेरिका[१२], क्यानडा[१३], बेलायत[१४] र अष्ट्रेलियामा[१५] कानुन मस्यौदाका क्रममा देखिएका त्रुटिहरूको समग्र प्रवृत्ति, सरोकारवालाहरूको प्रतिवेदन समेतका आधारमा त्रुटिका कारण विश्लेषण गरी देहाय बमोजीम उल्लेख गरिएको छः-

(क) कानुन मस्यौदामा मूलतः त्रुटि हुने कारण

(१) मस्यौदाकारले मस्यौदामा अस्पष्ट भाषा प्रयोग गर्नु,

---

[१२] Based on the experience of the Virginia General Assembly in 2004, where lawmakers were compelled to reconvene in a special session to correct a significant drafting error in a tax bill that unintentionally repealed key exemptions and imposed unintended tax increases.

[१३] Based on Canada's Financial Administration Act issues and House of Commons Debates, 37th Parliament, 1st Session, vol. 137, no. 061 (14 May 2001)

[१४] Based on issues of UK's The Public Authorities (Fraud, Error and Recovery) Bill (2025)

[१५] Based on issues of Australia's Native Title Amendment Act 1998 (Cth) and its discussion in the Sixteenth Report (2000)

(२) मस्यौदाकारले सरकार वा सांसदहरूको दबाबमा छोटो समयमा कानुन तयार गर्नु,

(३) मस्यौदा प्रक्रियामा विशेषज्ञ, समुदाय वा प्रभावित समूह जस्ता सम्बन्धित पक्षहरूसँग पर्याप्त परामर्श नगर्नु,

(४) अस्पष्ट प्रावधानहरू पछि नियमावली वा अदालतले स्पष्ट गर्ने भनी पूर्वानुमान गरी त्यसउपर पर्याप्त छलफल नगर्नु।

**(ख) कानुन मस्यौदामा संलग्न कर्मचारीले गर्ने त्रुटिका कारण**

(१) अस्पष्ट भाषाको प्रयोग,

(२) कानुनलाई आवश्यकता अनुसार अद्यावधिक नगरिनु,

(३) प्रावधानहरूको प्रभावलाई ध्यान नदिनु।

उपर्युक्त त्रुटिहरू प्रायः समयको दबाब, अपर्याप्त प्रशिक्षण वा नीतिगत निर्देशनहरूको गलत बुझाइबाट हुने गरेको देखिन्छ।

**(ग) कानुन मस्यौदामा संलग्न सांसदहरूले गर्ने त्रुटिका कारण**

(१) सांसदहरूको मस्यौदा प्रक्रियामा सीमित सहभागिता रहने,

(२) कर्मचारीहरूले तयार गरेका मस्यौदामा अधिक निर्भर हुने,

(३) विधेयकको प्रावधानहरूको प्राविधिक पक्षमा ध्यान नदिने,

(४) कतिपय अवस्थामा दबाब समेतका कारणले विधेयकलाई छिटो पारित गर्न पुग्ने।

## ३.५ दुरासयपूर्ण कार्य (Mens Rea)

फौजदारी विधीशास्त्रमा अपराध हुन अभियुक्तको आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) दोषयुक्त हुनु पर्ने हुन्छ। अर्थात् कुनै पनि कसुरका लागि अभियुक्तले मनसायप्रेरित भई वारदात घटाउने योजना, षडयन्त्र, तयारीका चरणहरू पार गरी आपराधिक कार्यको चरणमा पुगेको हुनु पर्छ।[१६] कुनै कार्य गर्नु (Commission) वा नगर्नु (Omission) वा परिपञ्च मिलाउनु (State of Affairs) ले अपराध निम्त्याउने गर्छ। त्यस्तो कार्य गर्नुको मनसाय अनुसार आपराधिक दायित्व निर्धारण गरिन्छ। मनसाययुक्त, लापरबाही र हेलचेक्र्याइँ गरी आपराधिक मनसायलाई वर्गीकरण गर्ने

[१६] नरेन्द्रसिंह धामी विरूद्ध नेपाल सरकार, ने.का.प. २०७१, अंक ५, निर्णय नं. ९१७०।

गरिन्छ। तर, निरपेक्ष दायित्व (Strict liability) अन्तर्गतका अपराध स्थापित गर्न अपराधिक मनसाय परीक्षण गरिँदैन।

### ३.५.१ कसुरको उद्योग

अपराध गर्न चाहने व्यक्तिले मनसाय अनुसारको तयारी पूरा गरी मनसायलाई कार्यरूप दिन सारवान रूपमा (Substantially) कुनै आपराधिक कार्य गरेको तर कुनै कारणले निजको कार्यबाट निजले अपेक्षा गरेको परिणाम प्राप्त नभएको अवस्थालाई उद्योगको रूपमा लिन सकिन्छ। यस्तो अपूर्ण कार्यलाई छुट्टै अपराधको रूपमा परिभाषित गरी कानुनले दण्डनीय बनाएको अवस्थामा सो कार्य गर्ने व्यक्तिले कानुनमा उल्लिखित आपराधिक दायित्व वहन गर्नु पर्छ।[१७]

### ३.५.२ मनसाययुक्त र जानाजान गरेको कार्य (Intentional and knowledgeful act)

मनसाययुक्त कार्य भनेको आपराधिक कार्यपूर्व नै निश्चित परिणामको पूर्वज्ञान राखेको र उक्त परिणाम निकाल्न सचेतनापूर्वक र स्वेच्छाले गरेको कार्यलाई फौजदारी विधिशास्त्रमा लिने गरिन्छ। यसैगरी, आफ्नो कार्यबाट निषेधित अपराधको परिणाम आउँछ भन्ने जानकारी हुँदाहुँदै कर्ताले त्यस्तो आपराधिक कार्य गर्दछ भने त्यस्तो कार्यलाई जानाजान गरेको कसुरको रूपमा लिने गरिन्छ।

### ३.५.३ लापरबाही (Recklessness)

लापरबाही भन्नाले व्यक्तिको यस्तो मानसिक अवस्था हो, जसले आफ्नो आचरणको सम्भावित परिणामको पूर्वज्ञान राख्दछ, तर परिणामको मनसाय वा इच्छाबिना नै उक्त कार्य गर्दछ। यसमा कर्तालाई परिणामको पूर्वज्ञान त हुन्छ, तर त्यस्तै परिणाम निस्कन्छ नै भन्ने निश्चित हुँदैन र कर्तामा त्यस्तो परिणामको चाहना नहुने मात्रै होइन, उसले सो परिणाम नआओस् भनी प्रयास समेत गरेको हुनु पर्दछ। परिणामको चाहना नराखे पनि कर्ताले जोखिम उठाई सो कार्य गर्दछ र उसको चाहना विपरीत निषेधित परिणाम निस्केको हुनु पर्दछ। यो मानसिक अवस्थामा अपराधकर्ताको चाहना विपरीत भएको हुन्छ तर यसको दोष अनुचित जोखिम लिनु हो।[१८]

### ३.५.४ हेलचेक्र्याइँ (Negligence)

---

[१७] नेपाल सरकार विरूद्ध अशोक सितिखु समेत, ने.का.प. २०६९, अङ्क १, निर्णय नं. ८७६१।

[१८] प्रेम पौडेल विरुद्ध नेपाल सरकार, ने.का.प. २०८०, अंक: १२, निर्णय नं. ११२१७

हेलचेक्र्याईं एउटा यस्तो मानसिक अवस्था हो, जसमा कर्तामा परिणामको पूर्वज्ञान पनि हुँदैन र त्यस्तो परिणामको इच्छा पनि हुँदैन। तर उसको कार्य निजबाट अपेक्षा गरिने स्तरभन्दा निम्न कोटिको हुने गर्दछ। परिणामको पूर्वज्ञान नहुने भएकोले जोखिमको प्रश्न यसमा विचारणीय हुँदैन। यो पूर्वसावधानी वा होसियारी नअपनाएको अवस्थासम्म हो, जुन सामान्य विवेकशील मानिसबाट त्यस्तो परिणामको अपेक्षा गरिएको हुँदैन।[१९]

### ३.५.५ दोषरहित असावधानी (Blameless Inadvertence)

कुनै व्यक्तिले खराब नियतरहित अनजानमा आवश्यक जोखिमको जानकारी बिना हानि पुऱ्याएमा दोषी मान्नु हुँदैन। यो अवधारणा विशेष गरी दुष्कृति कानुनमा लापरबाहीको कारणले भएको हानिको नैतिक जिम्मेवारी सम्बन्धमा प्रयोग हुन्छ। जोखिमको सोचबिना अनजानमा गल्ती गर्दा दोषी मान्न नहुने यस अवधारणाको सैद्धान्तिक मान्यता रहेको छ। यस अवधारणाले व्यक्तिको नियत र सचेतनालाई महत्त्वपूर्ण आधार लिई अनजानमा भएको कार्यले मात्रै दोष लगाउन पर्याप्त नहुने उल्लेख गर्दछ।[२०] जोखिम नदेखी भएको दोषरहित असावधानीबाट कुनै पनि नैतिक, फौजदारी वा दुष्कृति दायित्व उत्पन्न हुँदैन[२१] भन्ने यस सिद्धान्तले मान्यता राखेको पाइन्छ।

### ४.६ त्रुटि सम्बन्धी मनसाय र प्रमाणको मापदण्ड

दायित्वको गाम्भीर्यता निर्धारण गर्नका लागि त्यस्तो त्रुटि हुने मनसाय प्रमाणहरूका आधारमा विश्लेषण गरिनु आवश्यक हुन्छ। विधेयकको प्रारम्भिक मस्यौदा, छलफलका क्रममा प्रस्तुत गरिएका टिप्पणीहरू, संसदीय छलफलको अभिलेख, समितिका प्रतिवेदनहरू, सम्बन्धित अधिकारी वा कर्मचारीका अभिव्यक्तिहरू र कानुन निर्माण प्रक्रियामा संलग्न व्यक्तिहरूको ईमेल वा सञ्चार माध्यम प्रयोगको विवरण समेतलाई प्रमाणको रूपमा लिइ दायित्व निर्धारण गर्न सकिन्छ। प्रमाणहरूको आधारमा कार्य उद्योग, मनसाययुक्त, लापरबाही र हेलचेक्र्याइँ के हो भनी विश्लेषण गर्नु पर्ने हुन्छ। यसमा विशेषगरी कार्य गर्नु (Commission) वा नगर्नु (Omission) वा परिपञ्च मिलाउनु (State of Affairs) के कसो हो भनी विश्लेषण गर्नु पर्ने हुन्छ। यस्ता कार्य स्पष्ट र विश्वस्त दुईवटा मापदण्ड अनुसारको

[१९] प्रेम पौडेल विरुद्ध नेपाल सरकार, ने.का.प. २०८०, अंक: १२, निर्णय नं. ११२१७

[२०] Kendrick, Leslie. "Culpability and Negligence." *Oxford Studies in Private Law Theory: Volume I*, edited by Paul B. Miller and John Oberdiek, Oxford University Press, 2020, pp. 51–53

[२१] Turner, J.W. Cecil. *Kenny's Outlines of Criminal Law*. 19th ed., Cambridge University Press, 1966, p. 38.

प्रमाणबाट प्रमाणित गर्नु पर्छ। पहिलो, "स्पष्ट" भनेको मनसाय स्पष्ट रूपमा प्रमाणित हुनु पर्छ। दोस्रो, मापदण्ड 'विश्वस्त' भन्नाले प्रमाणयोग्य हुनु पर्छ। स्पष्ट र विश्वस्त हुन आवश्यक पर्ने प्रमाण घटनाहरूको प्रत्यक्ष प्रमाण हुन सक्छ वा अन्य अप्रत्यक्ष प्रमाणबाट उचित रूपमा निष्कर्ष निकाल्न सकिन्छ।[२२]

अतः त्रुटिगत व्यवस्था सम्बन्धी उपर्युक्त सैद्धान्तिक पृष्ठभूमिको आधारमा प्रतिनिधि सभाले संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित यस संसदीय छानबिन विशेष समितिलाई तोकिएको कार्यदिश बमोजिमको कार्यको सन्दर्भमा निष्कर्षमा पुग्न यस प्रतिवेदनका पछिका परिच्छेदमा यसै सिद्धान्तका आधारमा तथ्यगत विश्लेषण सहित निष्कर्षमा पुग्ने प्रयत्न भएको छ।

[२२] *Handbook on UN Administrative Law*. United Nations, 2021, p. 116.

## परिच्छेद-४

## छानबिनका क्रममा सम्बन्धित व्यक्तिहरूबाट प्राप्त विवरण

यस छानबिन समितिसमक्ष विभिन्न मितिमा माननीय सदस्यहरूको भनाई र सम्बद्ध व्यक्तिहरूबाट सोधपुछका क्रममा व्यक्त संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः-

<u>श्री सुरज कुमार दुरा, सचिव, राज्य व्यवस्था तथा सुशासन समिति</u>ः २०८२ जेठ २ गते समितिले सामान्य प्रशासन मन्त्रालय, कानुन मन्त्रालय, माननीय संयोजक दिलेन्द्र बडू, समितिका माननीय सदस्य रघुजी पन्त लगायत केही माननीय सदस्यहरूको सल्लाह र सहयोगमा समितिको अन्तिम मस्यौदा भनिएको प्रतिवेदन वितरण गरिएको थियो। त्यो मस्यौदा प्रतिबेदन सामान्य प्रशासन मन्त्रालय र कानुन मन्त्रालयका सहसचिव र मिडियालाई पनि वितरण गरिएको थियो। मस्यौदाको प्रारम्भदेखि नै सामान्य प्रशासन मन्त्रालयको तर्फबाट मिरा आचार्य र कानुन मन्त्रालयको तर्फबाट सुभाष कुमार भट्टराई हुनुहुन्थ्यो। समितिका माननीय सदस्यहरूले समिति सचिवालयलाई भन्दा पनि कानुन मन्त्रालयलाई बढी विश्वास गर्नु हुन्थ्यो। यस कुरामा माननीय रघुजी पन्त लगायत सभापतिज्यूले पनि कानुन मन्त्रालयलाई नै ड्राफ्ट हेर्न दिन भन्नु हुन्थ्यो। मन्त्रालयले दुवै दफालाई ठिक हो भनेर भनिराखेको अवस्था हो। अन्तिम मस्यौदा प्रतिवेदन सम्बन्धित सबैलाई वितरण गरिएकै हो। सचिवहरूले कुलिङ अफ पिरियड राख्नु हुन्न भनेर चासो राखिराख्नु हुन्थ्यो। मिति २०८२ जेठ २ मा नेपाल सरकारको तर्फबाट माननीय गृहमन्त्री रमेश लेखकले कुलिङ अफ पिरियडको समयावधि दुई वर्ष राख्ने प्रस्ताव सरकारको तर्फबाट स्वीकार भएपछि समितिका सबै सदस्यहरूले सर्वसम्मतिले स्वीकार गरेको सो दिनको बैठकमा मस्यौदा प्रतिवेदन कानुन मन्त्रालयबाट संशोधन सहित प्राप्त भएको हो। २०८२ जेठ ६ गते समिति सचिवको कार्यकक्षमा माननीय सभापति, सामान्य प्रशासन मन्त्री, समितिका केही माननीय सदस्यहरू र सामान्य प्रशासन र कानुन मन्त्रालयका सहसचिवहरू समेत अनौपचारिक बैठक बसी प्रतिवेदनमा हस्ताक्षर हुने भनिएकोमा हस्ताक्षर हुन नसकेको, २०८२ जेठ १३ गते सभापतिले प्रतिवेदनमा हस्ताक्षर गरेपछि सचिवको हैसियतले मैले पनि हस्ताक्षर गरेको हुँ। उपसमिति र समितिको छलफलबाट आएका विषयहरूलाई मस्यौदा मिलाउने काम सामान्य प्रशासन मन्त्रालय र कानुन मन्त्रालयको हो र कानुन मन्त्रालयबाट मस्यौदा आएपछि त्यसैमा हस्ताक्षर गर्ने प्रचलन रहेको छ। मैले कानून मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयलाई बढी विश्वास गर्न पुगेछु। महासचिवलाई मैले प्रतिवेदनको फोटोकपी उपलब्ध

गराएको छु। उहाँले मुख्य सचिवलाई जानकारी गराउनु भएको हुनु पर्छ। जेठ २ गते समितिबाट प्रतिवेदन पारित भएपछि उक्त प्रतिवेदन वितरण गरिएको छ। कुलिङ पिरियडका सम्बन्धमा मैले महासचिव र मुख्य सचिवको कुरा भएको आभास पाएको छु। त्यसमा मलाई महासचिवले भोलिपल्ट ११ बजे सभामुखलाई भेट्ने कार्यक्रम छ, आउनुहोला भन्नु भएको थियो। प्रतिवेदन सही भइसकेकोले म त्यहाँ जाउँ कि नजाउँ भनेर माननीय सभापतिलाई सोध्दा जानु भनेपछि गएको हो। मुख्य सचिव, कानून सचिव र सामान्य प्रशासनका सचिवले कुलिङ पिरियड हटाउनको लागि यहीं बैठकमै भन्नु भएको छ, त्यसको यहाँ रेकर्ड नै छ। कुलिङ पिरियडको बारेमा उपसमितिले मानेको अवस्था छ, विधेयकमा राजपत्राङ्कित प्रथम र विशिष्टलाई भएकोमा हाल सबै दर्जालाई भनेपछि म सशङ्कित भएको छु भन्ने समेत बेहोराको मिति २०८२ असार २९, २०८२ साउन ६ र २०८२ साउन ७ मा यस छानबिन समिति समक्ष उपस्थित भई व्यक्त गर्नु भएको भनाई।

<u>श्री बाबुराम बस्याल, उपसचिव, राज्य व्यवस्था तथा सुशासन समिति</u>: समितिको सचिवालयमा मेरो भूमिका बैठक व्यवस्थापन गर्ने कार्यमा सीमित थियो। समितिमा हुने छलफलका धेरै विषयमा म जानकार छैन। समितिको छलफलपछि माननीयज्यूहरूले मस्यौदा मिलाउन कानुन मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको सहसचिवलाई भन्ने गर्नु हुन्थ्यो। २०८२ जेठ ६ गते समिति सचिवको कार्यकक्षमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राज कुमार गुप्ता, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय रघुजी पन्त, समितिका सभापति माननीय रामहरि खतिवडा, उपसमितिमा संयोजक रहनु भएका माननीय दिलेन्द्र प्रसाद बडू, माननीय लीलानाथ श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्य, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाष कुमार भट्टराई र समितिका सचिव सुरज कुमार दुरा समेत हुनु हुन्थ्यो भन्ने बेहोराको मिति २०८२ असार २९ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>शाखा अधिकृत श्री बिकाश श्रेष्ठ, शाखा अधिकृत, राज्य व्यवस्था तथा सुशासन समिति</u>: समितिमा मेरो भूमिका समितिका सचिवले तोके बमोजिमका कार्य गर्ने हो। समितिमा भएका छलफलहरूको टिपोट गर्ने र कानुन मन्त्रालयबाट मस्यौदा आएपछि समिति सचिवको निर्देशन बमोजिम फोटोकपी गरेर समितिमा बितरण गर्ने काम गर्थे। मिति २०८१ चैत १० गते उपसमितिमा भएको छलफलको मस्यौदा कानुन मन्त्रालयका सहसचिव सुभाष कुमार भट्टराईलाई समितिको निर्देशन अनुसार इमेल मार्फत पठाएको र २०८१ चैत १४ गते

कानुन मन्त्रालयका सहसचिव सुभाष कुमार भट्टराईबाट परिमार्जन भई आएको मस्यौदा प्रतिवेदन उपसमितिमा वितरण भएको हो। २०८२ जेठ ६ गते समिति सचिवको कार्यकक्षमा माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राज कुमार गुप्ता, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त, समितिका माननीय सभापति रामहरि खतिवडा, उपसमितिमा संयोजक रहनु भएका माननीय दिलेन्द्र प्रसाद बडू, माननीय लीलानाथ श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्य, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाष कुमार भट्टराई र समितिका सचिव सुरज कुमार दुरा समेत हुनु हुन्थ्यो। सोही छलफल पश्चात् तयार भएको मस्यौदा मिति २०८२ जेठ ६ गते समितिका सचिवको निर्देशन अनुसार सामान्य प्रशासन मन्त्रालयका सहसचिव मिरा आचार्य र कानुन मन्त्रालयका सहसचिव सुभाष कुमार भट्टराईलाई समितिको मस्यौदा प्रतिवेदन ईमेल मार्फत पठाएको हो भन्ने समेत बेहोराको मिति २०८२ असार २९ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>श्री सुभाष कुमार भट्टराई, सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय</u>ः म यस निजामती विधेयकको मस्यौदा सम्बन्धमा पहिलेदेखि नै जोडिएर काम गरेको हुँ। केही समय समितिमा केही दफामा दफावार छलफल भयो र पछि उपसमिति बनाएर छलफल भएको हो। यसको दफा ८२ मा छलफल हुँदा निजामती कर्मचारीको प्रथम र विशिष्ट श्रेणीलाई अवकाशपछि अन्य निकाय र संवैधानिक निकायमा केही समय रोक्नु पर्छ भनेर छलफल भएको हो। यस सम्बन्धमा तत्काल नटुङ्ग्याउने पछि टुङ्ग्याउने भनेर त्यसलाई थाती राखी अन्य दफामा क्रमशः छलफल भएको हो। संवैधानिक निकायमा एक वर्ष र अन्य निकायमा दुई वर्ष सम्म रोक्ने भन्ने विषयमा समेत छलफल भएको हो। संवैधानिक निकायको नियुक्ति रोक्ने वा कुलिङ पिरियड राख्ने कि नराख्ने, एक वर्ष राख्ने कि दुई वर्ष राख्ने भनेर उपसमितिमा लामो छलफल भएको हो, तर निर्णय भएको होइन। विधेयकको प्रतिवेदनमा तत्काल कुलिङ पिरियडको बारेमा छलफल नभएको हो र त्यसलाई तत्काल त्यत्तिकै राख्ने भनिएको हो। वैशाख २८ गतेको बैठकमा प्रतिवेदनमा छलफल भएको र जेठ २ गते पारित गर्ने निर्णय भएको थियो। तत्कालीन कानूनका सचिव उदयराज सापकोटा समेत हुनु हुन्थ्यो। कानून मन्त्रालयले मस्यौदा लेखनमा सहयोग गरेको हो। प्रतिवेदन लेखनमा समन्वय नभएको हो। जेठ २ गते पास भएपछि जेठ ५ गते सामान्य प्रशासन मन्त्रालयमा बोलाइएको थियो। त्यसमा समान्य प्रशासन मन्त्री, माननीय दिलेन्द्र प्रसाद बडू, सचिव लगायत हुनु हुन्थ्यो। त्यहाँ प्रदेशमा समायोजन भएका डीएफओको बारेमा छलफल भएको थियो। जेठ ६

गते छलफल गर्ने भनेपछि राज्य व्यवस्थामा केही विषयमा छलफल भएको हो। खुल्ला उपसचिव नियुक्तिमा पाँच वर्ष राख्ने, उमेरको विषयमा अर्को वर्ष ५९ र त्यस पछि ६० गर्ने विषयमा छलफल भएको थियो र त्यस सम्बन्धमा ईमेल समेत प्राप्त भएको थियो र त्यसमा पछि छलफल हुन्छ भन्ने थियो, तर पछि त्यत्तिकै छलफल नभई बुझाइएको अवस्था हो। प्रतिवेदन लेखनको उपसमितिमा भएको छलफलमा प्रारम्भिक मस्यौदाको भाषा हेर्ने काम गरेको हो। सरकारले विधेयक तयार पार्ने सन्दर्भमा कानून मन्त्रालयको तर्फबाट मेरो उपसचिवको रूपमा भूमिका थियो। सरकारले पेस गरेको विधेयकमा कुलिङ पिरियडको सन्दर्भमा सरकारी राजपत्राङ्कित प्रथम र विशिष्ट श्रेणीलाई कुलिङ पिरियड राख्ने सन्दर्भमा सरकारले नियुक्त गर्ने पद बाहेकमा अन्य पदमा दुई वर्ष नियुक्ति रोक्ने व्यवस्था हो। यो बाहिर मात्रै नभएर सरकारमा समेत रोक्ने भन्ने हो। नयाँ उपदफा सबै दर्जालाई रोक्ने गरी आएको हो। साविकको उपदफाले असर गर्छ वा गर्दैन भनेर छलफल गर्दा एक वा दुई वर्ष लाग्ने सम्बन्धमा टुङ्गिएपछि पछि छलफल गर्नु पर्ने हुन्थ्यो, त्यसमा ग्याप भएको अवस्था हो। यसमा हाम्रो कमजोरी भनेको दफावार छलफल हुन्छ भन्ने अपेक्षा थियो तर नभएको अवस्था हो। सबै दफालाई उत्तिकै महत्त्व दिएको हो र यसको दफा ८२ को सम्बन्धमा पछि छलफल गरेर निक्यौंलमा पुग्ने भन्ने सहमति भएको हो। समितिबाट प्रतिवेदन वाचन गरेर पारित भएपछि पछि पुनः छलफल हुन्छ भन्ने लागेको तर छलफल भएन। यसमा पछि मिहिन ढङ्गले छलफल भएको भए हाम्रो नजर पर्ने थियो। निजामती सेवा र अन्य निकायमा पनि राख्ने सम्बन्धमा समितिमा नै छलफल भएर राखिएको हो। वैशाख २८ गते पछि २ गते दुई वटा बुँदा पढ्ने सम्बन्धमा यस बैठकमा हाम्रो कानून मन्त्रालयको सचिव पनि सहभागी हुनु हुन्थ्यो। जेठ ५ र ६ गते भएको छलफलमा सिमित विषयमा छलफल भएको हो। त्यसमा उमेरको सम्बन्धमा ५८, ५९ र ६० राख्ने विषयमा छलफल भएको हो। यो विधेयक आएको पैंतिस दिनमा लागु हुने र अवकाश हुने उमेरको सन्दर्भमा ऐन तत्काल लागु हुने भन्ने पनि थियो। पहिलो आर्थिक वर्षमा ५८ वर्ष, अर्कोमा ५९ र पछि ६० वर्ष लागु हुने गरी मिलाउने गरी छलफल भएको हो। जेठ ६ गते प्राप्त भएको जीमेल र संसदमा पेस भएको प्रतिवेदनमा के फरक छ भनिएकोमा सुरुमा ३५ दिनमा यो ऐन लागु हुन्छ भनिएकोमा तुरुन्त लागु हुनेछ भनिएको छ। त्यसैगरी उपसचिवमा खुल्ला प्रतियोगितामा भाग लिनको लागि न्यूनतम सात वर्ष सेवा अवधि तोकिएकोमा त्यसलाई पाँच वर्ष बनाएको छ। अवकाशको उमेर यो आर्थिक वर्षमा अवकाश हुनेको हकमा उनान्साठी वर्ष भएकोमा अहिलेको फरक भएको अवस्था छ। दफा ८२ को उपदफा (४) सरकारी तथा संवैधानिक

नियुक्तिमा रोक्नको लागि आएको अवस्था हो, भने हालको (५) अहिले पनि सहसचिव र सचिवलाई सरकार बाहिरको नियुक्ति रोक्नको लागि आएको अवस्था हो, यसमा मलाई कसैले दबाब दिएको छैन, यसमा भएको व्यवस्थालाई मसिनो गरी हेर्न सकेको भए यसमा सबैको नजर पर्न सक्थ्यो भन्ने लाग्छ। यस समितिमा म र कहिलेकाहीँ सचिवज्यूको पनि उपस्थिति हुन्थ्यो। यसमा समितिका सदस्यहरूबाट सोधनी भएको धारणामा सचिव समावेश हुनु भएकोमा सचिवज्यूले आफ्नो धारणा राखु हुन्थ्यो भने सचिव नभएको समयमा कानूनको तर्फबाट मैले धारणा दिन्थे। सामान्यबाट सहसचिव मिरा आचार्य र सचिव रविलाल पन्थको समेत उपस्थिति हुन्थ्यो। प्रारम्भिक मस्यौदा समितिबाटै बनेको हो र समितिले तयार पारेको प्रतिवेदनमा म समेतले भाषिक सुधार गरेको हो। मलाई लाग्छ यसमा समितिबाटै निर्णय भई टिपोट भएको जस्तो लाग्छ। समितिमा निर्णय भई हामीमध्ये कसले टाइप गऱ्यो मलाइ याद भएन। उपसमितिको उपदफा (४) मा भएको व्यवस्था थियो, यो सबैलाई बाँडिएको समेत थियो। उपसमितिको प्रतिवेदनमा एक वर्ष भन्ने व्यवस्था थियो। उपसमितिको प्रतिवेदन सबैको हातहातमा भएकोले त्यसमा सबैको बुझाई त्यही हो जस्तो लाग्छ। जेठ ६ गते केही सुधार गर्न छ भनेर बोलाइएको हो। केही विषयमा छलफल गर्नु छ भनेर बोलाइएको हो। म, सामान्य प्रशासन मन्त्रालयको सहसचिव, माननीय शिक्षा मन्त्री, माननीय दिलेन्द्र बडू, माननीय लिलानाथ श्रेष्ठ र समिति सचिव समेत हुनु हुन्थ्यो। यस विधेयकमा जम्मा १४७ दफा छन् यसमा देखेसम्म सुझाव दिएका छौं। यसमा अन्तिम सम्म टुङ्गोमा नपुगेकाले त्यसमा ध्यान नपुगेको हो। यसमा पछि पनि केही अनौपचारिक छलफल भएकाले त्यसमा पछि छलफल होला भनेर पहिले हेर्न नसकिएको हो भन्ने समेत बेहोराको मिति २०८२ असार ३० गते यस छानबिन समिति समक्ष उपस्थित भई व्यक्त गर्नु भएको भनाई।

<u>श्री मिरा आचार्य, सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः</u> प्रस्तुत विधेयकको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालयबाट मन्त्री र सचिवज्यूबाट समिति र उपसमितिमा उपस्थित हुनको लागि निर्देशन भए बमोजिम कतिपय बैठकमा मन्त्रिज्यू र सचिवज्यूसँगै म पनि उपस्थित भएको हो। यसमा मेरो भूमिका प्रतिवेदन लेखनमा नभई विधेयकको दफाको व्यवस्था सम्बन्धमा डिफेन्सका लागि मन्त्री र सचिवलाई आवश्यक सहयोग गर्ने मात्र हो। यसर्थ समितिमा म धारणा कम नै दिन्थे। यसमा थप भएको उपदफा (४) र पछिको (५) मा भएको व्यवस्थामा तादात्म्यता नभएको सम्बन्धमा म कानूनको विज्ञ नभएकोले व्याख्या गर्न सक्दिन। विधेयक निर्माणको क्रममा हाम्रो डिफेन्सिभ रोल हो। उपदफा (४) र (५) को सम्बन्धमा व्याख्या हुनुपर्थ्यो भन्ने लाग्छ। यो उपदफाको व्यवस्था

जुनसुकै निजामती वा अन्य सरकारी कर्मचारीले अवकाश पछि २ वर्षसम्म नियुक्ति पाउने छैन भन्ने हो। यसमा कार्यालय सहयोगीदेखि मुख्य सचिवसम्म रिटायर्ड भएपछि कुनै पनि पदमा २ वर्षसम्म नियुक्ति दिन सक्दैन भन्ने आशय हो जस्तो लाग्छ। यस विधेयकको प्रतिवेदन लेखनको क्रममा म छैन, उपसमितिको प्रतिवेदन र समितिको प्रतिवेदन लेखनमा म नभएकोले मलाइ जानकारी भएन। यसमा औंला राखेर पढ्न सकेको भए गल्ती पत्ता लगाउन सकिन्थ्यो। हामी छलफलमा बसेपछि प्रतिवेदन समितिले तयार गर्यो होला भन्ने लाग्यो। यसमा टुङ्गो लागेको विषयमा समितिले तयार पार्यो होला भन्ने लाग्छ। हामी सबै बसेर अन्तिममा हेर्न नपाएको र मिटिङ हुन नसकेकोले त्रुटी भएको जस्तो लाग्छ। उमेरहद कार्यान्वयन सम्बन्धमा अगाडी नै टुङ्गिएपनि त्यसमा भाषा, संगती मिलाउने क्रम भईरहेको थियो। यसमा उमेरको सम्बन्धमा भाषा मिलाइदिनु भनेर भनेको हो, त्यसमा ५९ र ६० भन्दा पनि त्यसमा ब्रेक लाग्ने भाषा बनाइदिनु भनि राय व्यक्त गरेको हो। कुलिङ पिरियडको बारेमा दफावार छलफल भएको मेरो जानकारीमा छैन। प्रतिवेदन आईसकेपछि समितिले सहयोग मागेको खण्डमा सहयोग गर्ने हो, सहयोग नै नमागेको खण्डमा हामीले केही गर्ने होइन। २०८२ जेठ २ मा सामान्य परिमार्जन सहित प्रतिवेदन टुङ्गिएको थियो। जेठ ५ गते ५ बजे तिर हाम्रो मन्त्रालयको मन्त्रीज्यूको कार्यकक्षमा सुभाष सरलाई समेत बोलाई छलफलमा आउनु भन्ने निर्देशन थियो। सो दिन DFO लाई संघमा राख्ने सम्बन्धमा छलफल भएको हो। मैले DFO लाई समायोजन भई सकेकाले ल्याउन सकिदैन भनेको हो। त्यहाँ DFO को बारेमा मात्र छलफल भएको हो भने ६ गते समितिको सचिवज्यूको कार्यकक्षमा ७ वर्षमा उपसचिव खुल्ला दिने सम्बन्धमा ५ वा ६ गर्न सकिन्छ कि सकिदैन? भनेर सोधनी भएकोमा मैले धारणा राखेको हो। यसमा यो कारणले ७ वर्ष राख्दा ठिक हुन्छ भनी धारणा राखेको थिए। त्यस्तै बढुवा, Experience को लागि ७ वर्ष राखेको भनेको थिए। यसमा एउटा व्यक्ति २५ देखि ३२ वर्षमा सेवा प्रवेश गर्दा कहिले सम्म सचिव हुन सक्छ भनेर धारणा राखेको हो। त्यसमा ७ गर्ने नै छलफल भएको थियो। यसमा डिफेन्स गर्नुपर्छ र यस सम्बन्धमा हाम्रो कुरा भएको समेत अडियोमा सुन्न सकिन्छ। "कुलिङ्ग अफ पिरियड" सम्बन्धमा उपसमितिमा म पछि छलफल गर्ने भनिएको हो। यसमा पछि के-के राख्ने, के बढाउने, के घटाउने भनेर छलफल हुनुपर्थो। जेठ २ गते दफा ८२ अन्तर्गत कुलिङ्ग अफ पिरियड दुई वर्ष रहने सैद्धान्तिक सहमति भएको तर यसमा गहन ढंगले छलफल नभई परिमार्जन सहित पास भएको अवस्था हो। उक्त बैठकमा म समेत सहभागि थिए। सरकारले दफा ८२ को (५) किन राखियो भने यसमा स्वार्थ बाझिने विषयको नियुक्ति सम्बन्धी विषय

थियो। जुन विषयमा तत्काल टुङ्गिदैन त्यसलाई पछि छलफल गर्ने भनेर बाँकी राखिएको जस्तो लाग्छ तर पछि सो मा दफावार छलफल भएको थाहा भएन। छलफलको लागि त बोलाउनु पर्थ्यो नि त? कुलिङ अफ पिरियड २ बर्षे राख्ने सम्बन्धी सैद्धान्तिक सहमति जुन जेठ २ मा भयो त्यसबेला म पनि त्यहीँ थिए। तर पछि राखेको सम्बन्धमा मलाई थाहा भएन। म वा मेरो मन्त्रालय नभएको बेलामा छलफल भएको हुन सक्छ। मेरो हकमा कुलिङ पिरियड सम्बन्धी व्यवस्था १५,१६ वर्ष पछाडी मात्रै आकर्षित हुन्छ होला जस्तो लाग्छ। विधेयकको संशोधन प्रस्ताव सम्बन्धमा हामीले शुरुमै मन्त्रालयको तर्फबाट करिव ९२६ पृष्ठको एउटा प्रतिवेदन तयार पारेका छौं। उक्त प्रतिवेदनको बारेमा मन्त्री र सचिवसँग छलफल हुने गर्थो। जेठ २ गते सबै विषयका सम्बन्धमा सभापतिले सबैसँग बसेर टुङ्गाउने भनेर हामीलाई बोलाउनुपर्थ्यो नि, हामीलाई छलफलको लागि बोलाएको जानकारी छैन। जेठ ६ गतेको बैठकमा करिब १ घण्टा छलफल हुँदा त्यसमा उपसचिव खुलाको लागि पाँच वा छ वर्ष राख्ने विषयमा छलफल भएको थियो। बाँकी पछि हुन्छ भनिएकोमा हामीलाई बोलाइएको छैन। समितिका सदस्यले प्रतिवेदन हेर्न नपाएको भन्ने सम्बन्धमा अन्तिममा मैले समेत हेर्न पाएको छैन। हामी Expert होइन सहयोगी हो। हामी कर्मचारी, मन्त्री र सचिवज्यूलाई सहयोग गर्न आउने हो। यो कसको पार्ट हो भने प्रतिनिधि सभा नियमावली हेर्‍यो भने यो संसदीय समितिको हो। संसदीय समितिले सहयोगको लागि अन्य निकायलाई सहयोग माग गर्न सक्नेछ र त्यस्तो माग भएमा सहयोग उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था छ जस्तो लाग्छ। समितिमा हाम्रो रोल भनेको माननीय मन्त्री वा सचिवले दफावार छलफलमा माननीयहरुले मागेको सूचना उपलब्ध गराइदिने हो र सभापतिज्यूले यसमा तपाईहरुको धारणा के हो? भनेर सोधेमा त्यसको बारेमा स्पष्ट पार्ने हो। हामी छलफलको क्रममा उपस्थित भएको हो भन्ने समेत बेहोराको मिति २०८२ असार ३१ र साउन ७ मा यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>श्री उदय राज सापकोटा, तत्कालीन सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः</u> सरकारी सेवाबाट रिटायर भइसकेका व्यक्तिहरू तुरुन्तै अन्य संस्थामा नियुक्त गर्न रोक्नु पर्दछ भन्ने भइरहेको अवस्था हो। मैले संवैधानिक परिषद् सम्बन्धी विधेयकमा यस्ता विषयहरू समेटिनु पर्ने सुझाव दिएको थिएँ। आपत्कालीन अवस्थामा पूर्वअधिकारीहरूको विज्ञता प्रयोग गर्न सकिने लचिलो नीति बनाउनु पर्ने देखिएको छ। प्रतिवेदन तयार गर्दा गम्भीर छलफलको अभाव र अन्तिम प्रतिवेदनमा तयारीको बेला इन्टर्नल छलफलमा बोलाएको मलाई थाहा छैन। अलिकति त्यो छलफलमा कमी भएको जस्तो लाग्छ। मलाई कसैको इन्टेन्सनले भनेर

त्यसरी राखेको हो जस्तो लाग्दैन। उपसमितिको प्रतिवेदन आयो त्यहाँ पनि उपदफा (५) को बारेमा केही पनि छलफल नै भएन र अन्तिममा प्रतिवेदन बनाउँदा बसेर हेर्नुपर्थ्यो। त्यो प्रतिवेदन बनाउँदा अलिकति हेर्न सकिएन कि? यो प्रतिवेदन बनाउँदा यो उपदफा (४) र (५) फरक-फरक हो भन्ने लाग्यो कि भन्ने लाग्छ।

प्रतिवेदन तयार गर्दा गहिरो छलफल भयो कि भएन ? उहाँहरूले फरक दृष्टिकोणले हेर्नु भो कि? हेर्न पाएको भए यस्तो यस्तो परेको छ के गर्ने भनेर त प्रश्न उठिहाल्थ्यो नि। उपसमितिको प्रतिवेदनमा पनि परेन यहाँ नेपाल सरकारको स्वीकृति भन्ने निकालेर लिएर आउनु भन्ने भयो होला फेरि थप छलफल हुन्छ भन्ने मनसाय बसे होला छलफलमा जान सकेन मैले देखेको त्यति हो। उपसमितिको प्रतिवेदनमा विधेयकमा समावेश गरिएको उपदफा (४) को कुलिङ पिरियड सम्बन्धी पहिलाको प्रावधानसँग मेल नखाने, फरक बुझाई भएको र स्पष्ट व्याख्या नभएको देखिन्छ। कानुन मन्त्रालयले पनि यस्ता संवेदनशील कानुनी प्रावधानहरूमा आवश्यक सल्लाह नदिएको, विधेयकको भाषा र आशयमा ध्यान नपुर्‍याएको छ। समितिका सचिवले भाषा र कानुनी पक्षप्रति ध्यान पुग्न नसकेको स्वीकार्दै त्रुटि भएको बताएका छन्। उपसमितिको प्रतिवेदन र अन्तिम प्रतिवेदनबीच बुझाइको फरक देखिएको र कुलिङ पिरियडको व्यवस्था निजामती वा संवैधानिक परिषद् ऐन कुनमा राख्ने भन्नेमा मतभेद भएको छ। यसलाई विशेष उद्देश्यका लागि ल्याइएको प्रस्तावको रूपमा समेत व्याख्या गरिएको छ। अन्ततः कुलिङ पिरियड जस्तो संवेदनशील विषयलाई विधिसम्मत, स्पष्ट र समन्वित छलफलबाट मात्र अघि बढाउनु पर्नेमा आवश्यक छलफल हुन नसकेको देखिन्छ। अब समितिले सबै प्रतिवेदन सही गर्नुभन्दा अगाडि ठिक छ कि छैन भनेर हेरिसकेपछि अनि यसको योसँग बाझिएको छ कि छैन भनेर हेरिन्छ। जेठ २ गतेको छलफलपछि ल मिलाएर ल्याउने भनेपछि सबै मिलाएर ल्याएपछि एकचोटि छलफल भएर त्यसलाई टुङ्गिन्छ भन्ने सबैलाई लाग्यो। प्रतिवेदन तयार गरी सकेपछि जुन छलफल गर्नु पर्ने थियो त्यो भएन नत्र प्रतिवेदनमा छलफल सबै ठाउँमा हुन्छ। उपसमितिको प्रतिवेदन बनाउँदा पनि हेरिएन भन्नुको मतलब त्यो कुरा उपसमितिको प्रतिवेदनमा पनि उपदफा (४) आएको थियो त्यो उपदफा (५) मा नेपाल सरकारको स्वीकृति लिने भन्ने कुरा त्यो बेलामा पनि छलफलमा भएको थिएन। उपदफा (५) मा त्यो हटाउनु भनेर कसले निर्देशन दिएको छ ? त्यो बनाउने मान्छे त त्यसै त हटाउँदैन नि। समितिको निर्णय र निर्देशन नभई त खाली हामीले मिलाउने भन्ने त भाषाक्रम र दफा उपदफा क्रम मिलाउने हो। उपसमितिको प्रतिवेदनको उपदफा (४) मात्रै छ, उपदफा (५) त छोएकै छैन। माननीय सभापतिज्यूले

बसौं नै भन्नु भएको छ। बसेर गरेको भए यो सकिन्थ्यो। यो छलफल गर्दै जाँदाखेरि हुन्थ्यो। माननीयज्यूहरूलाई देखाउँछु भनेकै हो। कसैको इन्टेनसनले गल्ती गरेको जस्तो मलाई लाग्दैन। अब कार्यगत रूपमा त्रुटि हुनसक्छ। मैले, कसैले इन्टेनसनले सभापतिज्यूले, यहाँको सचिवज्यूले गरेको होइन भन्ने लाग्छ। मलाई ६ गते बसेको बैठकको बारेमा थाहा छैन। हामी बस्छौं भनेको र नबसेको हिसाबले केही छलफलमा कमी कमजोरी भयो भन्ने कि त्यो चीजलाई कसैले त्यसलाई नै तुहाउनको निम्ति गरेको होइन भन्ने लाग्दछ भन्ने समेत बेहोराको मिति २०८२ असार ३२ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय रामहरि खतिवडा, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति</u>: संघीय निजामती सेवा विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा आईसकेपछि यो कानुन देशको संविधान पछिको अति नै महत्वपूर्ण कानुनको रूपमा लिइएको हुँदा छिटो र राम्ररी निर्माण गरौं भन्ने भई २०८१ भदौ २० गतेको दिनदेखि नै यसलाई छलफल सुरुवात गर्यौं। दफावार छलफलका लागि उपसमितिलाई नै जिम्मेवारी दिएका थियौं। कुलिङ् अफ पिरियड किन राख्नु पर्यो भन्ने सम्बन्धमा व्यापक छलफल भई राजनीतिक नेतृत्वसँग विशिष्ट श्रेणी र प्रथम श्रेणीका कर्मचारीले व्यक्तिगत फाइदाका निम्ति बार्गेनिङ् गर्ने राजनीतिक व्यक्तिलाई प्रभाव पारी अवकाश पछि नियुक्ति हुने परिपाटीलाई रोक्न आवश्यक सम्झेको हो। विशिष्ट श्रेणी र प्रथम श्रेणीका कर्मचारीहरु समितिको छलफल बैठकमा उपस्थित भई "यति बिन्ती छ यो कुलिङ् पिरियड चाहिं हटाइदिनुहोस् यति अनुरोध गर्यौं।" भनेर अन्तिम मिटिङ् जुन दिन समितिले प्रतिवेदन पारित गर्ने दिन थियो त्यसबेलासम्म मुख्य सचिव तथा सचिवहरु, विशिष्टहरु विरोधमै हुनुहुन्थ्यो। जेठ २ गतेको समितिको बैठकमा "राजीनामा" भन्ने शब्द समेत थप गरी कुलिङ् पिरियडको व्यवस्था पारित गरेको हो। जेठ ६ गते अनौपचारिक बैठकमा माननीय मन्त्री रघुजी पन्त माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राज कुमार गुप्ता माननीय लीलानाथ श्रेष्ठ र माननीय दिलेन्द्र बडू समेत बस्यौं। त्यही समयमा माननीय रघुजी पन्तकोमा एउटा फोन आयो र त्यसपछि त्यो दिन हस्ताक्षर नभई रोकिएको अवस्था हो। राज्य व्यवस्था समितिबाट उपसमितिले पेस गरेको प्रतिवेदनमा एक वर्षको सट्टा २ वर्ष थप गरी कुलिङ अफ पिरियड सम्बन्धी व्यवस्था पारित गरिएको हो। परिमार्जित सहित भएका कुराहरुको लेख्ने जिम्मा र त्यसको प्रभाव एउटा दफा थपेपछि त्यसको कुन दफामा असर पर्छ भन्ने सम्बन्धमा कानुन र सम्बन्धित मन्त्रालयले समेत हेर्नु पर्ने हुन्छ। निजामती र सरकारी भन्ने दुवै कुलिङ् अफ पिरियडमा राख्नुको कारण सरकारको सुविधा लिएकाहरु सबैलाई समेट्न खोजिएको हो। निश्चय नै त्रुटि नभएको भन्ने होइन तर

मबाट होइन। म "कुलिङ्ग अफ पिरियड राख्ने पक्षमा सुरूदेखि आजसम्म छु, भोलि पनि राष्ट्रिय सभाले यो राख्ने प्रावधान ल्यायोस् भन्ने पक्षमा छु। मस्यौदामा "कुलिङ् अफ पिरियड"को व्यवस्था राखेपछि त्यसपछि पर्ने असर र प्रभावका विषयमा सम्बन्धित मन्त्रालयले हेर्ने हो भन्ने समेत बेहोराको मिति २०८२ असार ३२, साउन १ र ६ मा समिति समक्ष उपस्थित भई व्यक्त गर्नु भएको भनाई।

<u>माननीय रमेश लेखक, मन्त्री, गृह मन्त्रालय</u>ः संघीय निजामती सेवा विधेयक संसदमा प्रस्तुत भैसकेपछि हाम्रो प्रक्रिया अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिमा गएको अवस्था थियो र त्यहाँ छलफलकै क्रममा सबै भन्दा पहिला माननीय सभापतिज्यूले भन्नुभएको जस्तो मेरा आफ्ना दृष्टिकोणहरू पनि मैले त्यहाँ राखेको थिए। त्यहाँबाट म विषय वस्तु प्रारम्भ गर्न चाहन्छु। दुईवटा विषय थियो खास गरेर निष्कर्षमा पुऱ्याउनु पर्ने अरु त धेरै कुराहरू समितिले तय गरिसकेको थियो। दुईवटा इस्यूहरू थियो। एउटा यही कुलिङ पिरियडको विषय र अर्को विषय हामीले निजामती सेवाको कर्मचारीको उमेरहद ५८ वर्ष रहेको त्यसलाई नयाँ विधेयकबाट ६० वर्ष गरिराखेका थियौं। ५८ लाई ६० कसरी पुऱ्याउने भन्ने र धेरै छलफल भयो। पछि हामी निष्कर्षमा पुगेका थियौ र सबैसँगको धारणा लिएर मैले राखिसकेको थिएँ। ड्राफ्टिङ भनेको अलग सीप र योग्यताको कुरा हो ड्राफ्ट शाखा कानुन मन्त्रलायमा छ। यस विषयमा यो चाहिँ त्रुटि भयो जसका लागि छानबिन गरिरहनु भएको छ। यो मनसायपूर्वक वा मानवीय त्रुटि हुनसक्छ अथवा मनसायपूर्वक कसैले गरेको पनि हुनसक्छ। यो ड्राफ्टिङ गर्ने जिम्मा कसको हो। यो त्रुटिलाई दुईवटा कुरा गर्नु पऱ्यो एउटा कस्तो प्रकृतिको र प्रकारको हो भन्ने छुट्टाउनु पऱ्यो र तदनुरूप जानु पऱ्यो। कसैको मनसायपूर्वक कसैको नियतले भाको छ भने अत्यन्तै सिरियस कुरा हो। एउटा पार्लियामेण्ट कमिटीले पास गरिसकेको कुरा नियतवश परिवर्तन गरेको हो भने अक्षम्य कुरा नै हो। त्यसलाई त्यही ढङ्गले हेर्नु पर्छ। यदि मानवीय त्रुटि हो भन्ने निष्कर्षमा पुग्नु भयो भने एउटा कुरा भयो तर मानवीय त्रुटि भए मनसायपूर्वक भए पनि आयन्दा यसमा कसरी सावधान रहने सचेत रहने अब हुन नदिन जाने भन्ने कुरामा मैले प्रष्ट भनिहाले। कानुन मन्त्रालयलाई यसको जिम्मा बनाउ अथवा प्रतिनिधि सभा र राष्ट्रिय सभाको नियमावलीमा यसलाई इन्सर्ट गरौ। पार्लियामेण्ट सचिवालय, कानुन मन्त्रालय र प्रस्तुत गरिएको मन्त्रालयलाई जिम्मेवार बनाउनु पर्छ यदि सरकारी विधेयक हो भने। प्राइभेट विधेयक हो भने जुन प्रस्तुत कर्ता माननीय सदस्यलाई जिम्मा लगाएर ड्राफ्टिङ गर्ने शाखा तोकौं र त्यसपछि उहाँहरूले जिम्मा लिने व्यवस्था गऱ्यो भने त्रुटिहरूलाई करेक्सन गर्न सकिन्छ। यो

कुलिङ अफ पिरियडको बेस्ट प्लेस होइन। निजामतीको सर्भिस ल मा पुलिसलाई बन्देज गर्ने अथवा सेवा सुविधा दिने व्यवस्था गर्ने भन्ने कुन कुरा केमा राख्ने भन्ने कुरा रह्यो। मेरो पर्सनल ओपिनियनमा मात्र यसको बेस्ट प्लेस भनेको संवैधानिक परिषद् सम्बन्धी ऐन हो अथवा अर्को कुनै कानुन होला जसले रिकमेण्डेसन गर्छ त्यसमा राखिदियो भने सबका लागि लागु हुन्छ भन्ने मेरो धारणा हो। त्रुटि र अपराध भन्ने कुरा त यसको इन्टेन्सन के हो भन्ने कुरा हो। यदि मानवीय त्रुटि हो की अपराध हो भन्ने कुरा त केलाएर इन्टेन्सन के हो? पार्लियामेण्टले गरेका कुरा त्यसलाई परिवर्तन गर्छु फरक पार्दिन्छु भन्ने यदि मनसायपूर्वक गरेको हो भने एक किसिमको अपराध नै हो भन्ने समेतको मिति २०८२ साउन २ मा समिति समक्ष व्यक्त गर्नु भएको भनाइ।

<u>श्री रविलाल पन्थ, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय</u>: यो विधेयक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट २०८१ सालमा नै माननीय मन्त्री अनिता देवीले हस्ताक्षर गरेर पेस गरिएको थियो। यस विधेयकको दफा ५८ र दफा ८२ को विषयमा सरकारले एउटा धारणा बनाएको थियो जसमा ५८ लाई ६० पुऱ्याउने सम्बन्धमा पहिलो वर्ष ५८, दोस्रो वर्ष ५९ र त्यसपछिको वर्ष ६० गर्ने गरेर बनायो भने दफा ५८ मा रहेको प्रावधान कुलिङ अफ पिरियड अथवा पर्खाई अवधिलाई दुई वर्ष गर्ने हाम्रो सहमति भएको छ। यो ५८ लाई ६० पुऱ्याउने तरिकामा केही माननीयज्यूहरूले यो त अझै यसरी जानु पर्छ भनेर छ महिना अनि एक वर्ष र त्यसपछि फेरि छ महिना भनेर धारणा राख्नु भएको थियो। राज्य व्यवस्था समितिका माननीय सभापतिज्यूले अन्तिममा के भन्नु भयो भने उठेका विषयहरू माननीय मन्त्रीज्यूले राख्नुभएको विषय समेत परिमार्जन गरेर यो विधेयक पास भयो भनेर भन्नु भयो। त्यसपछि परिमार्जित विषयहरूलाई मिलाएर प्रतिवेदन तयार गरेर संसदमा प्रतिनिधि सभामा पेस हुने भन्ने कुरा भयो र सँगै माननीय सभापतिज्यूले हामीले तयार गर्छौं सचिवालयले तयार गर्छ र आवश्यक पऱ्यो भने कानुन वा सामान्य प्रशासनले पनि तयार गर्ने भन्नु भयो र हामीले चाहिँ हुन्छ भनियो। समितिमा ट्रेड युनियनको विषय पुगिसकेपछि त्यही दफामै निर्णय गर्नु पर्ने भाको हुँदा त्यो दफा नै नचलाइकन त्यो त्यतिकै पास भयो, बाँकी रहेका विषय दफा ५८ र ८२ त्यो दफामा छलफल नै भएन। दफा ८२ मा यहाँभित्र दफावार छलफल नै भएन। सभापतिज्यूले के भन्नु भयो भने हजुर, यो विषय अब दुई वर्ष राख्ने गरेर मैले मिलाएको छु र त्यसमा अवकाश थियो राजीनामा पनि थपेको छु भन्नु भएको छ। प्रतिवेदन मैले हेर्न पाएको छैन। अब त्यो उपदफा (४) मा अहिले थपेको उपदफा (४) राखिसकेपछि यसको उपदफाक्रम चाहिँ प्रतिवेदन लेखनको क्रममा

मिलाउनु पर्ने थियो। दोस्रो, माथिल्लोसँग बाझिने खालको विषय तल राख्नु हुँदैन थियो। त्यो (क) चाहिँ राख्नु हुँदैनथ्यो सम्भवतः हेर्न पाएको भएदेखि हामीले मिलाउने भनेको हाम्रो अनुभवको आधारमा त्यो मिलाउन सक्थ्यौं होला। मिलाउन सक्नेभन्दा पनि यहाँ यसरी दोहोरिन्छ, बाझिन्छ भनेर सुझाव दिन सक्थ्यौं होला। तर त्यो सुझाव दिने मौका नै पाएनौं। त्यो प्रतिवेदन वास्तवमा हामीले हेर्नै पाएनौं। त्यो प्रतिवेदन नै सचिवालयबाट बन्यो हामीले हेर्न खोज्दाखेरि पनि पाएनौं त्यसो हुनाले उपदफा (४) पछि (५) रह्यो कि रहेन भन्ने विषय त एकैचोटि पास भएपछि मात्रै मिडियामा आइसकेपछि थाहा भयो। मलाई थाहा भइसकेपछि ओहो, यो त त्रुटि भयो। यो त माथि एउटा कुरा छ, तल चाहिँ फेरी अर्को खण्डित गर्ने कुरा छ। यो चाहिँ नहुने विषय भएछ भन्ने महसुस भएर मन्त्रालयमा हामीले छलफल गर्‍यौं। छलफल गर्दाखेरी माननीय मन्त्रीज्यूलाई पनि यो त यस्तो भएछ भन्यौं तर त्यतिखेरै थाहा भएको हुनाले हामीसँग सच्चाउने समय पनि थिएन। हामीले अगाडि मौका पनि पाएको थिएनौं। यो बाहेक भन्ने विषय, पछि थपिएको विषय मूल विधेयकको दफा ८२ को बाहेक मात्र हटाउने होइन कि त्यो अहिले ५ को (क) हुन पुगेको छ त्यो (क) नै हटाउनु पर्ने थियो। यदि हामीले प्रतिवेदन हेर्न पाएको भएदेखि त्यो ५ को (क) हटाउनका लागि सुझाव दिने थियौं। सोही अनुसारको प्रतिवेदन बन्थ्यो होला भन्ने म अहिले अनुमान गर्छु। माननीय गृहमन्त्रीज्यूले भन्नु भयो आज हामी खुसीको कुरा लिएर आएका छौं। सरकारको धारणा बनेको छ। ५८ र ६० यसरी पुर्‍याउने र दुई वर्ष पर्खाइ अवधि राख्ने भनेर उहाँले भन्नु भयो त्यसपछि माननीयज्यूहरूले सभापतिज्यूबाट समय लिएर भन्दै जानु भयो, आआफ्नो कुराहरू राख्नु भयो। त्यसमा कुनै पनि माननीयज्यूबाट दफावार छलफल गरौं अथवा वाचन गरौं भनेर भनेको जस्तो मलाई लाग्दैन। हाम्रा विषय सम्बोधन भएनन् त्यसो हुनाले जेसुकै होस् भन्ने खालको सोचाइ कदापी हुँदैन हामी यो मन्त्रालयको कुर्सीमा बसेर हेर्दाखेरी त्यस्तो गैर जिम्मेवारी काम चाहिँ गर्न नै मिल्दैन, गर्नु हुँदैन त्यो दण्डित हुने काम हो त्यस्तो कुरा गर्नु मिल्दैन्। माननीयज्यूहरूले कुलिङ पिरियड राख्नु पर्छ भन्नु भएको थियो। कहाँ यो संवैधानिकलाई बाहेक भनेर हुन्छ, यसमा पनि पर्खाउनु पर्छ। अरु अन्तर्राष्ट्रिय प्राइभेट नियुक्तिमा पनि राख्नु पर्छ। सूचना बेचिन्छन्, के हुन्छन् भन्ने खालको कुरा माननीयज्यूहरूले राख्नु भएको हो। १०/११ गतेसम्म नबोलाएको ६ गते बोलाएको भन्ने जुन विषय छ सो सम्बन्धमा ६ गते हाम्रो तोकिएको प्रतिनिधि आउनु भयो। त्यसपछाडि त्यस खालको बसाई पनि भएन, मिटिङ पनि भएन, छलफल पनि भएन, पत्राचार पनि भएन भन्ने

समेत बेहोराको मिति २०८२ साउन २ गते छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>श्री फणिन्द्र गौतम, सचिव (कानुन), प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय</u>ः दफा ८२ (४) राखिसकेपछि (५) मिलाउनु पर्थ्यो। उपदफा (५) मात्रै होइन १२० पनि मिलाउनु पर्थ्यो। दफा १२० को उपदफा (२) को खण्ड (ज) पनि मिलाइदिनु पर्थ्यो। त्यहाँ पनि केही कुराहरू थियो त्यो साङ्गोपाङ्गो रूपमा समितिको प्रतिवेदन बनाएका बखत हेरिएन। राजपत्राङ्कित प्रथम वा सो सरह वा सोभन्दा माथिल्लो पदबाट सेवानिवृत्त भएको व्यक्तिले निश्चित अवधिसम्म पूर्वस्वीकृति नलिई सरकारी नियुक्ति बाहेक अन्य नोकरी गर्न नपाउने व्यवस्था गरिसकेपछि यहाँ चाहिँ सरकारी नियुक्ति बाहेक यो पनि आनुषाङ्गिक रूपमा मिलाउनु पर्ने हुन्थ्यो। मिलाउनु पर्ने साङ्गोपाङ्गो विधेयकका सम्पूर्ण क्लजहरू मिलाउनु पर्ने थियो, तर छलफल हुँदा यो हटाउने हो, यो राख्ने भन्ने मात्रै भयो। त्यसपछाडि प्रतिवेदन लेखनमा त्यो कुरामा त्रुटि भएकै हो। अब जहाँसम्म उपसमितिको प्रतिवेदनको सन्दर्भ छ, उपसमितिको प्रतिवेदन आउँदा दफावार छलफल भयो। दफावार छलफल हुँदा त्यहाँ विभिन्न विषयहरूमा समितिको बैठकबाट मिलाउने मिलाउँदै जाने भन्ने कुरा भए अनुसार पछि विस्तारै विषयहरू सर्टआउट हुँदै गए। दुईवटा विषयमात्रै बाँकी रहे। यो चाहिँ शीर्ष तहमा बालुवाटारमा गएर मिलाउने भन्ने कुरामा बालुवाटार पनि पुगेको छु। बालुवाटारमा भएको छलफल पनि मलाई थाहा छ माननीय सभापतिज्यू जानु हुन्थ्यो यताबाट, शीर्ष नेतृत्व त्यहाँ बस्नुहुन्थ्यो। त्यहाँ पनि छलफल भएको थियो र बीचमा एउटा सहमति के भएको थियो भने कुलिङ पिरियड एकै वर्ष राखेर जाने भन्ने भएको थियो, तर पछि विभिन्न चरणमा छलफल भयो होला। कति छलफलमा हामी बस्यौं, कतिमा मैले त प्रष्टै के भन्ने गरे, यो धेरै कर्मचारीलाई यस्ता मिटिङमा नराखिदिनु होला। मलाई सोध्नु भयो भने मलाई लागेको कुरा भनौंला, अर्कालाई लाग्यो भने अर्को कुरा भनौंला। टेक्निकल मिलाउने कुरामा हामीलाई राख्दा हुन्छ। मुलभूत पोलिसीको कुरामा नराख्नुस्, कर्मचारीलाई ठिक हुँदैन पनि भनेको हो बालुवाटारमा र त्यो भइसकेपछि ती दुईटा विषय चाहिँ त्यतिखेर सटआउट भएन। एकै चोटी जेठ २ गते विहान समितिको बैठकमा गृहमन्त्रीज्यू लगायत यहाँ तीनजना मन्त्रीज्यू हुनु हुन्थ्यो। उहाँहरूले सरकारको धारणा यो हो। यो अनुसार जाउँ। दुई वर्ष कुलिङ पिरियड र पहिलो वर्ष ५९, दोस्रो वर्ष ६० यसरी जाने कुरा भयो। त्यसपछिका कुनै पनि बैठकमा म सहभागी भइनँ। ५ गतेको बैठकमा पनि अब उहाँहरू बस्नुभएको छ भन्ने सुनेको छु। समितिमा प्रतिवेदन दफावार छलफल भएको हो कि होइन भन्ने मलाई थाहा छैन। त्यसैले

सरकारी स्वीकृति लिएर भन्ने नराख्न पर्ने कुरा हो। तर त्यो रूपमा त्यसरी उपदफा (४) आइसकेपछि मिलाउनु पर्ने कुराहरूमा छलफल नै गर्न पाइएन। यो ठूलो ग्याप रह्यो र मलाई के लाग्छ भने यो गर्दागर्दै भएको त्रुटि हो। कसैले इन्टेन्सनल गर्ने कुरा होइन। हाम्रो ढङ्ग नपुगेर हो। हाम्रो काम गर्दागर्दै विज्ञसँग परामर्श लिनु पर्ने थियो, लिइएन। अर्को, अघि मैले रेफर गरेको अर्को तलको व्यवस्थाले पनि आफू नगर्ने, आफूले फरक व्यवस्था गर्ने, अनि प्रदेशलाई हामीले त्यो पनि कन्सिस्टेन्सी गरेनौं। विधेयकको रूपमा संसदमा आइसकेपछि सचिवको कुनै पनि प्रत्यक्ष भूमिका हुँदैन। साङ्गोपाङ्गो रूपमा यो प्रतिवेदन एकैचोटि असार १८ गतेको बैठकमा मात्रै देख्न पाएको हो। यसबाट कसैलाई फाइदा छैन। गरिसकेको सहमति, भइसकेको कतिपय कुराहरू मिलाउन नसके र मिलाउन नजानेर भएको कुरा हो। यो कुनै षडयन्त्रको कुरा पनि होइन। यो चाहिँ हाम्रो फङ्क्सनल इन्कम्पिटेन्सी हो। अब त्यसमा पनि म मेरो पार्टको जिम्मा म लिन्छु, कानुन मन्त्रालयले पनि लेला। यो प्रक्रियागत त्रुटि भयो। गर्न खोज्दाखोज्दै पनि बिग्रियो यो कुरा। जिम्मेवार को भन्दा अन्तिममा कसले पढ्यो, हस्ताक्षर गऱ्यो, त्यसले लिनु पर्छ। अन्त पनि छ भनेर खोज्दाखेरी भेटिएको हो। यो मूल विधेयकमा विशेषगरी राजपत्राङ्कित प्रथम श्रेणीदेखि माथिका लागि मात्रै किन यो व्यवस्था राखिएको हो भने डोनर ऐजेन्सीसँग स्वार्थ बाझिने गरी काम नहोऊन् भनेर यो व्यवस्था राखिएको हो। इस्यूमा हामीले धेरै छलफल गऱ्यौं। भाषा मिलाउनेतर्फ हामी कसैको पनि ध्यान गएन। उपसमितिको प्रतिवेदन भनौं अथवा समितिको प्रतिवेदन भाषा मिलाउने त्यसलाई त्यही अनुसार कन्सिस्टेन्सी गराउनतिर कसैको पनि ध्यान गएन। प्राविधिक रूपमा कानुनको भाषा मिलाउने र त्यसपछि मस्यौदा लेख्ने पाटोमा मुख्य जिम्मेवारी कानुन मन्त्रालयको हुन्छ, तर कानुन मन्त्रालयलाई दिनु पऱ्यो। हाउसमा आएको प्रोपर्टी कानुन मन्त्रालयले भनेर मिलाउन मिल्दैन। जेठ २ गते बिहान जुन दुईवटा मूल विषयमा सरकारको धारणा भइसकेपछि यो हलमा ताली लागेको हो। त्यसपछाडि प्रतिवेदन त्यो अनुरूप रिफ्लेक्ट हुनु पर्ने जुन प्रतिवेदन हो, त्यो अब सेयरै भएन। मैले खोजी गर्दा पनि पाइनँ। मैले अर्को के सुनेको थिएँ भने ५ गते मन्त्रीज्यूकोमा फेरि अनौपचारिक बैठकमा त्यसलाई अन्तिम रूप दिने काम भएको छ भन्ने पनि सुनेको थिएँ। मैले सुभाषजी र मिराजीसँग मागेको थिएँ, तर पाउँदै पाइनँ भन्ने समेत बेहोराको मिति २०८२ साउन ४ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>श्री एकनारायण अर्याल, मुख्य सचिव, नेपाल सरकार</u>: संघीय निजामती विधेयकको सम्बन्धमा भएको केही छलफलमा म सहभागी भएको छु। समितिबाट पारित भएको प्रतिवेदन प्रतिनिधि

सभाबाट पारित भएपछि मिडिया मार्फत थाहा पाएको हुँ। कुलिङ अफ पिरियड राख्नु हुँदैन भनेर हामी हाम्रो हक अधिकारको रूपमा लागेकै हो। अझै त्यही माग छ। यो विधेयक ऐन नबनेसम्म राख्नु हुँदैन भनेर लागिरहन्छु। प्रधानमन्त्री, नेपाली कांग्रेसका सभापति र पुष्प कमल दाहाल "प्रचण्ड" समेत समक्ष कुलिङ अफ पिरियड राख्नु हुँदैन भन्ने माग राखेकै हो। समितिबाट विधेयक पारित भएपछि सभामुखज्यूसँग कुलिङ पिरियड राख्नु हुँदैन भन्न गएकै हो। देउसी भैलो गर्न नभई पदीय हैसियतले आफ्नो कुरा राखेको हो। त्रुटि सच्याउनु पर्छ। कर्मचारीहरूप्रति विश्वास नगरी विश्वासको खडेरीले समस्या आएको हो। यही कारण कुलिङ अफ पिरियडमा उपदफा (४) र (५) को सम्बन्धमा नियतवशभन्दा मानवीय त्रुटि हुन गएको हो भन्ने समेत बेहोराको मिति २०८२ साउन ४ गते छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय रघुजी पन्त, मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय</u>: सरकारी कर्मचारीलाई अवकाशपछि कुलिङ अफ पिरियडको व्यवस्था लागु गर्ने सल्लाह भएरै मस्यौदा प्रतिवेदनमा राखिएको हो। प्रधानमन्त्री कुलिङ अफ पिरियड राख्न पहिले सहमत नभए पनि समितिमा भएको लामो छलफल पश्चात् प्रधानमन्त्रीलाई ब्रिफिङ् गर्दा प्रधानमन्त्रीले राखेर जानुस् भन्नु भएपछि प्रतिवेदन अगाडि बढेको हो। जेठ २ गते कुलिङ अफ पिरियड राख्ने समितिमा पारित भएपछि समितिका सभापतिले यसलाई परिमार्जन गरिन्छ भनिसकेपछि अन्यथा कुरा गर्ने कुरै भएन। त्यसपछि छलफल नै नभएपछि तादाम्यता मिल्यो मिलेन भनेर हेर्ने अवस्थै भएन। समितिका सभापति कुलिङ अफ पिरियड राख्नु पर्दछ भन्ने सम्बन्धमा सबैभन्दा स्पष्ट हुनुहुन्थ्यो। कसैले इन्टेन्सनल्ली गरेको जस्तो मलाई लाग्दैन भन्ने समेतको बेहोराको मिति २०८२ साउन ४ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय राजकुमार गुप्ता, तत्कालीन मन्त्री, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय</u>: यदि यो दुई वर्षको कुलिङ पिरियड राज्य व्यवस्था समितिमा मिलेर आउँदैन्थ्यो भने विधेयक समितिबाट पास हुँदैन्थ्यो। दुईवर्षे कुलिङ पिरियड सहितको निजामती विधेयक आउँछ भनेर त्योबेलादेखि म पनि सचिवहरूज्यूबाट अलि अलि थ्रेट सुनेकै हो, प्रेसर मकहाँ पनि आएकै हो। मैले आफ्ना दलका अध्यक्ष र सम्माननीय प्रधानमन्त्रीज्यूलाई पनि पटक-पटक गएर यही ब्रिफिङ्ग गरेको छु, कि त यो विधेयक अलपत्र छोडिदिउँ, कि पास गर्ने हो भने दुई वर्ष कुलिङ पिरियड राखौं। नभए विधेयक समितिमै अलपत्र पर्छ। यही कुलिङ पिरियडले गर्दा कर्मचारीहरूलाई ट्रेड युनियन दिनु हुन्न भनेर माननीय सर्वेन्द्रनाथ सुक्लाज्यू लगायत

रास्वपाका माननीयज्यूहरूले पनि त्यो विषय छोड्नु भएको यथार्थ कुरा जानकारी गराउन चाहन्छु। प्रिन्टिङमा कसैले मिस्टेक गऱ्यो भन्ने म मान्दिन। पटक-पटक दुराजी, सुभाषजी र मिराजीलाई राम्ररी हेर्नु होला भनी निर्देशन भएको कुरा हो। मिरा आचार्यलाई पूरै हेर्न अह्राएको थिएँ। कसै न कसैले यो जानी-जानी गरेको हो। कलम चलाउने हातलाई निर्देशन पक्कै दिएको होला, भूलवश लाग्दैन। त्यत्रा कानुनका जानकार लोक सेवा आयोग पास गरेर आएका "कुलिङ्ग पिरियडमा" मात्रै किन गडबड गर्छन्। यसैमा गडबडी किन भयो? घरदैलो बेस्सरी भएछ। यो साजिशको तहत भएको छ, सुनियोजित हो। संसदलाई छलिएको छ। दुई वर्ष कुलिङ पिरियड सर्वसम्मत् रूपले पास भएको हो भन्ने समेतको बेहोराको मिति २०८२ साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>श्री पद्म प्रसाद पाण्डेय, महासचिव, संघीय संसद</u>: विधेयकको दफा ८२ को उपदफा (४) मा भएको व्यवस्थामा (५) थप भएको सम्बन्धमा मलाई पनि थाहा भएको थिएन, मैले पनि समाचार हेरेपछि जानकारीमा आएको हो। यो विधेयकको सम्बन्धमा विरोध आएपछि मैले यस विषयमा जानकारी लिन खोजिन। यो किन त्यसरी उपदफा थपिएको हो, त्यो मलाई जानकारी भएन। उक्त उपदफा थपिएपछि त्यसमा पार्ने असर बारे एनालाइसिस गर्नु पर्ने हुन्छ। यसमा कर्मचारीले पोलिटिसियनलाई आरोप लगाउने र पोलिटिसियनले कर्मचारीलाई दोषी लगाउने गरेको देखिएको छ। नीतिगत रूपमा उक्त दफाको सम्बन्धमा कसले गर्नु पर्थ्यो। माननीयहरूले बैठकमा छलफल गर्दा त्यहाँ चिप्लिएको हुन सक्छ। समितिको प्रतिवेदन प्राप्त भइसके पश्चात् माननीयहरूले पढ्नु पर्ने थियो। उपसमितिले प्रतिवेदन दिइसके पश्चात् सबैले ट्याली गर्नु पर्ने थियो। यसमा सही दुईजनाको देखिन्छ। यसमा हामी सबै दोषी छौं जस्तो लाग्छ। यो मानवीय त्रुटि हो, जानाजानी गरेको त्रुटि होइन। सिलबन्दी हामीले खोलेनौं, सिलबन्दी पछि खोलेको हो, पछिल्लो सिलबन्दी प्राप्त भएको २-३ दिनपछि खोलेको अवस्था हो। सचिव र मुख्यसचिवले सभामुखलाई भेट गराउनको लागि अनुरोध गरेपछि समय मिलाइदिएको हो। त्यसमा उहाँहरूले आफ्नो कुराहरू सभामुखलाई भन्नु भएको हो र त्यसपछि उहाहरूले अध्यक्षलाई भेट्न टाइम लिएको र त्यसमा मलाई समेत जान भनेपछि म समेत गएको हो। यस विषयमा मिडिया पछि लागेको रहेछ। मिडियाले कुलिङ पिरियडको विषयमा म समेत त्यसको पक्षमा रहेको भनेर समाचार बनाए। म यसमा न्युट्रल छु। यसमा गल्ती जानी-जानी भयो कि अन्जानमा भयो? त्यसमा सबै जिम्मेवार हुनु पर्छ। संसदको इज्जत जाँदा कर्मचारीको पनि इज्जत जान्छ र कर्मचारीको इज्जत जाँदा संसदको पनि जान्छ। सबैले प्रतिवेदन पढ्नु भयो र कर्मचारीले जे-जे भने त्यसलाई हुबहु टिपे वा टिपेनन्

त्यसमा समेत हेर्नु पर्ने हुन्छ। यसमा कानून मन्त्रालय, संसदका कर्मचारीबीच समन्वय गराउनु पर्ने हुन्छ र विज्ञहरूको समेत राय लिनु पर्छ भन्ने लाग्छ। समितिको प्रतिवेदन कहिले आउँछ भनेर सचिवलाई सोधेको हो, तर कुलिङ पिरियडको सम्बन्धमा मैले कुनै दबाब दिएको छैन। यदि मैले दबाब दिएको देखिएमा म सजाय भोग्न तयार छु। अन्तिम प्रतिवेदनको ड्राफ्ट कानुन र सम्बन्धित मन्त्रालयलाई हेर्न दिनु पर्छ जस्तो लाग्छ। मलाई यो मानवीय त्रुटि हो भन्ने लाग्छ। यसमा जे सिनारियो हो, त्यही लाग्छ। एभिडेन्सले हेर्ला। यिनलाई झुक्याउन सकिन्छ की भनेर गरेको भन्ने मलाई लाग्दैन। मैले मिडियामा आएपछि जानकारीमा पाएको हो। सरकारले पेस गरेको प्रतिवेदनमा त्रुटि पेस भएको भोलिपल्ट मात्र मैले थाहा पाएको हो। माननीय सामान्य प्रशासन मन्त्री र सभापतिज्यू समेतको छलफल बमोजिम माननीय सभापतिले केही कुरा मिलाउन पर्नेछ भनेकाले मैले कार्य व्यवस्थाका महाशाखा प्रमुखलाई सिलबन्दी नै समितिमा फिर्ता गर्न भनेको हो। सभा वा समितिले पास गरेको विषय र प्रतिवेदन लेखनमा एकरूपता ल्याउने सम्बन्धमा एउटै हुनु पर्छ। प्रतिवेदन लेख्ने काम समिति सचिवकै हो, यसमा उसले अन्यको सहयोग लिन सक्छ। अन्तिममा फाइनल गर्न कानून मन्त्रालयलाई दिनु ठिक हुन्छ भन्ने मलाई लाग्छ तर उक्त प्रतिवेदनमा थपघट गर्न भने पाउँदैन। सिलबन्दी दर्ता भयो वा भएन भेरीफाई गर्नै पर्छ। मलाई यकीन थाहा भएन। सिलबन्दी आएपछि त्यसलाई नखोल भनेको हो। सिलबन्दी आएपछि सभापतिले त्यसमा केही करेक्सन गर्नुछ भनेपछि त्यसलाई जस्ताको तस्तै फिर्ता गरेको हो। प्रतिवेदन पढ्दैमा सबै कुरा थाहा हुँदैन। भोलिपल्ट मात्र प्रतिवेदन र सरकारले पेस गरेको प्रतिवेदन ट्याली गरेपछि मात्र थाहा पाएको हो। ओरिजिनलसँग ट्याली गर्नु पर्छ। उपसमितिले पास गरेको विषयमा यसमा कसैको नियत छैन जस्तो लाग्छ। मलाई सभामा पेस भएको भोलिपल्ट १६ गते जानकारी भएको हो। सामान्य मन्त्रालयमा छलफलमा म गएको होइन। म संघीय संसदको प्रशासनिक प्रमुख भएको हिसाबले मैले नैतिक जिम्मेवारी लिनैपर्छ। समितिले पास गरेको कुरा राष्ट्रिय सभामा समेत सुधार गर्न सकिन्छ नै। यो अन्तिम कानून होइन। कानून बनिसकेपछि पनि छलफल हुनु पर्छ भन्ने लाग्छ। समितिले पास गरेको कुरामा मैले कुनै अवरोध गरेको छैन। मैले समितिको निर्णयलाई च्यालेन्ज गरेको होइन। मैले कसैलाई धम्की दिएको छैन र मैले राजीनामा दिन्छु समेत भनेको छैन। मैले प्रधानमन्त्रीलाई भेटेको होइन, तर म सचिव र मुख्य सचिवको बैठकमा गएको चाहिँ हो भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ६ गतेको यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

**श्री लक्ष्मी प्रसाद गौतम, सहसचिव (कानुन), संघीय संसद सचिवालयः** निजामती विधेयकको सम्बन्धमा असार १५ गते बानेश्वरमा हाउस भएकोले म पौने २ बजेतिर गएको थिएँ, त्यस दिन संसदमा उक्त विधेयक पास भएकोमा त्यसको २ दिनपछि कुलिङ पिरियडको बारेमा असार १७ गते पत्रपत्रिका मार्फत जानकारी प्राप्त गरेको हो। जेठ २ गते समितिले पारित गरेको विधेयक असार १५ गते संसदमा पास भए पश्चात् मात्र पछि मलाई जानकारी प्राप्त भएको हो। उक्त विधेयकको दफा ८२ को उपदफा (४) पछि उपदफा (५) पछि थपिएको रहेछ। उपदफा (४) मा भएको व्यवस्था अन्त कतै राख्नु पर्ने हुन्छ। यो कर्मचारीले पालना गर्नु पर्ने कुरा हो। दफा ८२ को उपदफा (४) मा नेपाल सरकारले गर्ने नियुक्ति बाहेकको पदमा नियुक्ति लिनु हुँदैन भनेर बन्देज लगाएको अवस्था छ। यो आचरण होइन, यसलाई छुट्टै राख्नु पर्ने हुन्थ्यो भन्ने समेतको बेहोराको मिति २०८२ साल साउन ६ गतेको यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

**श्री एकराम गिरी, सहसचिव, संघीय संसद सचिवालयः** संसदमा आएको विधेयक समितिमा पठाइन्छ। विधेयकमा सिलसिलेवार छ वा छैन, तलमाथि के छ, त्यसलाई हेर्नु पर्ने हुन्छ। यस विधेयकमा त्रुटि कहाँ भयो हेर्नु पर्ने हुन्छ। यसमा उपसमिति बनेको छ, उपसमितिमा दफावार छलफल भएको हुनु पर्छ। समितिले उपसमितिलाई विश्वास गरेको हुनु पर्छ। विधेयकको एउटा दफा वा उपदफा चलाउँदा त्यसले कहाँ असर गरेको छ, हेर्नु पर्ने हुन्छ। समितिमा बहुमतको निर्णय मान्ने हो, यसमा यस्तो-यस्तो मिलाउनु पर्ने हुन्छ भनी भनिन्छ सच्याउनु पर्ने कहाँ हो, त्यो हेरी मिलाउनु पर्छ। मिलाउनको लागि समिति सभापति, सचिवलाई भनिन्छ। समितिमा भएको वा पारित भएको कुरा पढेर सुनाउनु पर्छ, बढीभन्दा बढी विश्वासमा पर्दा त्रुटि भएको हुन्छ। यो त सबैलाई वितरण पनि गराइएको छ। यसमा माननीय सदस्यहरूको ध्यान नपुगेको हुन सक्छ र प्राप्त भएको प्रतिवेदनमा त्रुटि भएको हुनु पर्छ। यसमा प्राविधिक रूपमा त्रुटि भएको मान्न सकिँदैन। यो सामान्य खालको त्रुटि भन्न मिल्दैन। समितिमा छलफल भइसकेकोमा यसमा दुई पक्षविच समन्वय नभएकोले त्रुटिलाई सामान्य त्रुटि मान्न सकिँदैन। मैले यो त्रुटि अनलाइन खबरमा आएपछि थाहा पाएको हो। सिलबन्दी गरेर राखिएको प्रतिवेदन प्राप्त भएको हो। कुनै पनि समितिले प्रतिवेदन सिलबन्दी गरेर पठाउदैन। सामान्यतया प्रतिवेदन सिलबन्दी हुँदैन तर यो प्रतिवेदन सिलबन्दी र गोप्य भन्ने थियो। गोप्य र सिलबन्दी भनेर पठाएको प्रतिवेदन प्राप्त भएकोमा जस्ताको त्यस्तै महासचिव, समिति सचिवको आदेशबाट फिर्ता गएको हो, सरकारी विधेयक गोप्य भनेर पठाएको रेकर्ड छैन। विधेयकको सम्बन्धमा फोनमा नै धेरै कुरा भएको छ। सिलबन्दी

प्रतिवेदन जस्ताको तस्तै फिर्ता गएको हो। बाटोमा खोलियो भने मलाई जानकारी छैन। प्रतिनिधिसभाले गोप्य सभाको आह्वान गर्न सक्छ, तर गोप्य प्रतिवेदनको परिकल्पना गर्दैन। खाम परिवर्तन भएकोमा सत्यता छैन हामीले खाम परिवर्तन गरेको छैन। खाम यहाँबाट लगेको मानिसलाई नै फिर्ता पठाएको हो। लगेर राखेको खाम परिवर्तन गरेको छैन। फिर्ता आएपछि परिवर्तन भएको हुन सक्छ। महासचिवलाई सोधेर प्रतिवेदन फिर्ता पठाएको हो, हामीले जस्तो प्रतिवेदन आएको छ, त्यस्तै फिर्ता भएको हो। त्यसमा मिलाउन बाँकी छ भनेपछि हामीले जस्ताको तस्तै फिर्ता गरेको हो। आएको विधेयक कार्यसूचीमा गएको थिएन। प्रतिवेदन विधेयक दर्ता गर्ने चलन छैन, प्रतिवेदन आउँछ कार्यसूचीमा चढ्छ। आएपछि प्रतिवेदन फिर्ता गर्ने चलन छैन। त्यसमा केही सच्याउनु छ भनेपछि महासचिवज्यूलाई सोधेर फिर्ता पठाएको हो भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ८ गतेको यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

## <u>राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सदस्यहरूको भनाई</u>

<u>माननीय दिलेन्द्र प्रसाद बडू, उपसमिति संयोजक:</u> यो विधेयकको इतिहास लामो छ। यो झन्डै दशौं वर्ष अघिदेखिको प्रयास र ड्राफ्टपछिको आठ वर्षको छलफलपछि आएको महत्त्वपूर्ण विधेयक हो। योभन्दा अघिल्लो विधेयक मस्यौदाको छलफलको चरणमा पनि म सहभागी थिए। संघीयता पछिको महत्त्वपूर्ण विधेयक भएकोले अझ यसमा ध्यान दिनु पर्छ भन्ने पछिल्लो चरणमा राज्य व्यवस्था समितिका सबै सदस्यहरूलाई थियो। पछिल्लो पटक राज्य व्यवस्था समितिमा विधेयकमा छलफल हुँदा कुलिङ अफ पिरियड समेतमा छलफल हुँदा विभिन्न सरोकारवाला अधिकारीहरू समक्ष समेत लामो वहस र छलफल भएको हो। समितिबाट दफावार छलफलको लागि उपसमितिमा विधेयक पठाई दफावार छलफल भए पश्चात् उपसमितिले समिति समक्ष प्रतिवेदन पेस गरेको हो। त्यसपछि कुलिङ अफ पिरियड समेतमा व्यापक छलफल भए पश्चात् एक वर्ष वा दुई वर्ष समयावधि राख्ने सम्बन्धमा उच्चस्तरीय राजनीतिक संयन्त्रमा छलफल समेत भई दुई वर्ष राख्ने सबैको सहमति भई लेखन कामका लागि हामीहरूले कर्मचारीलाई नै सुम्पिएको हो र प्रतिवेदन तयार गर्दा दफा ८२ को उपदफा (४) र (५) को दफाक्रम र उपदफाक्रम मिलाउने भनी प्रतिवेदन समेतमा लेखेका थियौं। त्यसलाई छुट्याएर कानून मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका सहसचिवहरू र सचिवालय सचिवले प्रतिवेदनमा मिलाउनु पर्नेमा त्यहाँ गल्ती

भएको भन्ने लाग्छ। यसमा सबैको ध्यान पुगेन भन्ने लागेको छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय डा. चन्दा कार्की (भण्डारी)</u>: उपसमितिमा कुलिङ पिरियडको टुङ्गो नलागिरहेको हुनाले मैले त्यसमा असहमति जनाएर दुईवर्षको कुलिङ पिरियड हुनु पर्छ भनेर नोट अफ डिसेन्ट लेख्नेमध्येको म पनि एकजना थिएँ। त्यो उपसमितिको प्रतिवेदनमा हामीले सच्याउनु पर्ने के हो भने नोट अफ डिसेन्ट अध्ययन गर्ने चलन पनि छैन। त्यसलाई पनि हामी सुधार गर्दै लग्नु पर्छ जस्तो लाग्छ किनभने त्यसमा पारदर्शिता हुन्न। तर उपसमितिले एकदम अनुशासित तरिकाले विधेयक तयार गरेर समितिलाई समयमा नै बुझाएको हो। त्रुटिका सम्बन्धमा के गलत भयो भने राजपत्राङ्कित प्रथम श्रेणी तथा विशिष्ट श्रेणीको पदमा अवकाश भएको भन्ने स्पष्ट भाषा प्रयोग हुनु पर्ने र त्यही कुरामा हाम्रो निर्णय समेत भएकोमा त्यसलाई उल्टो गरेर निजामती सरकारी सेवाबाट राजीनामा दिएको, अवकाश पाएको भन्ने लेखिएको देखियो त्यो निर्णय बदल्ने भनेर कहिल्यै छलफल गरेको सम्झना छैन भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय सर्वेन्द्रनाथ शुक्ला</u>: यो कानून मन्त्रालयले गर्दाखेरी यो हटेर आउँछ। यो यहाँ राखिदैन पनि भन्नु भयो। जुन कुरो हाम्रो अब्जेक्सन छ त्यो कुरो हटाई दिने भन्नु भएको थियो। बिरोधाभाष कहाँबाट सुरु भएको हो भने जब यो कुलिङ पिरियडको कुरा आयो र अवकाशको कुरा मात्र लोकसेवाले अलिकति कन्फ्युजन क्रिएट गरेको थियो पछि उहाँले नै क्लियर गरी दिनु भयो। कुलिङ पिरियडको बारेमा सुरुदेखि नै हामीले पूर्व मुख्य सचिवहरूलाई बोलाउँदा लोकसेवाको पूर्वअध्यक्ष र वर्तमान अध्यक्षलाई बोलाउँदा उहाँहरूले कुलिङ पिरियड राख्नै पर्छ भन्ने उहाँहरूको सुझाव आएको थियो। कानुन मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, मुख्य सचिव, गृहसचिव, प्रधानमन्त्री कार्यालयको सचिव कोही पनि कुलिङ पिरियडको पक्षमा हुनु हुन्थेन। यो कुरोलाई हटाउने अन्तमा आएर कहाँ सम्म भयो भने सामान्य प्रशासन सचिवले एकदिन सरकारले नै प्रस्तुत नगरेको कुरालाई हामीले कसरी समर्थन गर्ने विधेयकमा यो विषय सरकारले प्रस्तुत गरेको छैन। हामी सरकारी कर्मचारी हामी त जुन सरकारी विधेयक छ, त्यसैलाई समर्थन गर्छौं भनेर भन्नु भएको थियो। त्यो दिन हामीले सामान्य प्रशासन मन्त्रीलाई ल अब यो माथि तपाईले कुरा गर्नुहोस्, के गर्ने यस बारेमा के छ सरकारको धारणा। हामीले यहाँ दिएर सरकारले मान्दैन एक्सेप्ट गर्दैन भने यो बेकारमा बहस गरेर काम छैन। तपाईंहरूले माथिबाट क्लियर गरेर हामीलाई सुनाई

दिनुहोस्। दुईतिर कुरा गर्नुहोस् भनेर हामीले उहाँहरूलाई आग्रह गऱ्यौं। त्यसको दुई दिनपछि उहाँले आएर कुलिङ पिरियड दुई वर्ष राख्ने र अवकाश सम्बन्धमा एक/एक वर्ष थपेर जाने भन्ने कुरा आएकोछ भनेर भन्नुभयो। त्यसपछि त्यही अनुसारले प्रतिवेदन लेख्न सबै काम सुरु भएको हो भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राखु भएको भनाई।

<u>माननीय राजेन्द्र प्रसाद पाण्डे</u>: कुलिङ अफ पिरियडलाई निष्क्रिय गर्ने गराउने गरी दफा ८२ को उपदफा (५) को उपदफाक्रम मिलाउने गरी आएको जुन विषय छ। कुलिङ अफ पिरियड कम्तीमा दुई वर्ष राख्नु पर्छ भन्नेमा नोट अफ डिसेन्ट लेख्नेमध्ये म पनि थिएँ। मैले सभापतिज्यूलाई पनि भने यो सर्वसम्मतिबाट पारित भो त भन्नु भयो तर कतिपय कुरा नमिलेका होलान् हामी सबैले लाइन बाई लाइन हेरेर टुङ्गो लगाउनु पर्छ। फाइनल ड्राफ्ट हामीलाई दिइएन। असार १५ गते प्रतिनिधि सभामा जुन ढङ्गले पारित भयो, पारित हुने क्रममा हामीले राखेको विषयलाई त निष्क्रिय हुने गरी अरु उपदफा झुण्डाएको रहेछ। यति भैसकेपछि हामी यहाँ ईमरजेन्सी बैठक बस्यौं। छलफलको क्रममा हाम्रो सचिवले उपदफा (५) त छलफल नै भएको छैन भन्नु भयो। छलफल नै नभएको विषय सभापतिलाई साइन गराएर किन लानु भयो भनेर समिति सचिवलाई भनेको हो। यो विषयमा दोषी को हो भनेर धेरै टाढा जानु पर्दैन। सचिव सुरज कुमार दुरा, कानुन मन्त्रालयको सहसचिव सुभाष कुमार भट्टराई, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिव मिरा आचार्य तीनजना हो अरु कोही हुँदै होइन भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राखु भएको भनाई।

<u>माननीय प्रकाश अधिकारी</u>: संसदीय अभ्यासमा यो एउटा मेजर घटना हो। यो त्रुटि दुईवटा कारणले भएको भन्ने लाग्छ। सरकारका प्रतिनिधि र समितिका कर्मचारीहरू बीचमा विवादित बुँदामा ठूलै बहस भएको थियो र सरकारले स्वीकारेको अवस्था पनि हो। यस्तो बारम्बार भइरहने हो भने यो संसदको के अर्थ? समितिको के अर्थ? कानुन कसले बनाउने भन्ने गम्भीर प्रश्न उठेको छ। उपसमितिको जुन बुँदामा असहमति छ २,३ वटा बुँदामा त सबैको एउटै मत छ खासमा लिखितमा पाँचजनाको फरक मत देखापरे पनि त्यो उपसमितिमा पनि अधिकाशंको जे छ हामीले फरक मत लेखेका छौं। तर पनि रिपोर्टमा आउँदा हामीले त्यसलाई फरक मतमा दर्ज गराउनु पऱ्यो, जब कि समितिमा १/२ जना सदस्यहरू बाहेक कसैको पनि त्यस्तो मत थिएन। सबैको मत एउटै थियो। कुलिङ अफ पिरियड सम्बन्धमा जुन आएको, यो सिरियस म्याटर हो। यो गलत भएको छ। यसमा कारबाही गर्ने तिर जानु पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राखु भएको भनाई।

<u>माननीय अशोक कुमार राई</u>: यो विश्वासको सङ्कट हो। जुन विधेयकमा फेरफार भएको भन्ने छ, कुलिङ अफ पिरियड विषय जुन थियो, त्यो चाहिँ झुक्किने/झुक्याइने ओझेलमा परी हाल्ने खालको विषयवस्तु थिएन। यत्ति धेरै बहस भएर आएको विषयमा यसरी लिखत तल माथि पर्छ भन्ने सोच्ने कुरै भएन। यहाँ विश्वासघात भयो। दोषी को हो भन्ने प्रसङ्गमा चाहिँ हाम्रो माननीयज्यूहरूले बताइ नै सक्नु भयो भन्ने बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय बुद्धिमान तामाङ</u>: कुलिङ पिरियड राख्नुपर्छ भन्ने सम्बन्धमा सबैले एकमत भई राख्नु पर्छ भनेका हौं। यो समितिमा अहिलेसम्मैको जालसाजी काम भएको देखियो। यस्तो किसिमको कमी कमजोरी हुन नदिनको लागि संशोधनकर्ताको भनाईलाई पनि प्रतिवेदन तयार गर्दा बढी जोड दिनु पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय लिलानाथ श्रेष्ठ</u>: कुलिङ पिरियड सम्बन्धमा समितिमा व्यापक छलफल भई टुङ्गो लागेको हो। यो कसरी स्लिप भयो थाहा छैन। यसलाई नीतिगत भ्रष्ट्राचार भन्छन्। समिति सचिवले ठूलो त्रुटि गरेको हो। सभापतिज्यूले पनि त्रुटि गरेको हो। अब कसरी गल्ती भयो? यो विषयमा प्रमाणको आधारमा सम्मानित छानबिन समितिबाट प्रतिवेदन आउने नै छ भन्ने लाग्छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय हृदयराम थानी</u>: यो समितिमा हामी पाँचवटा कुरामा जुधेका छौं। कुलिङ पिरियड सम्बन्धमा उपसमितिले सबै मिलाएर ल्याउनु पर्दथ्यो। ४/५ वटा विषय बाहेक अरु दफामा हामी गएनौं। कुलिङ अफ पिरियड दुई वर्ष हुनै पर्छ। यहाँ १ देखि १० सम्मको दफावार छलफल गरियो ईमान्दारिता साथ, त्यसपछि दफावार छलफल भएको छैन। जे गऱ्यो उपसमितिले गऱ्यो। उसैले मिलाएर ल्याउनु पर्थ्यो। यसले धेरै ठूलो सबक सिकाएको छ। सबै सदस्यहरूले प्रतिवेदनमा हस्ताक्षर गर्ने वातावरण बनाउँ। हात्ती आयो हात्ती आयो ... भने जस्तो नगर्दिनु होला साँच्चिकै यो समिति दह्रै रहेछ, काम गऱ्यो पार्लियामेण्टको रेकर्डमा यो समितिको ठूलो उपलब्धि छ भन्ने कुरा भविष्यमा इतिहासले पनि सम्झनेछ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

<u>माननीय दुर्गा राई</u>: कमा, फुलस्टप हेर्ने काम त कर्मचारीको हो, हामी विधायकमाथि ठुलो घात भएको छ, दुई वर्षको कुलिङ पिरियडको सम्बन्धमा २ गते अन्तिम सहमति भएपछि हामीलाई अन्तिम प्रतिवेदनको ड्राफ्ट हेर्न पाउनु पर्छ भनेकोमा त्यो हेर्न पाइएन, यसमा सांसद माथिको बायसनेस हो, यसमा पछि भएको हस्ताक्षरमा को कसको प्रभावमा पर्नु भयो थाहा

भएन, यसमा भएको त्रुटि रोक्नुपर्छ, यसमा विज्ञ ल्याएर अनुसन्धान गर्नु पर्छ। हामीले सभामुख समक्ष उपस्थित भएर दुई दिन यो विधेयक रोकिदिनुस् भनेका थियौं। हुन्छ भन्ने भएकोमा सो भनेको तुरुन्तै पछि राष्ट्रिय सभामा गएको भन्ने थाहा पाएको हो। यसमा दफा ८२ (४) ल्याएपछि (५) लाई हटाउनु वा संशोधन गर्नु पर्छ भन्ने त सबैलाई थाहा हुन्छ नि। यसमा हाम्रो कुलिङ पिरियडको बारेमा दुई वर्ष राख्ने भनी सहमति भएको हो भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

__माननीय सरिता प्रसाई:__ यसमा हामीले दुई वर्ष कुलिङ पिरियड राख्ने भनेर भनेका थियौं, यसमा कोही-कोही माननीयको डिबेट थियो, पछि उपसमिति बन्यो र यसमा २/४ वटा कुरामा असहमति आएको थियो, विभिन्न उच्चपदस्थ पदकाले फोन गरी दबाब दिएका थिए, यसमा हामीले तपाईहरू दुई वर्ष रेष्ट गर्ने हो भनेर भन्यौं, यसमा पछि २ गते माननीय सामान्य प्रशासन, गृह र शिक्षा मन्त्रीहरूको उपस्थितिमा दुई वर्षको कुलिङ पिरियड राखेर पास गरेको हो, पास गरेपछि यसमा दुई वर्ष कुलिङ पिरियड छ भनेर पढेकोमा पछि त्यसमा पछि उपदफा राखेर काटेको रहेछ, यसमा हामीलाई घात भयो भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

__माननीय अम्बिका बस्नेत:__ हामी सबैले दुई वर्षको कुलिङ पिरियडमा सर्वसम्मतिमा खुशी भएर पास गरेको विधेयकमा अन्य उपदफामा चलखेल गरेर हटाएको रहेछ, त्यसमा भाषा मिलाउने काम त कानूनको हो नि, यसमा कानून मन्त्रालयबाट जे आयो त्यही पास गऱ्यौं भन्नु भयो तर कानूनको सहसचिवले भन्न सकिन भनेर भन्नु भएको अवस्था छ। यसमा कानूनले गल्ती भयो भनेर भनेको छ। प्रतिवेदनमा सभापतिले सहि गरेकोमा त्रुटि छ, त्यसमा त्रुटि छ भनेर भन्नुपर्थ्यो नि, त्यसमा सभापतिको भन्दा पनि कर्मचारीको चलखेल जस्तो छ। यसलाई अब हामी सबैले सच्याउनु पर्छ। यसमा मन्त्रालय र कर्मचारी आफ्नो जिम्मेवारीबाट पन्छिन पाउनु हुन्न, भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राख्नु भएको भनाई।

__माननीय कृष्ण गोपाल श्रेष्ठ:__ कुलिङ पिरियड राख्ने कि नराख्ने, नराखे सकिहाल्यो, यसमा व्यक्तिवादी सोच आउन थाल्यो। राख्ने भनेपछि कम्तीमा एक वर्ष र बढीमा २/३ वर्षसम्म, कति राख्ने विषयमा छलफल भएको थियो। यसमा समितिमा बैठक हुँदा समेत गृहमन्त्री, शिक्षामन्त्री, सभापति समेत हाँसेर सहमति जनाउनु भएको थियो। यसमा बाहेक भन्ने शब्दले खाइसक्यो। दुईवर्षे कुलिङ पिरियडको सम्बन्धमा त सहमति भइसकेको थियो त, यसमा हामी सिंगो राज्य व्यवस्था समितिको तर्फबाट सर्वसम्मति भइसकेको हो। यसमा सहमती भएको

कुरामा कसरी बिग्रियो, कसरी घुमाइयो, यसमा सभापति लगायत हामी छक्क पऱ्यौं। यसमा अन्जानमा भएको होइन। यसमा जानी-जानी कुविचार राखेर भएको छ। यसमा समितिको सभापतिले र सचिवले सही गरेपछि यसमा त्यसमा थाहा भएन भनेर भन्न मिलेन, दुराजीको पनि सही छ, यसमा मिल्दैन भनेर सचिवले सम्झाउनु पर्थ्यो नि, त्यसमा कर्मचारीले लेखेर ल्याएको भएपनि भन्नुपर्थ्यो नि, यसमा मलाई कसले दबाब दियो वा कसले भन्यो भनेर भन्नु पर्छ, यसको मुख्य जड हामीसमेत सभापति र सचिवले लिनु पर्छ। यसमा हाम्रो त बदनामी भयो-भयो यसमा तपाईहरूले मुल जड पत्ता लगाउनु पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राखु भएको भनाई।

<u>माननीय अनिता देवी</u>: विधेयक, कानुन भनेको सबैले बुझ्ने आउनु पर्छ। कुलिङ पिरियडको बारेमा पहिलेदेखि नै दुई वर्ष राख्ने भनेर छलफल भएको थियो। अहिले एक अर्कालाई आरोप लगाउने काम गर्नु हुँदैन। यसमा त्रुटि भएको सम्बन्धमा हामी सबैको ध्यान गएन। यसमा अहिले उमेर कति राख्ने र कति समय पछि के मा नियुक्ति लिने भन्नेमा मात्र ध्यान गएको देखिन्छ। पहिले दुई वर्ष राख्ने सम्बन्धमा सहमती थियो तर अहिले अवकाश हुन लागेका कर्मचारीको ध्यान नै कुलिङ पिरियड हटाउनको लागि ध्यान गएको देखिन्छ। उहाँहरूलाई ५८ वर्ष जागिरले हामीलाई पुगेन हामीलाई ५ वर्ष जति थपिदिनु पऱ्यो भनेर छलफल गरेको भए केही हुन सक्थ्यो नि। कुलिङ पिरियडको सम्बन्धमा कर्मचारीहरू बाहिर ननिस्केको भए यस सम्बन्धमा थाहा पनि हुन्थेन। हाम्रो ध्यान पुग्थेन। कुलिङ पिरियड यसमा राखेन भने सम्पूर्ण सांसदको अपमान हुन्छ। यसमा अब राष्ट्रिय सभाबाट सल्लाह, सहमति गरेर जानु पर्छ। यसमा जसको त्रुटि छ, त्यसलाई कानूनको दायरामा ल्याउनु नै पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।१ मा राखु भएको भनाई।

<u>माननीय इश्वरी न्यौपाने</u>: यस्तो घटना घटेको थिएन। विधेयक र प्रतिवेदन अक्षरशः पढ्नु पर्ने सजगता गरायो। विश्वासको खडेरीको सिर्जना गरायो यो विषयमा काहीँ न काही गडबड रहेको छ। सचिवहरूले त्यतिबेला किन भन्नु भएन भन्ने लाग्छ भन्ने समेत बेहोराको मिति २०८२।४।५ मा राखु भएको भनाई।

<u>माननीय राजेन्द्र कुमार राई</u>: मैले कल्पना समेत गरेको थिइनँ। यो भन्दा बेइमान काम गर्नेलाई कडा कारबाही गर्नु पर्छ। बेमानी गर्नेलाई कुनै हालतमा छाड्नु हुन्न। समितिले गरेको निर्णयमा समितिका सभापति र समिति सचिवले जिम्मा लिनु पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।५ मा राखु भएको भनाई।

**<u>माननीय बासुदेव घिमिरे</u>**: संसदलाई नै आँच आउने काम भयो। प्रतिनिधि सभामा पेस हुनु अगाडि पढ्न पाउनु पर्छ भनेको हो। अन्तिम ड्राफ्ट अरु विधेयकको पनि देखाइने गरिएको छैन। सभापतिले नपढी नबुझी गर्नु भएको भन्ने लाग्दैन। यो सामान्य खालको घटना होइन तोडमोड भएको छ। यसलाई मानवीय त्रुटि मानिँदैन। यो अपराध हो, भ्रष्टाचार हो भन्ने समेत बेहोराको मिति २०८२।४।५ मा राख्नु भएको भनाई।

**<u>माननीय विश्वप्रकास शर्मा</u>**: यो कार्य नियतवश भनौं भने राष्ट्रिय सभा बाँकी नै थियो, कसरी होला? तर नभनौं भने गरेकै छ। यो घोर आपत्तिजनक र दण्डनीय छ। असावधानी, जानकारीको कमीले तनाब र थकानमा गरेको कार्य होइन। मानवीय गल्ति भनी उम्कने ठाउँ छैन। अबका दिनमा संसदीय प्रक्रिया नै सक्षम छ भन्ने गरी कार्य गर्नु पर्छ भन्ने समेत बेहोराको मिति २०८२।४।५ मा राख्नु भएको भनाई।

**<u>माननीय चित्र बहादुर के.सी</u>**: इमान्दर मान्छे प्रायः भेटिदैन। सभापतिलाई हामिले विश्वास गर्ने कि नगर्ने। यो विषयमा छलछाम भएको छ। यो विकृति विसंगति हो। सामान्य कर्मचारीले गरेको हो भन्ने लाग्दैन यो त जिम्मेवार व्यक्तिबाट भएको षडचन्त्र र बदमासी हो भन्ने समेत बेहोराको मिति २०८२।४।५ मा राख्नु भएको भनाई।

<u>माननीय पदम गिरी</u>: नेपालको संसदमा यो पहिलो लज्जास्पद काम भएको छ। निजामतीको विधेयकमा भएको त्रुटिलाई सामान्य रूपमा लिन सकिंदैन। यो नियोजित जानी-जानी गरिएको र सुनियोजित हो। गम्भीर त्रुटि भएको छ। प्रतिवेदनमा कसले सही गर्‍यो उसले जिम्मेवारी लिनु पर्छ। उहाँ यो समितिमा बस्न मिल्दैन। यसको मुख्य जिम्मेवार फ्रन्टलाइनमा सभापति र सचिवको हो। नैतिकरूपमा राज्य व्यवस्था र सांसद समेत जिम्मेवार हुनु पर्छ भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ८ गतेको यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

## मुख्य सचेतक, प्रमुख सचेतक, सचेतक, संसदीय दलका नेता र स्वतन्त्र सांसद समेतको भनाई

**माननीय श्याम कुमार घिमिरे, प्रमुख सचेतक, नेपाली कांग्रेस:** कुलिङ अफ पिरियडको अवधिमा जे जति कुराहरू आएका छन् यो विषयमा सत्यतथ्य छानबिन गरेर यो समितिले आफैं निचोड निकाल्ने नै छ र त्यो निचोडलाई गरिमामय संसदले स्वीकार पनि गर्ने छ। त्यही अनुसार अगाडि बढ्ने पनि छ। त्रुटि भूल भनेको कुरा दुई तरिकाले हुन्छ। एउटा नियतवश हुन्छ। एउटा भूलवश हुन्छ। भूलबस भएको हो कि नियतवश भएको हो, पत्ता लगाउनुस् भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

**माननीय सन्तोष परियार, प्रमुख सचेतक, राष्ट्रिय स्वतन्त्र पार्टी:** सार्वभौम संसदमाथिको जुन किसिमको हस्तक्षेप भएको छ, जुन किसिमको खेलबाड भएको छ त्यसलाई न्याय सम्पादन काम गरोस्। यो भन्दा अगाडि यो विधेयक निर्माण गर्ने क्रममा भएका घटना क्रमलाई हेर्दाखेरी यो समान्य घटना भयो भन्ने कुरा राष्ट्रिय स्वतन्त्र पार्टीले मान्दैन। यो कुनै भुल होइन। यो नियतबश नै गरिएको हो। थाहा नपाउने छुट कसैलाई छैन। सांसदहरूले पढेनन् भन्न पाइँदैन। सांसदहरूले त विश्वास गरेको हो। त्यो समितिलाई, उपसमितिलाई विश्वास गरेको हो। बदनियतपूर्ण तरिकाले त्यहाँ दायाँबायाँ गरिन्छ भनेदेखि यो संसदले पनि पढ्नुपर्थ्यो भनेर यस्ता कुतर्क राखेर भाग्न पाइँदैन।

हाम्रो कानुन निर्माण प्रक्रिया कति कमजोर रहेछ भन्ने कुरा यसले स्थापित गरेको छ। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्ति पृथकीकरणको एउटा लोकतान्त्रिक व्यवस्थामा सार्वभौम मान्यता छ। त्यसलाई पनि चकनाचुर पार्ने गरी त्यसमा पनि प्रश्न उठ्ने गरी जसरी सार्वभौम विधायिकामाथि हस्तक्षेप भयो, त्यो चाहिँ अक्षम्य छ। एउटा सांसदले त्यही भएका समितिका साथीहरूले प्रतिवेदन हेर्न नपाउने अवस्थाले हामीलाई कहीं पनि पुर्‍याउँदैन। कर्मचारीको नियन्त्रणभन्दा विधायिकालाई माथि राख्नलाई भूमिका खेल्नु पर्ने छ। हाम्रो जस्तो फ्रेजाइल राज्यमा यो कुलिङ पिरियड चाहिन्छ। यो कति न्याय सङ्गत छ, छैन त्यो प्राज्ञिक बहस छ। आजका दिनसम्म राज्यको विभिन्न संरचनामा बसेर काम गर्ने भोलिदेखि तपाईं नितान्त पद र पैसाको लागि कुनै अन्तर्राष्ट्रिय सङ्घ, संस्थामा गएर काम गर्ने हाम्रो सूचनाहरू बेच्ने। साँच्चिकै राष्ट्रको तहबाट हेर्ने हो भने अहिलेको मौजुदा व्यवस्थाको तहबाट हेर्ने हो भने यो कुलिङ पिरियड जुन तरिकाले यो माथि आक्रमण गरियो

यो गम्भीर प्रश्न हो। यसलाई सामान्य रूपमा नलिइयोस्। सिङ्गो समितिले यसमा राम्रो काम गरोस् र जो जो यो बदनियत काममा तानिन्छन् सत्य तथ्य जे पत्ता लाग्छ त्यसलाई कानुनमा व्यवस्था भए अनुसारको कारबाहीको लागि पनि सिफारिस गर्न हुन अनुरोध गर्दछु।

<u>माननीय हितराज पाण्डे, प्रमुख सचेतक, नेकपा (माओवादी-केन्द्र)</u>: यो विधेयकका बारेमा विगतमा दर्ता भएको र यसको इतिहासका बारेमा अध्ययन गर्न जरुरी छ। माननीय सभापतिबाट हतार हतार पास गर्न भन्नु भयो मैले समय तोकिनु पर्दछ भनेपछि एक महिना समय उपसमितिको लागि भएको हो। हामीले दुई वर्ष कुलिङ पिरियड हुनु पर्छ भनेर सर्वसम्मति गरेको विषयमा यो गम्भीर त्रुटि भयो। यसको सम्बन्धमा समितिले गम्भीर अध्ययन गरेर दोषीलाई कारबाही गरोस् सत्य तथ्य के हो? ल्याओस्। पारित भएको र बुझाएको ड्राफ्ट एउटै छैन, यति धेरै जालझेल रहेछन्। हेर्न त पाउनु पऱ्यो भन्दा हामीलाई हेर्न नै दिइएन। धोकाको महसुस गरेको छु भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय महेश कुमार बर्तौला, मुख्य सचेतक, नेकपा (एमाले)</u>: यसलाई निकै ठूलो अवसरको रूपमा संसदले लिनु पर्छ। यो समितिको कार्यको लागि सदैव सहयोग रहनेछ। यस्तो कार्य मनसायप्रेरित वा भूलवश वा अनुभवहीनता वा अज्ञानतावश कसरी भएको हो, सोको निष्कर्ष जरासम्म पुगेर समितिले निकाल्नु पर्छ। समितिको प्रतिवेदन समितिका सदस्यले हेर्न पाइएन भन्नु कमजोरी हो। जे काम गर्न पठाइएको छ बहाना बनाएर अरुलाई दोष लगाउन पाइँदैन। सभामा बोल्ने माननीयले पनि के हेरेर बोल्नु भयो त? हाम्रो ध्यान विधायिकी कार्यमा छैन, विकासमा बढी छ भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय प्रेम सुवाल, नेपाल मजदुर किसान पार्टी</u>: सुशासनमा आक्रमण भएको देखियो। परम्परागत काम गर्ने तरिका राम्रो भएन। अब ऐन यस्तो बन्छ भनेर मिलाइएको हुनु पऱ्यो। यो कसको आड र भरोसामा भएको हो भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय अमरेश कुमार सिंह, स्वतन्त्र</u>: बिचौलियाहरूको नेटवर्किङ तोड्नका लागि कुलिङ पिरियडको आवश्यकता छ। बिचौलिया र बिजनेसम्यान संवैधानिक निकायमा नियुक्ति गराउने अभ्यास जुन देखिरहेको छ त्यो तोड्नलाई पनि कुलिङ अफ पिरियडको स्पष्ट प्रावधान हुनु पर्छ। यो सबै षडयन्त्र सरकारबाट भएको छ, पार्टीबाट भएको छ। हिजै राष्ट्रिय सभामा अनुभूति

भयो कि कुलिङ अफ पिरियड हटाउनका लागि संशोधन हाल्या छ। सभामुख, महासचिव, मुख्य सचिवहरू सबै संलग्न छन्। प्रधानमन्त्री आफैं कुलिङ अफ पिरियडको पक्षमा हुनुहुन्न। विशिष्ट कर्मचारीहरूको र बिचौलियाहरूको सम्बन्ध तोड्नलाई पनि कुलिङ पिरियड अनिवार्य छ। कुलिङ पिरियड हुनैपर्छ किनकि समहति भएकै त्यही हो। भूलवश भएको होइन, दोषीलाई कारबाही गर्नु पर्छ। सभापति र सचिव बढी जिम्मेवार हुनु पर्छ। आदेशकर्ता, षड्यन्त्र बुन्ने र गर्नेलाई कारबाही हुनु पर्छ। समितिमा कानुन बनाउँदा अरु मन्त्रालयको कर्मचारी आएर आफ्नो कुरा छिराउन जरुरी छैन भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय रेखा यादव, प्रमुख सचेतक, जनता समाजवादी पार्टी नेपाल</u>: राष्ट्रिय सभामा संशोधनका लागि गएको र सत्ता पक्षले नै यो कुलिङ पिरियड हटाउनु पर्छ भन्नुले सङ्का उब्जिएको छ। कर्मचारीहरूको भुमरिमा फसेको हो। मिलेमतो नभइ कर्मचारीले आट गरेको जस्तो लाग्दैन। गल्ति हैन अपराध हो क्षमा पाउनु हुँदैन भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

<u>माननीय प्रभु साह, आम जनता पार्टी</u>: मुख्य सचिव र सचिवहरूलाई संवैधानिक निकायहरूमा नियुक्ति दिनु हुँदैन। यो संसदको इमेज माथिको छेडछाड हो। सांसद, पार्टीका नेताका कठपुतली हुन्। यो गर्ने र गराउने दुवैलाई किर्ते फौजदारी अभियोग लगाउनु पर्छ। यो विधेयक संविधानसँग बाझिएको छ। विभेद छ र समानता विपरित रहेको छ।

<u>माननीय राम प्रकाश चौधरी, प्रमुख सचेतक, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल</u>: अहिले पनि लबिइङ भैराखेको छ। प्रधानमन्त्रीसँग पुगेका छन् लबिइङको लागि। यो कार्यमा बदमासी छ र जानी-जानी गरिएको छ भन्ने समेत बेहोराको मिति २०८२ साल साउन ५ गते यस छानबिन समिति समक्ष व्यक्त गर्नु भएको भनाई।

## परिच्छेद-५

## तथ्यको विश्लेषण

प्रतिनिधि सभाको मिति २०८२ असार २३ को बैठकबाट संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित यस संसदीय छानबिन विशेष समितिलाई तोकिएको कार्यादेश बमोजिम निष्कर्षमा पुग्न यस समितिले प्राप्त गरेको संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा छलफल गर्न राज्य व्यवस्था तथा सुशासन समितिद्वारा गठित उपसमिति र उक्त समितिको प्रतिवेदन, समिति र उपसमितिमा रहनु भएका माननीय सदस्यहरू, समितिका माननीय सभापति र सचिव, संसदीय दलका मुख्य/प्रमुख सचेतक, प्रतिनिधि सभामा प्रतिनिधित्व रहेका विभिन्न राजनीतिक दलका माननीय सदस्य एवं स्वतन्त्र माननीय सदस्यहरूद्वारा यस विशेष समिति समक्ष व्यक्त भनाई, दृष्टिकोण, राज्य व्यवस्था तथा सुशासन समिति र उपसमितिका निर्णय पुस्तिकाको अध्ययन, उपलब्ध अन्य अभिलेख, अन्तर्राष्ट्रिय अभ्यास, विज्ञहरूको राय एवं सङ्कलित प्रमाण समेतका आधारमा यस प्रतिवेदनमा देहाय बमोजिम तथ्यको विश्लेषण गरिएको छः-

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका तत्कालीन मन्त्री अनिता देवी प्रस्तोता रहेको संघीय निजामती सेवा विधेयक, २०८० मिति २०८० फागुन २१ गते संघीय संसद सचिवालयमा दर्ता भई मिति २०८० चैत १ गते प्रतिनिधि सभामा प्रस्तुत भएको र मिति २०८० चैत २१ गतेको प्रतिनिधि सभाको बैठकमा सैद्धान्तिक छलफल भए पश्चात् सो विधेयकमाथि माननीय सदस्यहरूबाट समूहगत एवं व्यक्तिगत गरी विभिन्न दफामा १ हजार ५ सय ८३ बुँदामा संशोधन प्रस्ताव परेको देखिन्छ। प्रतिनिधि सभाको मिति २०८१ जेठ १५ गतेको निर्णयानुसार राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलको लागि पठाइएको संशोधन प्रस्ताव सहितको सो विधेयकमाथि राज्य व्यवस्था तथा सुशासन समितिले २०८१ भदौ २० गते सैद्धान्तिक छलफल गरेको देखिन्छ। तत्पश्चात् मिति २०८१ भदौ २३ गतेदेखि विधेयकमा संशोधन प्रस्ताव प्रस्तोता माननीय सदस्यहरू, सम्बन्धित विज्ञहरू, मुख्य/प्रमुख सचेतकहरू, लोक सेवा आयोगका पदाधिकारीहरू लगायत विभिन्न ट्रेड युनियनसम्बद्ध पदाधिकारीहरू र अन्य सरोकारवालासँग समितिले विभिन्न मितिमा छलफल गरेको देखिन्छ।

## राज्य व्यवस्था तथा सुशासन समितिमा रहनु भएका माननीय सदस्यहरू

| क्र.सं. | नामावली | दलीय सम्बद्धता |
|---|---|---|
| १. | माननीय रामहरि खतिवडा (सभापति) | नेपाली कांग्रेस |
| २. | माननीय अनिता देवी | जनमत पार्टी |
| ३. | माननीय अम्बिका बस्नेत | नेपाली कांग्रेस |
| ४. | माननीय अशोक कुमार राई | जनता समाजवादी पार्टी |
| ५. | माननीय ईश्वरी देवी न्यौपाने | नेपाली कांग्रेस |
| ६. | माननीय कृष्ण गोपाल श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| ७. | माननीय गगन कुमार थापा | नेपाली कांग्रेस |
| ८. | माननीय चन्दा कार्की (भण्डारी) | राष्ट्रिय स्वतन्त्र पार्टी |
| ९. | माननीय चित्र बहादुर के.सी. | राष्ट्रिय जनमोर्चा |
| १०. | माननीय दिलेन्द्र प्रसाद बडू | नेपाली कांग्रेस |
| ११. | माननीय दुर्गा राई | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १२ | माननीय पदम गिरी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १३. | माननीय पुष्पकमल दाहाल "प्रचण्ड" | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| १४. | माननीय पूर्ण बहादुर खड्का | नेपाली कांग्रेस |

| | | |
|---|---|---|
| १५. | माननीय प्रकाश अधिकारी | जनता समाजवादी पार्टी, नेपाल |
| १६. | माननीय बासु देव घिमिरे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १७. | माननीय [illegible] | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| १८. | माननीय मेनका कुमारी पोखेल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| १९. | माननीय रवि लामिछाने | राष्ट्रिय स्वतन्त्र पार्टी |
| २०. | माननीय राजेन्द्र कुमार राई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २१. | माननीय राजेन्द्र प्रसाद पाण्डे | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) |
| २२. | माननीय लिलानाथ श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| २३. | माननीय विश्व प्रकाश शर्मा | नेपाली कांग्रेस |
| २४. | माननीय सर्वेन्द्र नाथ शुक्ला | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| २५. | माननीय सरिता प्रसाई | नेपाली कांग्रेस |
| २६. | माननीय हितराज पाण्डे | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| २७. | माननीय हृदयराम थानी | नेपाली कांग्रेस |

राज्य व्यवस्था तथा सुशासन समितिले २०८१ माघ १० देखि फागुन २ गतेसम्म विधेयकको प्रस्तावना र दफा १ देखि दफा १० को उपदफा (१) सम्म दफावार छलफल सम्पन्न भएपछि समग्र विधेयक छलफल गरी प्रतिवेदन पेस गर्ने मिति २०८१ फागुन ९

मा एक महिनाको समय तोकी देहाय बमोजिम ११ सदस्यीय उपसमिति गठन गरेको देखिन्छः-

| क्र.सं. | नामावली | पद |
|---|---|---|
| १ | माननीय [illegible] | संयोजक |
| २ | माननीय अशोक कुमार राई | सदस्य |
| ३ | माननीय ईश्वरी देवी न्यौपाने | सदस्य |
| ४ | माननीय चन्दा कार्की (भण्डारी) | सदस्य |
| ५ | माननीय प्रकाश अधिकारी | सदस्य |
| ६ | माननीय बुद्धिमान तामाङ्ग | सदस्य |
| ७ | माननीय रघुजी पन्त | सदस्य |
| ८ | माननीय राजेन्द्र प्रसाद पाण्डे | सदस्य |
| ९ | माननीय लिलानाथ श्रेष्ठ | सदस्य |
| १० | माननीय सर्वेन्द्र नाथ शुक्ला | सदस्य |
| ११ | माननीय हितराज पाण्डे | सदस्य |

राज्य व्यवस्था तथा सुशासन समिति र सो सम्बन्धमा छलफल गर्न गठित उपसमिति समक्ष पेस भएको संघीय निजामती सेवा विधेयक, २०८० को दफा ८२ मा देहायको व्यवस्था रहेको देखिन्छ:

"८२. <u>अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने</u>: (१) निजामती कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैनः-

(क) नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न,

(ख) प्रचलित कानुन बमोजिम अध्ययन बिदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थामा कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ग) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(घ) अख्तियारवालाको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(ङ) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(च) अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघ संस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहका लागि उपयोगी हुने देखी अख्तियारवालाले बिदा स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(छ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी आफ्नो गैरराजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन,

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनका लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परादेखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका

सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ।

(ज) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न।

(३) उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको तयारीको लागि सञ्चालन गरिने प्रशिक्षण कार्यक्रममा कुनै पनि निजामती कर्मचारीले प्रशिक्षण दिन पाउने छैन।

(४) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवानिवृत्त भएको व्यक्तिले सेवानिवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई देहायका काम गर्नु हुँदैनः-

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न,

(ग) अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न।

(५) उपदफा (४) विपरीत त्यस्तो काम गर्ने व्यक्तिले यो ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन।

## उपसमितिमा माननीय सदस्यहरू र अन्य सम्बद्ध पदाधिकारीहरूको उपस्थिति र छलफल

मिति २०८१ फागुन १२ देखि चैत १३ सम्म उपसमितिको २० वटा बैठक बसी विभिन्न दफाहरूमा छलफल गरेको देखिन्छ। विभिन्न बैठकमा लोक सेवा आयोगका पदाधिकारी, महालेखा परीक्षकका साथै देहायका बैठकहरूमा देहाय बमोजिमका व्यक्तिहरूको उपस्थिति रहेको निर्णय पुस्तिकाबाट देखिन्छः-

| क.स. | नाम, पद | मिति | बैठक सङ्ख्या |
|---|---|---|---|
| १. | माननीय रामहरि खतिवडा, सभापति, राज्य व्यवस्था तथा सुशासन समिति | २०८१ फागुन १२, फागुन १४, फागुन १६,१८,१९,२०,२२,२४,२५,२६ २८, चैत ३,४,५,६,७,८, १०,१२,१३ | २० |
| २. | श्री एक नारायण अर्याल, मुख्यसचिव, नेपाल सरकार | चैत १० | १ |
| ३. | श्री पद्म प्रसाद पाण्डेय, महासचिव, संघीय संसद | फागुन २४ | १ |
| ४. | डा. सुरेन्द्र अर्याल, सचिव, राष्ट्रिय सभा | फागुन २४ | १ |
| ५. | श्री उदयराज सापकोटा, सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८१ फागुन १६,२०,२७,२८, चैत ३,४, | [illegible] |
| ६. | श्री फणिन्द्र गौतम, सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | चैत १० | १ |
| ७. | श्री रविलाल पन्थ, सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१ फागुन १५, १६,१८,१९,२०,२२,२४,२५,२६ २८, चैत ३,४,५,६,७,८,१०,१२,१३, | १९ |

| | | | |
|---|---|---|---|
| ८. | श्री डिल्लीराम शर्मा, सचिव, लोक सेवा आयोग | २०८१ फागुन १५,१६,१८,१२, | ४ |
| [redacted] | [redacted] | [redacted] | [redacted] |
| १० | श्री गिता कुमारी हुमागाँई, सहसचिव, लोक सेवा आयोग | फागुन १८ | १ |
| [redacted] | [redacted] | [redacted] | [redacted] |
| १२ | श्री सुभाष कुमार भट्टराई, सहसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८१ फागुन १२, फागुन १५,१६,१८,१९,२०,२२,२४,२५, २७,२८, चैत ३,४,५,६,७,८,१०,१२,१३, | २० |
| [redacted] | [redacted] | [redacted] | [redacted] |
| १४ | श्री रामप्रसाद लम्साल, उपसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८१ फागुन १५,१६,१८,१९,२०,२२,२४,२५, २८,४,५,६,७,८,१०,१२, | १६ |
| १५ | श्री मधु पौडेल ज्ञवाली, उपसचिव संघीय मामिला | फागुन १८,१९,२२,२५,२७,२८ चैत ३,४,६,७,८,१०,१२,१३ | १४ |

| | | | |
|---|---|---|---|
| | तथा सामान्य प्रशासन मन्त्रालय | | |
| १६ | श्री ब्रज किशोर प्रसाद शाह, अध्यक्ष, नेपाल पशु चिकित्सा परिषद् | फागुन २४ | १ |
| १७ | डा. मनोज कुमार शाही उपाध्यक्ष नेपाल पशु चिकित्सा परिषद् | फागुन २४ | १ |
| १८ | डा. इन्दिरा शर्मा, नेपाल पशु चिकित्सा परिषद् | फागुन २४ | १ |
| १९ | डा. रामकृष्ण खतिवडा, नेपाल भेटेनरी एसोसियसन | फागुन २४ | १ |
| २० | श्री रामचन्द्र अधिकारी, महासचिव, नेपाल निजामती कर्मचारी सङ्गठन | चैत ८ | १ |
| २१ | श्री उत्तम कटुवाल वरिष्ठ उपाध्यक्ष नेपाल निजामती कर्मचारी युनियन | चैत ८ | १ |

## उपसमितिको छलफल र निर्णय

माननीय दिलेन्द्र प्रसाद बडूको संयोजकत्वमा गठित उपसमितिको बैठक सङ्ख्या १५ मिति २०८१ चैत ६ को निर्णयमा "विधेयकको दफा ८२ को उपदफा (४) र (५) मा पछि थप छलफल गर्ने गरी हाललाई विधेयकको दफा ७० देखि दफा ८३ सम्मका केही दफा/उपदफाहरूमा सामान्य परिमार्जन सहित सर्वसम्मतिले पारित गरियो" भन्ने र

बैठक सङ्ख्या १८, मिति २०८१ चैत १० मा "अघिल्लो बैठकहरूमा छलफलका क्रममा बाँकी रहेका विधेयकका केही दफाहरूमा नेपाल सरकारका मुख्य सचिवज्यूसँग धारणा बुझ्ने काम गरियो। यस समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आपसी समन्वय गरी उपसमितिको आगामी बैठकमा पेस गर्ने गरी विधेयकको प्रतिवेदन तयार गर्न निर्देशन दिइयो" भन्ने बेहोराको निर्णय भएको देखिन्छ।

यसैगरी २०८१ चैत १२ को उपसमितिको बैठकबाट "समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आपसी समन्वय गरी ल्याएको उपसमितिको प्रतिवेदनमा छलफल गरियो" भन्ने निर्णय भएको देखिन्छ। उपसमितिको चैत १३ को बैठकको निर्णयमा "उपसमितिले तयार पारेको मस्यौदाको केही विषयहरूमा सामान्य परिमार्जन गरी उपसमितिको अन्तिम प्रतिवेदन समितिका माननीय सभापति समक्ष पेस गर्ने निर्णय गरियो" भन्ने बेहोराका निर्णयहरू निर्णय पुस्तिकाको अध्ययनबाट देखिन्छ। उपसमितिले मिति २०८१ चैत १३ को निर्णयबाट राज्य व्यवस्था तथा सुशासन समितिमा उपसमितिका संयोजक माननीय दिलेन्द्र प्रसाद बडू र समितिका सचिव सुरज कुमार दुराले हस्ताक्षर गरेको संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा उपसमितिको प्रतिवेदनको क्रम सङ्ख्या ३७ मा देहायको व्यवस्था उल्लेख भएको देखिन्छ।

"३७. विधेयकको दफा ८२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफा क्रम मिलाउनेः-

"(४) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले एक वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।

तर नेपाल सरकारले गर्ने कुटनीतिक नियुक्ति वा नेपालको संविधान बमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश पदमा हुने नियुक्ति पाउन यस उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन।"

उपसमितिले पेस गरेको प्रतिवेदनमा दफा ८२ मा थपिएको उपदफा (४) को सम्बन्धमा माननीय हितराज पाण्डे, माननीय प्रकाश अधिकारी, माननीय बुद्धिमान तामाङ्गले "राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवानिवृत्त भएको कम्तीमा दुई वर्षसम्म

कुनै पनि संवैधानिक वा कुटनीतिक तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति लिन नपाउने" भन्ने फरक मत व्यक्त गर्नु भएको र माननीय राजेन्द्र प्रसाद पाण्डेले विधेयकको दफा ८२ को सम्बन्धमा "निजामती कर्मचारीले अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्न हुँदैन। साथै पेन्सन प्राप्त गरी नोकरीबाट बिदा भएको दुई वर्षसम्म माथि तोकिएको सरकारी, गैरसरकारी, विदेशी दातृसंस्थासँग सम्बन्धित कुनै पनि खालको जिम्मेवारी कार्य गर्नु हुँदैन" भन्ने फरक मत राख्नु भएको देखिन्छ। यसैगरी माननीय डा. चन्दा कार्की (भण्डारी) ले "दफा ८२ को उपदफा (४) मा उल्लिखित कुलिङ पिरियड कम्तीमा दुई वर्षको हुनु पर्छ भन्ने मेरो माग छ। साथै, यसका लागि पूर्वस्वीकृति लिनु पर्ने प्रावधान हटाउनु पर्दछ" भन्ने फरक मत राखुभएको देखिन्छ।

## राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल र निर्णय

राज्य व्यवस्था तथा सुशासन समितिमा उपसमितिले पेस गरेको प्रतिवेदन समितिको मिति २०८१ चैत २० को निर्णयबाट समितिका माननीय सदस्यहरूलाई वितरण गरेको र २०८२ वैशाख ५ मा उपसमितिको प्रतिवेदनमाथि नेपाल सरकारका मुख्य सचिव र अर्थ मन्त्रालयका सचिवसँग छलफल भएको समितिको निर्णय पुस्तिकाबाट देखिन्छ। यसैगरी २०८२ वैशाख ८ मा "उपसमितिको प्रतिवेदन र समग्र विधेयकका सम्बन्धमा छलफल गरियो" भन्ने समितिको निर्णय पुस्तिकामा उल्लेख भएको देखिन्छ। मिति २०८२ वैशाख ९ को निर्णयमा "उपसमितिको प्रतिवेदन र समग्र विधेयकका सम्बन्धमा निजामती कर्मचारी ट्रेड युनियनका पदाधिकारी र स्थानीय तहका कर्मचारीहरूका प्रतिनिधिसँग छलफल गरेको" भन्ने बेहोरा उल्लेख छ। २०८२ वैशाख १० को समितिको निर्णयमा "संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को सम्बन्धमा समितिले तयार पारेको विधेयकको मस्यौदा प्रतिवेदन समितिका माननीय सदस्यहरूलाई वितरण गरेको" भन्ने देखिन्छ। समितिको २०८२ वैशाख २८ गतेको बैठकमा पेस भएको भनिएको मस्यौदामा उपसमितिले दफा ८२ को उपदफा (४) मा भएको *"तर नेपाल सरकारले गर्ने कुटनीतिक नियुक्ति वा नेपालको संविधान बमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश पदमा हुने नियुक्ति पाउन यस उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन"* भन्ने प्रतिबन्धात्मक व्यवस्था हटाएको देखिन्छ। त्यसैगरी उपसमितिले पेस गरेको प्रतिवेदनको कुलिङ अफ पिरियड सम्बन्धी व्यवस्थामा "एक वर्ष" भन्ने व्यवस्थाको

सट्टा "दुई वर्ष" भन्ने सहमति भई मस्यौदा मिलाएको र यस्तै थप गरिएको उपदफा (४) मा अन्य "सरकारी सेवाबाट अवकाश" भएको भन्ने वाक्यांशभन्दा अघि "राजीनामा दिएको वा" भन्ने शब्दहरू थपेको, दफा ८२ को उपदफा (४) कायम भएको उपदफा (५) मा रहेका "नेपाल सरकारको पूर्वस्वीकृति नलिई" भन्ने व्यवस्था हटाएको देखिन्छ। मिति २०८२ वैशाख २८ को निर्णयमा "बैठकमा उठेका विषयहरूको सम्बन्धमा माननीय गृह मन्त्रीले नेपाल सरकारको तर्फबाट धारणा राख्नु भएको र २०८२ जेठ २ गतेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक सङ्ख्या ७३ मा देहाय बमोजिम उपस्थिति देखिन्छ:-

उपस्थिति


नेपाल सरकार

| [illegible] | [illegible] | [illegible] |
|---|---|---|
| १ | [illegible] | [illegible] |
| २ | [illegible] | [illegible] |
| ३ | [illegible] | [illegible] |
| ४ | [illegible] | [illegible] |

मा. सदस्यहरू

| | | |
|---|---|---|
| १ | [illegible] | [illegible] |
| २ | [illegible] | [illegible] |
| ३ | [illegible] | [illegible] |
| ४ | [illegible] | [illegible] |
| ५ | [illegible] | [illegible] |

| | | |
|---|---|---|
| ६ | मा. श्री [illegible] | |
| ७ | [illegible] | |
| ८ | [illegible] कार्की ([illegible]) | |
| ९ | मा. श्री [illegible] बहादुर के.सी. | |
| १० | मा. श्री [illegible] प्रसाद [illegible] | |
| ११ | [illegible] | |
| १२ | [illegible] | |
| १३ | मा. श्री [illegible] | |
| १४ | मा. श्री [illegible] | |
| १५ | [illegible] | |
| १६ | मा. श्री वासु देव घिमिरे | |
| १७ | मा. श्री [illegible] लाल [illegible] | |
| १८ | मा. श्री [illegible] | |
| १९ | मा. श्री रवि [illegible] ([illegible]) | |
| २० | मा. श्री [illegible] कुमार [illegible] | |
| २१ | मा. श्री [illegible] पाण्डे | |
| २२ | मा. श्री [illegible] | |
| २३ | मा. श्री [illegible] प्रकाश शर्मा | |
| २४ | मा. श्री [illegible] नाथ [illegible] | |
| २५ | मा. श्री [illegible] | |
| २६ | मा. श्री हितराज पाण्डे | |
| २७ | मा. श्री [illegible] | |



| | | |
|---|---|---|
| १ | माननीय मन्त्री श्री रघुजी पन्त<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| [illegible] | [illegible] | |

मिति २०८२ जेठ २ गतेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकले देहाय बमोजिमको निर्णय गरेको समितिको निर्णय पुस्तिकाबाट देखिएको छः-

"१. समितिको आजको बैठकमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को सम्बन्धमा समितिले तयार पारेको अन्तिम मस्यौदा प्रतिवेदन उपर छलफल भयो।

२. उक्त मस्यौदा प्रतिवेदन परिमार्जनसहित समितिले सर्वसम्मतिले पारित गर्‍यो।"

<u>राज्य व्यवस्था तथा सुशासन समितिका सभापति र समिति सचिवको प्रतिवेदनमा हस्ताक्षर</u>

मिति २०८२ जेठ २ को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा भएको निर्णयपछि समितिको कुनै औपचारिक बैठक बसी परिमार्जित मस्यौदामा निर्णय भएको देखिन्न। मिति २०८२ जेठ ६ गते प्रतिवेदनमा हस्ताक्षर गर्ने भनी समितिका माननीय सभापति रामहरि खतिवडा, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राज कुमार गुप्ता, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री रघुजी पन्त, माननीय दिलेन्द्र प्रसाद बडू, माननीय लीलानाथ श्रेष्ठ, समिति सचिव श्री सुरज कुमार दुरा, संघीय मामिला तथा सामान्य

प्रशासन मन्त्रालयका सहसचिव श्री मिरा आचार्य र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री सुभाष कुमार भट्टराई समेतको उपस्थिति भएको र नेपाली कागजमा एक प्रति प्रतिवेदन छपाई भए तापनि प्रतिवेदनमा हस्ताक्षर भने हुन नसकेको भन्ने समिति सचिव श्री सुरज कुमार दुरा र समितिका शाखा अधिकृत श्री विकाश श्रेष्ठ समेतको भनाई रहेको छ। तत्पश्चात् मिति २०८२ जेठ १३ गते समितिका माननीय सभापति रामहरि खतिवडा र समितिका सचिव श्री सुरज कुमार दुराबाट संयुक्त हस्ताक्षर गरी सो हस्ताक्षर गरेको मस्यौदा प्रतिवेदन कार्यव्यवस्था महाशाखा, प्रतिनिधि सभामा "अत्यन्त जरुरी/गोप्य" उल्लेख गरी खामबन्दी सहित बुझाएको समिति सचिवालयको मिति २०८२।०२।१३ को पत्रबाट देखिएको छ। मिति २०८२ जेठ ६ मा समितिको मस्यौदा प्रतिवेदन समितिको सचिवालयका शाखा अधिकृत श्री विकाश श्रेष्ठले समिति सचिवको निर्देशन बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री मिरा आचार्य र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव श्री सुभाष कुमार भट्टराईलाई निजहरूको इमेल ठेगानामा पठाएको अभिलेखबाट देखिएको र सो तथ्यलाई निजहरूले समेत स्वीकार गरेको अवस्था छ।

मिति २०८२ जेठ १३ गते राज्य व्यवस्था तथा सुशासन समितिले संघीय संसद, प्रतिनिधि सभामा संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा समितिको प्रतिवेदनको क्रम सङ्ख्या ४३ मा विधेयकको दफा ८२ को सम्बन्धमा देहाय बमोजिम संशोधन गर्ने बेहोरा उल्लेख गरेको देखिन्छ:-

"*४३. विधेयकको दफा ८२ को,-*

(१) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिको उपदफा क्रम मिलाउने:-

"(४) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।"

(२) उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "नेपाल सरकारको पूर्वस्वीकृति नलिई" भन्ने शब्दहरू झिक्ने।

(३) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुन आउने उपदफा (६) मा रहेका "उपदफा (४) विपरीत" भन्ने शब्दहरूको सट्टा "उपदफा (५) विपरीत" भन्ने शब्दहरू राख्ने।"

राज्य व्यवस्था तथा सुशासन समितिले मिति २०८२ जेठ २ मा पारित गरेको र २०८२ जेठ १३ मा समितिका सभापति र समितिका सचिवको हस्ताक्षर भएको भनिएको प्रतिवेदनमा केही विषय थपघट भएको भन्ने कुरा प्रतिवेदनको अध्ययनबाट समेत देखिएको छ। २०८२ जेठ २ गतेको राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको परिमार्जित प्रतिवेदनको सम्बन्धमा समितिको माननीय सदस्यहरूले अन्तिम मस्यौदा हेर्ने भन्ने रहेकोमा त्यस सम्बन्धमा पुनः बैठक बसी माननीय सदस्यहरूले हेर्न नपाएको भन्ने भनाई रहेको छ। यस्तै भनाई मस्यौदामा संलग्न रहेका कर्मचारीहरूको समेत रहेको छ।

समितिले कार्यव्यवस्था महाशाखा, प्रतिनिधि सभामा "अत्यन्त जरुरी/गोप्य" उल्लेख गरेर बुझाएको उक्त प्रतिवेदनमा पेन्सन सम्बन्धी उल्लिखित व्यवस्थामा केही सच्याउनु पर्ने भन्ने माननीय मन्त्री राज कुमार गुप्ता समक्ष सोही मन्त्रालयका कर्मचारीबाट समेत सुझाव आएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समितिका माननीय सभापति रामहरि खतिवडा समेतको सहभागितामा छलफल भए पश्चात् माननीय मन्त्रीले भनेको र कार्य व्यवस्था महाशाखामा रहेको खामबन्दी प्रतिवेदन फिर्ताका लागि समितिका सभापतिले भने बमोजिम संघीय संसदका महासचिव श्री पद्म प्रसाद पाण्डेयले सम्बन्धित महाशाखाका कर्मचारी मार्फत उक्त प्रतिवेदन समिति सचिवालयमा फिर्ता पठाई केही विषय थप भई पुनः कार्यव्यवस्था महाशाखामा पठाइएको भन्ने समेतका तथ्य छानबिनको क्रममा पाइएको छ।

समितिले सभामा पेस गर्ने कार्य व्यवस्था महाशाखा, प्रतिनिधि सभामा पठाएको प्रतिवेदन प्रतिनिधि सभाको मिति २०८२ जेठ २०, २१, २२, २३, २५, २६, २८, २९ र ३० मा पेस हुने गरी कार्यसूचीमा राखिए पनि असार १ गतेको प्रतिनिधि सभाको बैठकमा पेस भएकोमा सभाले मिति २०८२ असार १५ मा सो विधेयक पारित गरेपछि दफा ८२ को उपदफा (४) नयाँ थप भएको व्यवस्थासँग साबिकको उपदफा (४) कायम रहेको उपदफा (५) को खण्ड (क) मा रहेको *"संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,"* भन्ने व्यवस्था समेत कानुनी तादात्म्यता नमिली त्रुटिपूर्ण हुन गएको भन्ने विषयमा प्रश्न उठी सो सम्बन्धमा के कति कारणले यस्तो हुन गएको हो? यसो हुनुमा को कसको, के कस्तो भूमिका रहेको छ?

त्रुटिका सम्बन्धमा संलग्नता देखिएमा त्यस्ता पदाधिकारी वा व्यक्तिलाई कुन कारबाही गर्नु पर्ने वा नपर्ने ? भन्ने जस्ता विषयमा छानबिन गर्न यो समिति गठन भई समितिलाई तोकिएको कार्यदिश बमोजिमको निष्कर्षमा पुग्नको निमित्त यस परिच्छेदमा त्यस सम्बन्धी तथ्यगत विश्लेषण गरिएको छ। समितिलाई तोकिएको कार्यदिश बमोजिमको निष्कर्ष यस प्रतिवेदनको यसपछिको परिच्छेदमा उल्लेख छ।

परिच्छेद-६

## निष्कर्ष र सुझाव

**६.१ संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा *(४)* थपिएकोमा उपदफा *(५)* मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यता नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो? सो सम्बन्धमा छानबिन गर्ने भन्ने सम्बन्धमा-**

यस छानबिन समितिलाई कार्यदिशामा तोकिए बमोजिम निष्कर्ष र सुझावको लागि समितिद्वारा सङ्कलित प्रमाण, सरोकारवाला पक्षसँगको सोधपुछ, राजनीतिक दल, माननीय मुख्य/प्रमुख सचेतक, माननीय सदस्यहरूको भनाई, राज्य व्यवस्था तथा सुशासन समिति र उपसमितिको निर्णय पुस्तिका समेतको अध्ययनबाट यस छानबिन समितिलाई तोकिएको कार्यदिशाको बुँदा ३ को खण्ड (क) मा संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यता नदेखिएको हुँदा के कति कारणले यस्तो हुन गएको हो? भन्ने सम्बन्धमा अध्ययन गर्दा मूल विधेयकको दफा ८२ मा — "अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने:" भन्ने शीर्षक अन्तर्गतको उपदफा (४) मा,-

"संघीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायको काम गर्न हुँदैन:-

*(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,*

*(ख) अन्तरसरकारी निकायमा वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न,*

*(ग) अवकाश हुने पछिल्लो एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित रहेको संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न।"*

विधेयकको दफा ८२ को उपदफा (४) मा यो व्यवस्था राख्नुको मुख्य उद्देश्य राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका निजामती कर्मचारीलाई निश्चित प्रकृतिका काममा निश्चित अवधिसम्म रोक लगाउने व्यवस्था गरेको देखिन्छ। विधेयकको सम्बन्धमा प्रतिनिधि सभामा भएको सैद्धान्तिक छलफल, माननीय सदस्यहरूद्वारा राखिएको संशोधन प्रस्ताव, राज्य व्यवस्था तथा सुशासन समितिमा भएको यस विधेयकमाथिको सैद्धान्तिक छलफल समेतमा राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका अधिकृतहरू अवकाश भएपछि निश्चित अवधिसम्म संवैधानिक वा कुटनीतिक नियुक्तिमा रोक लगाउने गरी "कुलिङ्ग अफ पिरियड" राख्ने विषयमा छलफल भएको देखिन्छ।

विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा पेश भएपछि राज्य व्यवस्था तथा सुशासन समितिले सैद्धान्तिक छलफल र केही दफाहरूमा छलफल गरिसकेपछि सम्पूर्ण विधेयकका दफा उपर छलफल गरी प्रतिवेदन पेश गर्न उपसमिति गठन गरेको र उपसमितिले मूल विधेयकका विभिन्न दफामा छलफल गरी दफा ८२ का सम्बन्धमा पछि छलफल गर्ने भन्ने भई अरू दफाहरूमा छलफल गरी मिति २०८१।१२।१३ को निर्णय बमोजिम नयाँ उपदफा (४) थप गरी सो उपदफामा देहायको व्यवस्था राखेको देखिन्छ-

*"निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले एक वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।*

*तर नेपाल सरकारले गर्ने कुटनीतिक नियुक्ति वा नेपालको संविधान बमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश पदमा हुने नियुक्ति पाउन यस उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन"*

यसरी सबै किसिम र तहका निजामती र सरकारी सेवाबाट अवकाश भएका कर्मचारीहरूले अवकाश भएको मितिले एक वर्ष अवधि पूरा नगरी संवैधानिक वा सरकारी पदमा नियुक्ति नपाउने "विश्राम अवधि" (कुलिङ अफ पिरियड) को सिद्धान्तलाई विधायिकी नीति (Legislative Policy) को रूपमा राखेको देखिन्छ।

मिति २०८१।१२।१३ को उपसमितिको निर्णयबाट स्वीकृत विधायिकी नीति अनुरूप मस्यौदा मिलाउन समितिको सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समन्वय गरी मस्यौदा प्रतिवेदन तयार गर्न निर्देशन दिएको देखिन्छ।

उपसमितिले मिति २०८२।१२।१४ मा समिति समक्ष पेश गरेको प्रतिवेदनमा समितिको मिति २०८२।०१।२८ को बैठकमा दफा ८२ मा थप गरिएको उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश *"तर नेपाल सरकारले गर्ने कुटनीतिक नियुक्ति वा नेपालको संविधान बमोजिम न्याय परिषद्को सिफारिसमा न्यायाधीश पदमा हुने नियुक्ति पाउन यस उपदफाको व्यवस्थाले बाधा पारेको मानिने छैन।"* भन्ने व्यवस्था झिकी प्रतिवेदन मस्यौदा पेस गरेको र मिति २०८२।०२।०२ को बैठकमा नेपाल सरकारको तर्फबाट माननीय गृहमन्त्री रमेश लेखकले "कुलिङ अफ पिरियड" को समायावधि "एक वर्षको" सट्टा "दुई वर्ष" राख्ने नेपाल सरकारको धारणा प्रस्तुत गरेपछि राज्य व्यवस्था तथा सुशासन समितिले तयार पारेको विधेयकको अन्तिम मस्यौदा प्रतिवेदनमा उपसमितिद्वारा थपिएको उपदफा (४) को सट्टा देहाय बमोजिमको व्यवस्था राखी पारित गरेको देखिन्छ।

*"(४) निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन।"*

यसरी थपिएको उपदफा (४) को व्यवस्था र साविकको उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम भएको उपदफा (५) को व्यवस्थाको अन्तरवस्तुसँग कानुनी तादात्म्यता (Legal Consistency) मिलेको छ छैन भनी हेर्दा थपिएको उपदफा (४) मा- "निजामती कर्मचारी वा अन्य सरकारी सेवाबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले सेवाबाट अवकाश भएको मितिले दुई वर्ष अवधि पूरा नभई कुनै पनि संवैधानिक वा सरकारी पदमा नियुक्ति पाउने छैन" भन्ने व्यवस्था र उपदफा (५) को खण्ड (क) मा "संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन" भन्ने व्यवस्थाबीच कानुनी तादात्म्यता भएको देखिन्न।

कानुन समाज सञ्चालन गर्ने महत्त्वपूर्ण शक्तिशाली औजार हो। कानुन निर्माण गर्दा विधायिकी नीति मस्यौदामा स्पष्ट प्रतिविम्बित हुनु पर्दछ। कानुनमा

प्रयोग हुने शब्द, भाषा, वाक्यांश, वाक्य जस्ता कुराहरूमा मिहिन रूपमा हेर्नु पर्ने हुन्छ। यस सन्दर्भमा उपसमिति र समितिले मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपी निर्धारण गरेको विधायिकी नीति (Legislative Policy) सँग उपदफाक्रम मिलाउँदा कायम भएको उपदफा (५) थपिएको उपदफा (४) मा अन्तरनिहित मूल विधायिकी नीतिसँग प्रत्यक्ष नमिलेको (Apparent on the face of the record) देखिएको छ। यस्तै यस सिद्धान्तसँग कानुनी तादात्म्यता नभएको दफा १२० को उपदफा (२) को खण्ड (ज) मा समेत देखिन्छ। कानुनको व्याख्या गर्दा लेखिएका शब्द र भाषा स्पष्ट नभई द्विविधा (Ambiguity) भएको अवस्थामा कानुन व्याख्याको "स्वर्णिम नियम" (Golden Rule) समेतको सहारा लिई विधायिकाको मनसाय पत्ता लगाउनु पर्ने हुन्छ। जब शब्द र भाषा समेतबाट विधायिकी नीति स्पष्ट छ भने त्यसमा अर्को अर्थ गरिरहनु पर्दैन भन्ने कानुन व्याख्याको सर्वमान्य सिद्धान्त रहेको छ। यस पृष्ठभूमिमा विधेयकको दफा ८२ मा थपिएको उपदफा (४) सँग कायम भएको उपदफा (५) "सामान्य सुझबुझ" (General Prudence) को व्यक्तिले समेत स्पष्ट रूपमा तादात्म्यता नमिलेको देख्न सक्दछ।

के कति कारणले यस्तो कानुनी तादात्म्यता नमिलेको हो भन्ने सम्बन्धमा निष्कर्षमा पुग्नुपूर्व यस "कुलिङ अफ पिरियड" सम्बन्धमा केही प्रश्नहरूको विश्लेषण गर्नु सान्दर्भिक हुने देखिन्छ। नेपाल सरकारको तर्फबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय संसदको प्रतिनिधि सभामा दर्ता गराएको विधेयकमा "कुलिङ अफ पिरियड" को अवधारणागत सिद्धान्त निहित थियो, थिएन?, "कुलिङ अफ पिरियड" सम्बन्धी स्पष्ट नीति विधायन निर्माण प्रक्रियाको कुन चरणको मस्यौदामा थप गरिएको हो?, "कुलिङ अफ पिरियड" को व्यवस्था ऐनमा राख्दा त्यसबाट प्रत्यक्ष प्रभाव पर्ने वा लाभान्वित हुने कुन वर्ग, समूह वा व्यक्ति हुन सक्छ?, समिति वा उपसमितिमा सम्बन्धित माननीय मन्त्री, माननीय सदस्यहरू र नेपाल सरकारका उच्चपदस्थ प्रशासकहरूको "कुलिङ अफ पिरियड" को सम्बन्धमा के कस्तो धारणा र विचार रहेको थियो?, मस्यौदा प्रतिवेदन लेखनमा संलग्न व्यक्तिहरूको यस सम्बन्धमा प्रत्यक्ष वा परोक्ष के कस्तो धारणा र भूमिका थियो?, समितिले तयार गरेको मस्यौदा प्रतिवेदन मूल विधेयकसँग एकीकृत गरी मिलाएर वितरण गर्ने (Keeling Schedule) प्रक्रिया थियो, थिएन? भन्ने जस्ता प्रश्नहरूको

निरूपणबाट नै त्रुटि के कति कारणले हुन गएको हो भन्ने निष्कर्षमा पुग्न सकिने देखिन्छ।

नेपाल सरकारको तर्फबाट प्रतिनिधि सभामा दर्ता गरेको विधेयकको दफा ८२ मा उपसमिति र समितिले "कुलिङ अफ पिरियड" का सम्बन्धमा राखेको जस्तो स्पष्ट विधायिकी नीति विधेयकमा रहेको देखिन्न। संघीय निजामती सेवा विधेयकमा सुशासनका निम्ति "कुलिङ अफ पिरियड" को नीति राख्ने सम्बन्धमा प्रतिनिधि सभामा भएको सैद्धान्तिक छलफल, माननीय सदस्यहरूको संशोधन प्रस्ताव, समिति र उपसमितिमा रहेका माननीय सदस्यहरूको त्यस सम्बन्धी स्पष्ट धारणा व्यक्त भएको देखिन्छ। समिति र उपसमिति समक्ष उपस्थित भई आफ्नो धारणा राख्ने सम्बन्धमा उच्च तहका प्रशासकहरूमा भने "कुलिङ अफ पिरियड" को व्यवस्था राख्नु उपयुक्त हुन्न, राख्नु परे पनि यो विधेयकमा नभई अन्य कानुनमा राख्नु पर्ने भन्ने नै रहेको देखिन्छ। उपसमितिको निर्णय पुस्तिकाको अध्ययनबाट समेत थपिएको उपदफा (४) र कायम भएको उपदफा (५) का सम्बन्धमा पछि छलफल गर्ने भनी अन्य दफामा छलफल अघि बढाएको देखिन्छ। "कुलिङ अफ पिरियड" सम्बन्धी उपसमिति र समितिको विधायिकी नीति सम्बन्धी व्यवस्था विधेयकको दफा ८२ मा उपदफा (४) नयाँ थपेपछि विधेयकको उपदफा (४) मा रहेको व्यवस्थासँग स्पष्टतः कानुनी तादात्म्यता मिलेको देखिएन।

विधेयकको दफा ८२ मा थप गरेको उपदफा (४) र कायम भएको उपदफा (५) "कुलिङ अफ पिरियड" सम्बन्धी स्वीकृत नीति अनुरूप विधेयकको मस्यौदा विधायिकी नीतिसम्मत हुने (Legal Consistency Policy) गरी मिलाउनुपर्नेमा त्यसो हुन सकेको देखिएन। यसरी कानुनी तादात्म्यता के कुन चरणमा के कति कारणले भएको हो भन्ने सम्बन्धमा अध्ययन गर्दा देहायको चरणमा देहाय बमोजिम त्रुटि भएको देखिन्छः-

(१) उपसमितिले विधेयकको दफा ८२ मा पछि छलफल गर्ने भनी अरू दफाहरूमा छलफल गरेको र अन्तिम मस्यौदा तयार गर्दा दफा ८२ को उपदफा (४) मा रहेको "कुलिङ अफ पिरियड" सम्बन्धी स्वीकृत नीति अनुरूप मिहिन रूपमा थपिएको उपदफा (४) र कायम भएको उपदफा (५) को बीचमा कानुनी तादात्म्यता मिलाउने गरी दफावार छलफल नगरिएको हुँदा त्रुटि भएको देखियो।

(२) उपसमितिले समिति समक्ष पेश गरेको प्रतिवेदनमा समितिले मिति २०८२।०२।०२ को बैठकबाट दुई वर्षको "कुलिङ अफ पिरियड" राख्ने सिद्धान्तमा सहमत भई परिमार्जन सहित सर्वसम्मतिले पारित गरेकोमा परिमार्जन गरिएको प्रतिवेदन सभामा पेश गर्नु अघि समितिका माननीय सदस्यहरूले अन्तिममा हेर्ने र छलफल गर्ने भनिएकोमा त्यसो नगरिएको देखिएकाले समितिबाट उपदफा (४) र (५) बीच कानुनी तादात्म्यता नमिलाउँदा त्रुटि भएको देखियो।

(३) समितिले पारित गरेको "कुलिङ अफ पिरियड" सम्बन्धी थप व्यवस्था समेत समावेश भएको मस्यौदा प्रतिवेदनसँग मूल विधेयक एकीकरण गरी मिलाउने (Keeling Schedule) प्रणाली नभएको कारणले प्रतिनिधि सभाबाट समितिको प्रतिवेदन पारित हुदाँ त्रुटि हुन गएको अवस्था देखियो।

(४) उपसमिति र समितिबाट स्वीकृत भएको विधायिकी नीति विधेयक मस्यौदामा मिलाउने जिम्मेवारी भएको समिति, समिति सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र त्यस कार्यमा संलग्न पक्षहरूले आफ्नो दायित्व पूरा नगरेकोले कानुनी तादात्म्यता नमिलेको प्रत्यक्ष देखियो।

विधेयकको दफा ८२ मा विश्राम अवधि "कुलिङ अफ पिरियड" राख्नु पर्ने प्रतिनिधि सभाको सैद्धान्तिक छलफल, माननीय सदस्यहरूको संशोधन प्रस्ताव, राज्य व्यवस्था तथा सुशासन समितिको सैद्धान्तिक छलफल, उपसमिति र समितिका माननीय सदस्यहरूको स्वीकृत नीति हुँदाहुँदै पनि दफा ८२ को थप उपदफा (४) सँग मिलाएको उपदफा (५) का अन्तरवस्तुका विषयमा कानुनी तादात्म्यता नभई (Legal Inconsistency) त्रुटियुक्त मस्यौदा (Faulty Drafting) हुनु "गम्भीर त्रुटि" देखियो।

६.२ यस्तो कानुनी तादात्म्यता कायम नहुने गरी प्रतिवदेन तयार हुनुमा को कस्को के कस्तो भूमिका रहेको छ? सो सम्बन्धमा छानबिन गर्ने भन्ने सम्बन्धमा: यस्तो कानुनी तादात्म्यता कायम नहुने गरी प्रतिवेदन तयार हुनुमा को कसको के कस्तो भूमिका रहेको छ भन्ने कार्यदिशाका सम्बन्धमा अध्ययन गर्दा-

विधेयकको दफावार छलफल गरी त्यसमा भएको संशोधन सहितको प्रतिवेदन सभामा पठाउने भूमिका र जिम्मेवारी प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १२१ बमोजिम समितिमा विधेयकमाथि दफावार छलफल समाप्त भई सम्बन्धित समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरी सभापतिले वा निजको अनुपस्थितिमा सभापतिले तोकेको सम्बन्धित समितिको अन्य कुनै सदस्यले प्रतिवेदनसहितको विधेयक बैठकमा पेश गर्ने भन्ने कानुनी व्यवस्था देखिएको र राज्य व्यवस्था तथा सुशासन समितिको कार्यविधि, २०८० को दफा १२ मा समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयबाट पेस भएको विधेयक प्रतिनिधि सभाको बैठकबाट समितिमा दफावार छलफलका लागि प्राप्त भएमा उक्त विधेयक सभापतिको अनुमति पश्चात् सरोकारवालाको राय परामर्शका लागि संघीय संसदको वेबसाइटमा सबैलाई पहुँच हुने गरी राखिने र उक्त विधेयकमाथि समितिमा दफावार छलफल हुने, दफावार छलफलका क्रममा मतविभाजन भएमा समितिको बैठकमा उपस्थित भएको बहुमत सदस्यको मतबाट निर्णय गरिने, विधेयकमाथि दफावार छलफल समाप्त भएपछि सो सम्बन्धी प्रतिवेदन तयार गरी प्रतिवेदन सभामा पेश गरिने कानुनी व्यवस्था रहेको देखिन्छ। यस्तै सो कार्यविधिको दफा १३ मा समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा सम्पादन गर्नुपर्ने कुनै काम गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्नु पर्ने भएमा त्यस्तो उपसमिति वा कार्यदल गठन गर्न सकिने, उपसमिति वा कार्यदललाई तोकिएको समयमा सो कार्य सम्पन्न गरी समितिमा प्रतिवेदन पेस गर्नु पर्ने कानुनी व्यवस्था रहेको देखिन्छ।

यस विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा कायम भएको उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यता नदेखिएको हुँदा सो प्रतिवेदन तयार हुनुमा यस कानुनी व्यवस्था अनुसार सम्बन्धित समिति, उपसमिति र विधेयक प्रस्तुतकर्ता मन्त्रालयका माननीय मन्त्री, उपसमितिको बैठक सङ्ख्या १८ मिति २०८१।१२।१० को निर्णयबाट "समितिको सचिवालय, संघीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आपसी समन्वय गरी आगामी बैठकमा पेश गर्ने गरी विधेयकको प्रतिवेदन तयार गर्न निर्देशन दिएको" भन्ने निर्णय देखिदा समितिको सचिवालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई मस्यौदाको तादात्म्यता मिलाई पेस गर्नु पर्ने भूमिका रहेको देखियो। मूल रूपमा परिभाषित जिम्मेवारीमा समिति, उपसमिति र विधेयक प्रस्तुतकर्ता मन्त्रालय र माननीय मन्त्री, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र समितिको सचिवालय रहेको देखियो। विश्राम अवधि "कुलिङ अफ पिरियड" निजामती सेवा विधेयकमा राख्नु हुन्न भन्ने नेपाल सरकारका उच्चपदस्थ पदाधिकारीहरूको समेत समिति र उपसमितिहरूको बैठकमा धारणा व्यक्त गरेको र यस छानबिन समितिमा समेत उपस्थिति भई सोही अनुरूपको विचार व्यक्त गरेको देखिदा प्रत्यक्ष र परोक्ष परिभाषित जिम्मेवारी भएकाहरूको यस सम्बन्धमा भूमिका रहने देखियो।

राज्य व्यवस्था तथा सुशासन समिति, उपसमिति, समिति सचिवालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा रहनु भएका सम्बन्धित कर्मचारीहरूको नामावली यसै प्रतिवेदनको परिच्छेद-५ मा तथ्यगत विश्लेषण शीर्षक अन्तर्गत उल्लेख गरिएको छ। समितिलाई तोकिएको समयावधिको सीमा भित्र सङ्कलन गरिएको प्रमाणबाट नियतबस त्रुटि भएको भन्ने स्पष्ट प्रमाण प्राप्त नभए पनि विधेयकको दफा ८२ को थप उपदफा (४) र (५) बीच तादात्म्यता नभएको विषय गम्भीर त्रुटि भएको देखिएकोले परिभाषित जिम्मेवारीमा रहेकाहरूले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गरेको देखिएन।

**६.३ समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा कसैको संलग्नता देखिएमा के कस्तो संलग्नता रहेको छ, सोको यकिन गरी त्यस्तो पदाधिकारी वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कुनै कारबाही गर्नु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा सुझाव पेस गर्ने कार्यदेश बमोजिमको विषयमा अध्ययन गर्दा,-**

राज्य व्यवस्था तथा सुशासन समितिले २०८१ माघ १० देखि फागुन २ गतेसम्म विधेयकको प्रस्तावना र दफा १ देखि दफा १० को उपदफा (१) सम्म दफावार छलफल सम्पन्न भएपछि समग्र विधेयकमाथि छलफल गरी प्रतिवेदन पेस गर्ने मिति २०८१ फागुन ९ मा एक महिनाको समय तोकी माननीय दिलेन्द्र प्रसाद बडूको

संयोजकत्वमा ११ सदस्यीय उपसमिति गठन गरी दफावार छलफलका लागि समितिले उपसमितिमा पठाएको देखियो। उपसमिति र समितिले पारित गरेको प्रतिवेदनमा विश्राम अवधि "कुलिङ अफ पिरियड" सम्बन्धी विषय समावेश भइसकेपछि दफा ८२ को उपदफा (४) र (५) बीच तादात्म्यता नहुनुमा उपसमिति र समितिको भूमिकामा समेत त्रुटि हुन गएको देखिएकोमा प्रतिवेदन हस्ताक्षरकर्ता समितिका सभापति माननीय रामहरि खतिवडाले समिति समक्ष सोधपुछ गर्दा परिमार्जन सहित भएका कुराहरुको लेख्ने जिम्मा र त्यसको प्रभाव एउटा दफा थपेपछि त्यसको कुन दफामा असर पर्छ भन्ने सम्बन्धमा कानून र सम्बन्धित मन्त्रालयले समेत हेर्नु पर्ने र कुलिङ अफ पिरियडको सम्बन्धमा निश्चय नै त्रुटि भएको बेहोरा उल्लेख गरेको देखिन्छ। यस सम्बन्धमा उपसमितिका संयोजक माननीय दिलेन्द्र प्रासद बडूले "कुलिङ अफ पिरियड" का सम्बन्धमा सहमत भई लेखन कामका लागि कर्मचारीलाई सुम्पिएको र प्रतिवेदन तयार गर्दा दफा ८२ को उपदफा (४) र (५) को उपदफाक्रम मिलाउने भनी प्रतिवेदनमा उल्लेख भए पनि त्यो तादात्म्यता हुन नसकेको विषय त्रुटिपूर्ण नै हो भन्नु भएको देखिन्छ।

छानबिनको क्रममा उपस्थित माननीय सदस्यहरूले समितिमा व्यक्त गर्नु भएको धारणा, सरोकारवाला पक्षसँग सोधपुछको क्रममा व्यक्त विचार, उपसमिति र समितिको निर्णय पुस्तिकामा भएको हस्ताक्षर र प्रमाणित प्रतिवेदन समेतको अध्ययनबाट प्रतिवेदनमा त्रुटि भएको सम्बन्धमा कसको संलग्नता छ भन्ने कुराको निष्कर्षमा पुग्नु पर्ने देखियो। उपसमितिको मस्यौदादेखि नै विषयवस्तु र त्यससँग सम्बन्धित तादात्म्यता नमिली त्रुटि हुन गएको देखिन्छ। राज्य व्यवस्था तथा सुशासन समितिका सभापति माननीय रामहरि खतिवडाको उक्त विधेयकमा "कुलिङ अफ पिरियड" राख्ने पक्षमा उपसमिति र समितिको बैठकमा सकारात्मक भूमिका रहेको भन्ने माननीय सदस्यहरूको भनाई रहेको देखियो। मिति २०८२ जेठ २ मा समितिको परिमार्जन सहित सर्वसम्मत पारित गरेको निर्णय र मस्यौदा प्रतिवेदनमा सभापतिको हस्ताक्षर भएको र परिमार्जित मस्यौदा प्रतिवेदन समितिका माननीय सदस्यहरूलाई देखाई छलफल गरी सभामा पेस गर्नु पर्नेमा सो नगरी निश्चित व्यक्तिहरूबीच अनौपचारिक बैठक बसी मिति २०८२।०२।१३ मा प्रतिवेदन पठाएको देखिँदा माननीय सभापतिको समन्वयकारी भूमिकामा कमी भएको देखियो।

प्रतिवेदन सभापतिको हस्ताक्षरबाट सभामा पेश भएको देखिँदा कानुनतः हस्ताक्षरकर्ताको हैसियतले मस्यौदामा देखिएको गम्भीर त्रुटिका सम्बन्धमा समितिको मुख्य जिम्मेवारीमा रहेको सभापतिले उत्तरदायीपूर्ण भूमिका वहन गरेको देखिएन।

राज्य व्यवस्था तथा सुशासन समितिका सचिव सुरज कुमार दुरा सचिवको हैसियतले उपसमिति र समितिको बैठकमा प्रारम्भदेखि नै रहेको र प्रतिवेदन लेख्ने समेत भूमिका रहेको देखिँदा परिभाषित जिम्मेवारी पूरा गरेको भन्न सकिएन।

विधेयक प्रस्तुतकर्ता मन्त्रालयको तर्फबाट माननीय मन्त्रीले समिति समक्ष व्यक्त गरेको भनाई समेतबाट र सो विधेयकको समिति र उपसमितिमा हुने छलफलमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सहसचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रतिनिधिको रूपमा रहेका सहसचिव प्रारम्भदेखि नै संलग्न रहेको र मिति २०८२।०२।०२ को समितिले पारित गरेको विधेयकको प्रतिवेदन निज सहसचिवहरूले मिति २०८२।०२।०६ मा प्राप्त गरेको देखिँदा त्रुटिगत विषयका सम्बन्धमा परिभाषित जिम्मेवारीको बोध गरी सच्याउनका निम्ति जिम्मेवार अख्तियारवालासँग जानकारी गराई सुधार गर्न ध्यान नगएको देखियो।

नेपालको संविधानले जनताको मतादेश मार्फत प्राप्त गरेको विधायिकी अधिकार सभा र संसदीय समितिहरूले प्रयोग गर्ने संविधान र सम्बन्धित सभाको नियमावलीले व्यवस्था गरेको सम्बन्धमा सभा वा समितिले गरेका निर्णयहरूको सम्मान र पालना गर्दै कार्यान्वयन गर्नु, गराउनु सरकारी निकाय र पदाधिकारीहरूको कानुनी जिम्मेवारी हो। यस संवैधानिक र कानुनी व्यवस्थाको आधारमा संसदीय समिति र सभाले पारित गरेको उक्त विधेयकमा राखिएको "कुलिङ अफ पिरियड" को विषय हटाउन समूह बनाई सार्वजनिक रूपमा लबिइङ गर्दै हिंड्नु परिभाषित जिम्मेवारी भएका पदाधिकारीहरूको पदीय आचरण मान्न सकिन्न। यस पृष्ठभूमिमा राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको सो विधेयक सम्बन्धी प्रतिवेदनमा रहेको विश्राम अवधि "कुलिङ अफ पिरियड" सम्बन्धमा नेपाल सरकारको मुख्यसचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव (कानुन) समेतको विधेयकको दफा ८२ को

उपदफा (४) र (५) बीच त्रुटिका सम्बन्धमा प्रत्यक्ष संलग्नता नदेखिए तापनि परोक्ष रूपमा मिति २०८२।०२।०२ मा राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको "कुलिङ अफ पिरियड" का विषयका सम्बन्धमा सार्वजनिक रूपमै विपक्षमा देखिनु शोभनीय देखिएन।

विधेयकको दफा ८२ को उपदफा (४) र (५) का बीच कानुनी तादात्म्यता सम्बन्धमा गम्भीर त्रुटि भएको देखिंदा यसमा संलग्न पदाधिकारी वा व्यक्तिलाई के कस्तो कारबाही गर्नु पर्छ भन्ने सम्बन्धमा राजनीतिक व्यक्तिलाई राजनीतिक र नैतिक जिम्मेवारी तथा कर्मचारीको पदीय र कानुनी जिम्मेवारी हुने हुँदा सोही बमोजिमको सुझाव एवं निष्कर्ष यस समितिको रहेको छ।

**६.४ कानुन निर्माणको क्रममा समितिमा हुने छलफल, निर्णय प्रक्रिया, प्रतिवेदन लेखन लगायतका विषयमा देखिएका कमी कमजोरी पत्ता लगाई भविष्यमा यस्ता प्रकृतिका कमी कमजोरी हुन नदिन के कस्तो सावधानी वा उपायहरू अपनाउनु पर्ने हो, सो सम्बन्धमा सुझाव पेस गर्ने सम्बन्धमा,-**

सभाका समिति र उपसमितिमा हुने छलफलका सम्बन्धमा निश्चित मार्गदर्शन सहितको स्पष्ट व्यवस्था नहुँदा सम्बद्ध सही सरोकारवालाहरूको पहिचान, सम्बन्धित विषय विज्ञको छनौट, विधेयकमा गरिएका व्यवस्थाबाट असर र प्रभाव पर्ने व्यक्तिहरूको छलफलमा पहुँचको अभाव जस्ता स्थिति देखिएकाले विधेयक मस्यौदालाई परिमार्जन गरी परिपक्व बनाउन विशेष सुधार गर्न अनिवार्य भएको छ। यसैगरी छलफलपछि भएको निर्णय लेखनमा सभाका समिति पिच्छे फरक फरक अभ्यास रहेकोले एकरुपता नदेखिएको, छलफलको निर्णयपश्चात् मस्यौदा मिलाउन कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयलाई दिने अभ्यास रहेको, निर्णय गर्दा विषयको गम्भीरतालाई ध्यान पुर्याई जाँची तत्काल विधेयक मस्यौदामा हस्ताक्षर गर्ने परिपाटी नभएको जस्ता विभिन्न कारणहरूका साथै त्रुटि भएमा जिम्मेवारी पन्छाउने प्रवृत्ति देखिन्छ। यस्तै, प्रतिवेदन लेखनका सम्बन्धमा समितिहरूमा फरक फरक अभ्यास रहेको, प्रतिवेदन लेखनमा स्पष्ट जिम्मेवारीको अभाव, मूल विधेयकसँग समितिको संशोधनसमेत मिलाई एकीकृत विधेयक (Keeling Schedule) बनाउने अभ्यास नभएको कारण विधेयकमा हुने त्रुटि स्पष्ट नदेखिने स्थिति रहेको जस्ता

विभिन्न कमी कमजोरीहरू आगामी दिनमा हुन नदिन देहायका सुधारहरू अवलम्बन गर्न आवश्यक रहेको छ।

(अ) दफावार छलफल सम्बन्धमा:

१. संघीय संसदको नियमावलीले निर्धारण गरेको प्रक्रिया बमोजिम विधेयकको दफावार छलफल समितिमा नैं गर्ने र समितिमा नमिलेका विषयमा मात्र गहन ढंगले छलफल गर्न उपसमितिमा पठाई त्यसै विषयमा सीमित रही उपसमितिले मस्यौदा सहितको प्रतिवेदन समितिमा पेस गर्ने व्यवस्था गर्ने।

२. दफावार छलफलमा समितिका माननीय सदस्यहरूलाई बढी क्रियाशील बनाई छलफललाई जीवन्त बनाउन आवश्यक सूचना र सामग्रीहरू, बजेट एवं आवश्यकता अनुसार विषयविज्ञको उपलब्धता सहित विषयवस्तुको प्रकृति अनुसार पहिले नैं आवश्यक समय निर्धारण गर्ने।

३. बेलायतको मूल विधेयक र समितिको प्रतिवेदन एकीकृत रुपमा मिलाएर (Keeling Schedule) हेर्ने र अध्ययन गर्ने संसदीय अभ्यास उपयोगी देखिएकाले नेपालको सन्दर्भमा समेत यस्तो व्यवस्था प्रारम्भ गर्ने।

४. संशोधनकर्ता माननीय सदस्यले राखेको संशोधन स्वीकृत वा अस्वीकृत भएको सम्बन्धमा जानकारी दिनुका साथै यथासम्भव सुरुदेखि नैं सम्बन्धित संशोधनकर्ता माननीय सदस्यलाई दफावार छलफलमा सहभागी गराउने व्यवस्था गर्ने।

५. विधेयकमाथिको दफावार छलफलमा सम्बन्धित मन्त्रालयका निश्चित तहका पदाधिकारीलाई मात्र समितिमा पहुँच दिने र माननीय मन्त्रीलाई नैं त्यस सम्बन्धमा बढी जवाफदेही बनाउने व्यवस्था गर्ने।

६. दफावार छलफलमा सम्बन्धित मन्त्रालय, विज्ञ र सरोकारवालाहरूसँग व्यापक परामर्श गर्ने तर सरोकारवालाहरूको विषयवस्तुको प्रकृति र गम्भीरताका आधारमा वर्गीकरण गरी आवश्यकता अनुसार सहभागी गराउने। निहित स्वार्थ भएका व्यक्ति वा समूहहरूले विधेयकको प्रारम्भिक मस्यौदा तर्जुमादेखि नै आफ्नो स्वार्थ अनुकूलको व्यवस्था अनुचित किसिमले राख्न सक्ने स्थितिलाई रोक्न सतर्कता अपनाई विधेयकको मस्यौदा गर्दा र छलफलमा सहभागी गराउँदा यस्ता कुरामा विशेष ध्यान पुर्याउनु पर्ने।

७. विधेयकमाथि नागरिक आवाज र विज्ञहरूको रायलाई सन्तुलनमा राख्दै नागरिक स्थान प्रवर्द्धन गर्न जनताको सुझाव लिन तथा पर्याप्त छलफल गराउन आवश्यक प्रबन्ध मिलाउने।

८. विषयवस्तुको प्रकृति अनुसार संवेदनशील छलफलहरूमा गोपनीयता र पारदर्शितालाई सन्तुलनमा राख्न सोही अनुरुप सरोकारवालाबाहेक अन्यलाई विचार गरी प्रवेश दिने।

(आ) निर्णय प्रक्रियाका सम्बन्धमाः

१. समितिका निर्णयहरूमा एकरूपता कायम गर्न र मानवीय त्रुटि कम गर्न मानकीकृत दिग्दर्शन (मार्गदर्शन) तयार गरी लागू गर्ने।

२. सभापतिले निर्णय प्रक्रियामा सबै सदस्यहरूलाई विधेयकमा के के परिमार्जन गरियो भन्ने विषय प्रष्टसँग वाचन गरी निर्णय पुस्तिकामा लेखी निर्णयमा माननीय सदस्यहरूको हस्ताक्षर गर्ने पद्धतिको विकास गर्ने।

३. बहुमतको राय र असहमतिका विचारहरू लिपिबद्ध गर्ने निर्णय प्रक्रिया अवलम्बन गर्ने।

(इ) प्रतिवेदन लेखन सम्बन्धमाः

१. समितिको सचिवालयले विधेयकको प्रतिवेदन तयार गर्दा सम्बन्धित मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयसँग समन्वय गरी सबै सदस्यहरूले प्रतिक्रिया दिएपछि प्रतिवेदनलाई अन्तिम रूप दिने। सो अन्तिम प्रतिवेदन सबै सदस्यहरूलाई अध्ययन र स्वीकृतिका लागि पुनः वितरण गर्ने।

२. समितिको अन्तिम प्रतिवेदन सभामा पठाउनुपूर्व अनिवार्य रुपमा समितिको बैठक राखी छलफल गराउने।

३. जवाफदेहिता र सहमति सुनिश्चित गर्न अन्तिम प्रतिवेदनमा समितिका सबै सदस्यहरूको हस्ताक्षर अनिवार्य गर्ने।

४. समितिका प्रतिवेदनहरू र विधेयक निर्माण प्रक्रियामा एकरुपता कायम गर्न एउटै कार्यविधि लागू हुने गरी नियमावलीमा आवश्यक संशोधन गर्ने।

५. विधायिकी मनशाय के थियो भनी जानकारी लिन विधेयकको व्याख्यात्मक टिप्पणी तयार गरी अभिलेखीकरण गर्ने।

(ई) अन्य सुझावहरू

१. सभाका नियमावलीमा समितिका सचिवको काम, कर्तव्य र अधिकारबारे स्पष्ट उल्लेख गर्नु पर्नेः

- विधेयकको प्रतिवेदन तयार पार्ने कार्यमा समिति सचिवलाई मुख्य जिम्मेवार बनाई प्रस्तुतकर्ता मन्त्रालय र कानुन मन्त्रालयसँग आवश्यक परामर्श तथा समन्वय गर्ने।
- कुन पदको कर्मचारीलाई समिति सचिवको जिम्मेवारी दिने भन्ने सम्बन्धमा एकरुपता कायम गर्ने।

२. दस्तावेजको सुव्यवस्थित अभिलेखीकरणः

- पारदर्शिता र सहजताका लागि सबै संशोधनहरू, निर्णयहरू र प्रतिवेदनहरूलाई एकीकृत रुपमा संकलन गर्ने र विधायिकी परिवर्तनहरूको ऐतिहासिक अभिलेख राख्ने।
- छलफलको भर्बेटिम, माइन्युट, प्रतिवेदन, अडियो लगायतका अभिलेखहरूको उचित संरक्षणको प्रबन्ध गर्ने।

३. क्षमता विकास सम्बन्धी कार्यक्रमः

- विधायिकी प्रक्रिया, कानुनी ढाँचा र विधायिकी नीतिगत प्रभावहरूमा माननीय सदस्यहरूलाई नियमित क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
- माननीय सदस्यहरूलाई विधि निर्माण सम्बन्धमा सचिवालय तथा सम्बन्धित दलहरूबाट समेत पर्याप्त अनुशिक्षण गराई सशक्तीकरण गर्ने। विकासका कार्यमा सहभागी हुने सम्बन्धमा अलगै संयन्त्र वा पद्दतिको थालनी गरी सदस्यहरूलाई विधायिकी कार्यमा बढी केन्द्रित तथा जिम्मेवार गराउने।

४. सचिवालयको क्षमता सुदृढीकरण गरी भूमिकालाई प्रभावकारी बनाउनेः

- संघीय संसद सचिवालयको विद्यमान संगठन संरचनामा पुनरावलोकन गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्ने। कर्मचारीको मनोबल र उत्प्रेरणा बढाउन विभिन्न प्रोत्साहनका उपायहरू अवलम्बन गर्ने। आवश्यक भौतिक पूर्वाधारको सुनिश्चित गर्ने।
- प्रशिक्षण तथा क्षमता अभिवृद्धिका कार्यक्रमका लागि पर्याप्त स्रोत साधन विनियोजन हुने व्यवस्था गर्ने।
- नियमित तालिम र क्षमता अभिवृद्धि कार्यक्रममार्फत मस्यौदा लेखन एवं सचिवालय व्यवस्थापन कौशल वृद्धि गर्ने।
- मस्यौदा तयारी, समन्वय र दस्तावेजीकरण सम्बन्धी सचिवालयको भूमिकालाई स्पष्ट एवं औपचारिक बनाउने।
- संसदको स्वायत्तता कायम गर्न संसदमा विधेयक दर्ता भएपछि अन्य मन्त्रालयको भूमिका स्पष्ट गर्ने।
- समितिबाट तयार विधेयकको प्रतिवेदनमाथि कानुन परामर्श महाशाखाबाट समेत सुझाव लिने अभ्यासको सुरुवात गर्ने।

५. समन्वयमा सुधारः

- समितिको बैठक सहज रुपमा सञ्चालनका लागि समिति सभापति र सचिवालयबीच सहकार्यपूर्ण सम्बन्ध सुनिश्चित गर्ने। सभापति र

सचिवालयबीच हरेक महिना समीक्षा बैठक गर्ने। सम्माननीय सभामुख वा अध्यक्षले तीन महिनामा एक पटक सभापति र समिति सचिवसँग समीक्षा बैठक गर्ने र अधिवेशनको अन्त्यपछि पनि अनिवार्य रुपमा समीक्षा बैठक गर्ने।

- सबै माननीय सदस्यहरूको सहभागिता प्रभावकारी बनाउन समितिका सभापतिले सक्रिय भूमिका निर्वाह गर्ने।
- विधेयकका अन्तर्वस्तुका सम्बन्धमा आवश्यकता अनुसार महान्यायाधिवक्ताको कार्यालयसँग समन्वय गर्ने।

६. स्वार्थको द्वन्द्व सम्बोधनः

- विधायिकी प्रक्रियामा स्वार्थको द्वन्द्व हुन नदिन स्पष्ट कानुनी व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।

७. कानुन निर्माण सम्बन्धमाः

- कानुन निर्माणका सम्बन्धमा केही नेपाल ऐन संशोधन विधेयकमार्फत एकैपटक धेरैवटा विषय समेटेर ऐन संशोधन गर्ने विद्यमान प्रवृत्तिलाई निरुत्साहित गर्ने।
- मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्षधर राज्यको दायित्वलाई आत्मसात गरी संविधानले अपेक्षा गरेका आवश्यक कानुनहरू र संविधानको निर्देशक सिद्धान्त तथा नीतिहरूमा निर्दिष्ट गरेका विषयहरूमा केन्द्रित भई संविधानले तोकेको समयसीमाभित्रै र दिगो विकासको लक्ष्यलाई व्यवहारमा रुपान्तरण गर्न आवश्यक पर्ने कानुनहरू तर्जुमामा सरकार र संसदले प्राथमिकता निर्धारण गरी विधिको शासनलाई जीवन्त बनाउन सक्रिय भूमिका निर्वाह गर्नु पर्ने।
- कानुन निर्माण र कार्यान्वयन अवस्थाको नियमित समीक्षा तथा विस्तृत मूल्यांकन गरी वार्षिक रुपमा संसदमा प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्ने।
- संसदका दुवै सभाबीच समन्वय र सहकार्य बढाई विधेयकमा हुने त्रुटि हुन नदिन आपसी समन्वय, छलफल, संवाद र कार्यविधिमा एकरुपता कायम गरी गुणस्तरीय कानुन निर्माणमा जोड दिने।
- जटिल वाक्य संरचना र अस्पष्ट शब्दहरूको प्रयोग नगरी विधेयकको भाषा साधारण नागरिकले बुझ्न सक्ने गरी सरल र स्पष्ट किसिमको हुनु पर्ने।

८. प्रक्रियागत पारदर्शिता र स्पष्ट समयसीमाः

- विधेयक दर्तादेखि पारित हुनेसम्मको प्रत्येक चरणको स्पष्ट समयसीमा तोकी लामो समयसम्म समितिमा विचाराधीन हुने व्यवस्था हुन नदिने सम्बन्धमा सभाका नियमावलीमै स्पष्ट गर्नु पर्ने।
- विधेयक कुन चरणमा विचाराधीन रहेको छ भन्ने जानकारी सार्वजनिक पोर्टलमार्फत नियमित रुपमा उपलब्ध गराउनु पर्ने।
- समितिको काम कारवाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन आधुनिक सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने।


९. उच्चस्तरीय अध्ययन समिति वा कार्यदल गठनः

संघीय संसदका काम कारवाही, विधायन व्यवस्थापन कार्य र सचिवालयमा समयानुकूल सुधार गर्न विद्यमान व्यवस्थाको अध्ययन र पुनरावलोकनका लागि विषयविज्ञहरू सहितको उच्चस्तरीय अध्ययन समिति वा कार्यदल गठन गरी त्यसका आधारमा विद्यमान व्यवस्थामा सुधार गर्ने।

## अनुसूचीहरू

### अनुसूची-१

### <u>समितिको कार्यविधि</u>



संघीय संसद

प्रतिनिधि सभा

संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८२

संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८२

पारित मितिः २०८२/०३/२६

प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १८० बमोजिम सभाबाट मिति २०८२ असार २३ मा संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका आन्तरिक काम, कारबाहीलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

मिति २०८२ असार २३ मा बसेको प्रतिनिधि सभाको बैठकबाट प्राप्त कार्यादेशले दिएको अधिकार प्रयोग गरी समितिले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिको कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ।

(ख) "विधेयक" भन्नाले संघीय निजामती सेवा विधेयक, २०८० सम्झनु पर्छ।

(ग) "विषयविज्ञ" भन्नाले समितिले छानबिनमा सहयोग लिन सक्ने विज्ञ, विशेषज्ञ वा विषयको जानकार व्यक्ति सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले समितिको सचिव सम्झनु पर्छ।

(ङ) "सचिवालय" भन्नाले समितिको सचिवालय सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(छ) "सभा" भन्नाले प्रतिनिधि सभा सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले प्रतिनिधि सभाबाट मिति २०८२ असार २३ मा गठित संघीय निजामती सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति सम्झनु पर्छ।

(झ) "सभापति" भन्नाले समितिको सभापति सम्झनु पर्छ।

३. <u>समितिको कार्यादेश एवं कार्यक्षेत्रः</u> समितिको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

(क) संघीय निजामती सेवा विधेयक, २०८० को सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट सभामा पेस भएको प्रतिवेदनमा मूल विधेयकको दफा ८२ मा उपदफा (४) थपिएकोमा उपदफा (५) मा रहेको व्यवस्थाले गर्दा कानुनी तादात्म्यता नदेखिएको हुँदा के-कति कारणले यस्तो हुन गएको हो? सो सम्बन्धमा छानबिन गर्ने,

(ख) त्यस्तो तादात्म्यता कायम नहुने गरी प्रतिवेदन तयार हुनुमा को कसको के कस्तो भूमिका रहेको छ? सो सम्बन्धमा छानबिन गर्ने,

(ग) समितिबाट तयार भएको प्रतिवेदनमा त्रुटि भएको भन्ने सम्बन्धमा कसैको संलग्नता देखिएमा के-कस्तो संलग्नता रहेको छ, सोको यकिन गरी त्यस्तो पदाधिकारी वा व्यक्तिलाई प्रचलित कानुन बमोजिम कुनै कारबाही गर्नु पर्ने वा नपर्ने भन्ने सम्बन्धमा सुझाव पेस गर्ने,

(घ) कानून निर्माणको क्रममा समितिमा हुने छलफल, निर्णय प्रक्रिया, प्रतिवेदन लेखन लगायतका विषयमा देखिएका कमी कमजोरी पत्ता लगाई भविष्यमा यस्ता प्रकृतिका कमी कमजोरी हुन नदिन के कस्तो सावधानी वा उपायहरू अपनाउनु पर्ने हो, सो सम्बन्धमा सुझाव पेस गर्ने।

४. <u>समितिको बैठकः</u> (१) सभापतिले समितिको बैठक बोलाउनेछ र सचिवले सदस्यहरूलाई सोको सूचना गर्नु पर्नेछ।

(२) सभापतिले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(३) सभापतिले सदस्यहरूलाई आवश्यकता अनुसार बोल्ने समयको निर्धारण गरी समय दिनेछ र सभापतिले समय दिएपछि मात्र सम्बन्धित सदस्यले बोल्नु पर्नेछ।

५. <u>निर्धारित समयमा बैठक हुनेः</u> समितिको बैठक निर्धारित मिति, समय र स्थानमा बस्नेछ।

तर कुनै कारणले निर्धारित समयमा बैठक बस्न नसकेमा सभापतिले सो बैठक स्थगित गरी अर्को बैठक बोलाउन सक्नेछ।

६. <u>बैठकको कार्यसूची र जानकारीः</u> (१) समितिको बैठकको कार्यसूची सामान्यतया अघिल्लो बैठकबाट तय गरिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची तय नभएमा सचिवले सभापतिको निर्देशन अनुसार

कार्यसूची तय गरी बैठक बस्नुभन्दा अघिल्लो दिन सदस्यहरूलाई जानकारी गराउनेछ।

(३) सचिवालयले बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात सामान्यतया बैठक बस्ने दिनभन्दा एक दिन अगावै सदस्यहरूलाई विद्युतीय वा अन्य कुनै उपयुक्त माध्यमबाट उपलब्ध गराउनेछ।

७. <u>उपस्थितिको अभिलेख</u>: बैठकमा उपस्थित सदस्यले नामको पहिलो अक्षरको वर्णानुक्रम अनुसार राखिएको निर्णय पुस्तिकामा उपस्थिति जनाउन दस्तखत गर्नु पर्नेछ।

८. <u>गणपूरक संख्या</u>: समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

९. <u>छलफलमा विशेष ध्यान दिनु पर्ने</u>: सदस्यले बैठकको छलफलमा भाग लिंदा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) समितिमा सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाई नाम टिपाउनु पर्ने,

(ख) सभापतिबाट अनुमति पाएपछि एक पटकमा एकजनाले मात्र बोल्नु पर्ने,

(ग) अर्को सदस्य बोलिरहेको समयमा बोल्न वा आपसमा कुरा गर्न नहुने,

(घ) बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरी बोल्नु पर्ने,

(ङ) कसैलाई व्यक्तिगत आक्षेप लाग्ने गरी वा अशिष्ट, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न नहुने,

(च) बैठक अवधिभर मोबाइल फोनलाई स्वीच अफ वा मौन अवस्था (साइलेन्ट मोड) मा राख्नु पर्ने, र

(छ) अत्यावश्यक परेमा सभापतिको अनुमति लिएर बैठक कक्षबाहिर गएर कुरा गर्नु पर्ने।

१०. <u>छलफलमा सहभागी नहुने</u>: समितिमा विचाराधीन कुनै विषयमा सदस्यको आफ्नो स्वार्थ गाँसिएको भएमा सदस्यले सोको स्वघोषणा सहित सभापतिलाई जानकारी गराई निर्णय प्रक्रियाबाट अलग रहनु पर्नेछ।

तर त्यस्तो विषयको छलफल सकिएपछि निजले बैठकमा भाग लिन सक्नेछ।

११. <u>पुरा समय बैठकमा भाग लिनु पर्ने</u>: विशेष कारण परेको अवस्थामा सभापतिको अनुमति लिएर बाहेक बैठक प्रारम्भदेखि अन्त्य नभएसम्म सदस्यले बैठक छाडेर जानु हुँदैन।

१२. **पूर्वसूचना दिनु पर्नेः** बैठक बोलाइएको समयमा उपस्थित हुन नसक्ने अवस्था भएमा सदस्यले सभापति वा सचिवलाई पूर्वजानकारी गराउनु पर्नेछ।

१३. **सहयोग पुऱ्याउनु पर्नेः** बैठक सञ्चालन र सुव्यवस्था कायम गर्न सबै सदस्यले सहयोग गर्नु पर्नेछ।

१४. **छानबिन सम्बन्धी कार्यविधिः** समितिले कार्यक्षेत्रलाई समग्रतामा अगाडि बढाई छानबिनका क्रममा आवश्यकता अनुसार देहायका कार्य गर्न सक्नेछः-

(क) सूचना, तथ्याङ्क र प्रमाण सङ्कलनः

(१) सञ्चार माध्यममा प्रकाशित/प्रसारित सूचनाको सङ्कलन र विभिन्न निकायबाट कागजात माग तथा सङ्कलन,

(२) प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा विधेयकको दफा ८२ माथिको छलफलमा व्यक्त धारणा, तथ्य आदि सम्बन्धी अभिलेख सङ्कलन,

(३) समितिले उपयुक्त ठानेका अन्य सूचना, तथ्याङ्क, प्रतिवेदन, विश्लेषण वा प्रमाण आदि।

(ख) छलफल, अन्तर्क्रिया, सोधपुछ वा अनुसन्धान

(१) राज्य व्यवस्था तथा सुशासन समितिका सभापति र आवश्यकता अनुसार समितिका सदस्यहरू, सचिव र सम्बद्ध कर्मचारीहरू,

(२) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, सचिव लगायत सम्बद्ध कर्मचारीहरू,

(३) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव लगायत सम्बद्ध कर्मचारीहरू, र

(४) समितिले उपयुक्त ठानेको अन्य सरोकारवाला व्यक्ति तथा संस्था र विषयविज्ञहरूसँग।

१५. **सहयोग लिन सक्नेः** समितिले आवश्यक देखेमा सम्बन्धित विज्ञ एवं अन्य व्यक्तिको सहयोग लिन सक्नेछ।

१६. **सदस्यहरूको आचारसंहिताः** सदस्यहरूले देहायको आचारसंहिताको पालना गर्नु पर्नेछः-

(क) छलफलमा भाग लिंदा तत्काल छलफलको विषयवस्तुमा केन्द्रित भई धारणा राख्नु पर्ने,

(ख) समितिको कार्यक्षेत्रसँग सम्बन्धित सूचना, तथ्य वा प्रमाण आवश्यकता अनुसार सदस्यहरूका बीचमा आदान-प्रदान गर्ने,

(ग) समितिको बैठकको निर्णय वा अनुसन्धानको प्रक्रियामा रहेका प्रसङ्ग, विषयहरू, छानबिन सम्बन्धी रणनीति र अन्य गोप्य कागजातलाई सार्वजनिक गर्न वा दुरुपयोग गर्न नहुने,

(घ) बैठकमा सोधपुछ, अनुसन्धान, छलफल वा अन्तर्क्रियाका लागि आमन्त्रण गरिएका विषयविज्ञ, विशेषज्ञ वा सम्बन्धित सरोकारवालालाई प्रश्न राख्दा शिष्टतापूर्वक राख्नु पर्ने, र

(ङ) छानबिनका क्रममा प्राप्त तथ्य तथा जानकारीको गोपनीयता कायम राख्ने।

१७. **समितिको प्रतिवेदन**: (१) समितिले छानबिनको कार्य पूरा गरेपछि सुझाव सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा कम्तीमा देहायका विषय खुलाउनु पर्नेछः-

(क) समितिको कार्यक्षेत्रको संक्षिप्त विवरण,

(ख) छानबिनको क्रममा अवलम्बन गरिएको प्रक्रिया तथा सङ्कलन गरिएका प्रमाण,

(ग) छानबिनबाट पत्ता लागेको वास्तविक सत्य, तथ्य विवरण,

(घ) समितिको ठहर वा निष्कर्ष,

(ङ) समितिको सुझाव, र

(च) समितिले उपयुक्त ठानेका अन्य विषय।

१८. **समितिको कार्यावधिः** समितिको कार्यावधि समिति गठन भएको मितिले एक्काईस दिनको हुनेछ।

१९. **निर्णय प्रक्रियाः** (१) समितिले कुनै पनि निर्णय गर्नु अघि सोको मस्यौदा समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

(२) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ।

तर, सर्वसम्मति हुन नसकेमा समितिका सदस्यहरूको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र सदस्यहरूको मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ।

(३) समितिको निर्णयमा कुनै सदस्य वा सदस्यहरूले फरक मत अभिलेखबद्ध गराउन चाहेमा त्यस्तो फरक मत लिखित रूपमा समितिमा दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम ... प्राप्त भएमा समितिले अभिलेख राखी अन्तिम प्रतिवेदनमा समेत समावेश गर्नेछ।

२०. उपसमिति वा कार्यदल गठन गर्न सक्नेः (१) समितिले आवश्यकता अनुसार कार्यक्षेत्रभित्रको कुनै निश्चित कार्य गर्न वा छानबिन सम्बन्धी कुनै निश्चित कार्यका लागि समितिका कुनै सदस्य संयोजक रहने गरी उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमिति वा कार्यदलको कार्यादेश र कार्यावधि समितिले त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

२१. कार्यतालिका बनाई लागू गर्न सक्नेः समितिले आवश्यकता अनुसार कार्ययोजना, चेकलिष्ट र कार्यतालिका बनाई लागू गर्न सक्नेछ।

२२. निर्णयको प्रमाणीकरणः (१) समितिको निर्णयमा सभापति र सचिवले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।

(२) समितिको निर्णय, काम कारबाही तथा अन्य कागजात सम्बन्धी आधिकारिक जानकारी सभापतिबाट सार्वजनिक हुनेछ।

२३. समितिको काम कारबाहीको अभिलेखः (१) समितिमा भएको छलफल, निर्णय, छानबिनका क्रममा समितिमा प्राप्त भएका कागजात, प्रमाण, छलफलमा उठेका विषय, प्रतिवेदनको एक प्रति सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरूको अभिलेख सभापतिको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राख्नेछ।

(२) समितिको कार्यावधि पूरा भएपछि उक्त अभिलेख संघीय संसदको महासचिव मार्फत संघीय संसद सचिवालयमा बुझाइनेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि छानबिनको सिलसिलामा समितिलाई प्राप्त सूचना वा जानकारी र समितिले बुझेका वा सङ्कलन गरेका प्रमाणलाई प्रचलित कानून बमोजिम गोप्य राखिनेछ।

२४. समितिको निर्णय बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा प्रचलित कानूनको अधीनमा रही समितिले निर्णय गरे बमोजिम हुनेछ।

२५. <u>कार्यविधिमा संशोधन</u>: समितिले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

(इश्वरी घर्ती)

(गणेश पराजुली)

(नारायण प्रसाद आचार्य)

(माधव सापकोटा)

(रोसन कार्की)

(सुशीला थिङ)

(मनोज कुमार गिरी)
सचिव

(जीवन परियार)
सभापति

## अनुसूची-२

## समितिको कार्यावधि थप सम्बन्धी पत्र

**संघीय संसद सचिवालय**

कार्यव्यवस्था शाखा (प्रतिनिधि सभा)

संसद भवन, सिंहदरबार
काठमाडौं, नेपाल।

पत्र संख्या :- २०८२/०८३
च.नं :- ०६

मिति: २०८२/०४/०९

श्री संघीय निजामति सेवा विधेयक, २०८० को प्रतिवेदनमा त्रुटी भएको
भन्ने सम्बन्धमा गठित संसदीय छानविन विशेष समिति, २०८२
संघीय संसद सचिवालय।

विषयः- कार्यावधि थप सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तहाँ समितिबाट समितिको कार्यावधि सात दिन थप गर्न माग भै आएको प्रस्तावलाई सम्माननीय सभामुखले मिति २०८२ साउन ९ गते बसेको प्रतिनिधि सभाको बैठकमा प्रस्तुत गर्नुहुँदा उक्त कार्यावधि थप सम्बन्धी प्रस्तावलाई सभाले सर्वसम्मतिले सहमति जनाएको बेहोरा निर्देशानुसार अनुरोध छ।

२०८२/०४/०९

(भीमराज जैसी)
शाखा अधिकृत

**अनुसूची-३**

**समितिको विभिन्न मितिको बैठकमा आमन्त्रित व्यक्तित्वहरू**

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री माधव पौडेल | पूर्वसचिव, नेपाल सरकार |
| २ | श्री काशीराज दाहाल | संविधानविद् |
| ३ | श्री हर्कराज राई | सचिव, प्रतिनिधि सभा |
| ४ | डा. सुरेन्द्र अर्याल | सचिव, राष्ट्रिय सभा |
| ५ | डा. रोजनाथ पाण्डे | सचिव |
| ६ | श्री हृदयराम महर्जन | सहसचिव |
| ७ | श्री निर्मला देवी लामिछाने | सहसचिव |
| ८ | श्री एकराम गिरी | सहसचिव |
| ९ | श्री सिता काफ्ले वाग्ले | सहसचिव |
| १० | श्री इन्द्र विलास पौडेल | सहसचिव |
| ११ | श्री उदयकुमार भण्डारी | सहसचिव |
| १२ | श्री रामहरि थापा | सहसचिव |
| १३ | श्री रेखा उपाध्याय खनाल | उपसचिव |
| १४ | श्री दशरथ धमला | उपसचिव |
| १५ | श्री सञ्जय दाहाल | उपसचिव |
| १६ | श्री शिवदत्त बराल | उपसचिव |

**बैठकमा आमन्त्रित संसदीय मामिला पत्रकार समाजका पदाधिकारीहरू**

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री मनोज सत्याल | अध्यक्ष |
| २ | श्री जय सिंह महरा | महासचिव |
| ३ | श्री नारायण काफ्ले | पूर्वअध्यक्ष |
| ४ | श्री अञ्जना लामिछाने | सदस्य |
| ५ | श्री कमल राज भट्ट | सदस्य |
| ६ | श्री रघुनाथ बजगाई | सदस्य |
| ७ | श्री प्रकाश ढकाल | सदस्य |

अनुसूची-४

**समितिको कार्यतालिका**

| क्र.सं. | कार्य | मिति र समय |
|---|---|---|
| १. | समिति सचिवालयबाट प्रस्तुत कार्यविधिको मस्यौदामाथि छलफल गर्ने। | २०८२ असार २४ र २५ गते |
| २. | समिति सचिवालयबाट प्रस्तुत समितिको कार्यतालिका माथि छलफल गर्ने। | २०८२ असार २६ गते |
| ३. | राज्य व्यवस्था तथा सुशासन समिति सचिवालयबाट देहायका अभिलेख माग गर्नेः- संघीय निजामती सेवा विधेयक, २०८० को दफा ८२ माथिको छलफलका श्रव्य-दृश्य सामग्री, निर्णय पुस्तिका, प्राप्त अभिलेखहरू सुन्ने/अध्ययन गर्ने। | २०८२ असार २७ र २८ गते |
| ४. | १. समितिलाई निर्धारित कार्यक्षेत्रमा रही गर्नु पर्ने कार्य बारे विज्ञ आमन्त्रण गरी सुझाव लिने। | २०८२ असार २९, बिहान १०:०० बजे |
| | २. राज्य व्यवस्था तथा सुशासन समिति सचिवालयसम्बद्ध कर्मचारीहरूलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी लिने। | दिनको ३:०० बजे |
| ५. | १. राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०८२।०३।१८ मा भएको छलफलको प्रत्यक्ष प्रसारित श्रव्यदृश्य सामग्री अवलोकन गर्ने। | २०८२ असार ३०, बिहान ९:०० बजे |
| | २. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका तत्कालीन सहसचिव (कानुन) हाल प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा कार्यरत श्री सुभाष कुमार भट्टराईलाई आमन्त्रण गरी वस्तुस्थितिको बारे जानकारी लिने। | अपराह्न ४:०० बजे |

| | | |
|---|---|---|
| ६. | १. राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०८२।०३।१८ मा भएको छलफलको प्रत्यक्ष प्रसारित श्रव्यदृश्य सामग्री अवलोकन गर्ने। | २०८२ असार ३१, बिहान ११:०० बजे |
| | २. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री मिरा आचार्यलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | अपराह्न ३:०० बजे |
| ७. | १. कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका पूर्वसचिवलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी लिने। | २०८२ असार ३२, बिहान ११:०० बजे |
| | २. राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | दिनको १:०० बजे |
| | ३. संविधानविद् श्री काशिराज दाहालज्यूलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी लिने। | दिनको ३:३० बजे। |
| ८. | १. उपसमितिका संयोजक मा. दिलेन्द्र प्रसाद बडू सहितका सदस्यहरूलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने।<br>२. राज्य व्यवस्था तथा सुशासन समितिका सदस्यहरूलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | २०८२ साउन १, बिहान ११:०० बजे<br>दिनको १:०० बजे |
| ९. | १. गृह मन्त्रीलाई बैठकमा आमन्त्रण गरी समितिको कार्यादेश सम्बन्धमा राय सुझाव प्राप्त गर्ने। | २०८२ साउन २, बिहान ११:०० बजे |
| | २. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | दिनको १:०० बजे |

| | | |
|---|---|---|
| | ३. संसदीय मामिला पत्रकार समाजका बढीमा सातजना प्रतिनिधिहरूलाई आमन्त्रण गरी राय सुझाव प्राप्त गर्ने। | दिनको ३:०० बजे |
| १०. | आगामी दिनको कार्यतालिका बारे छलफल गर्न बैठक बस्ने। | २०८२ साउन ३ गते बिहान ८:०० बजे |
| ११. | १. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिव (कानुन) श्री फणिन्द्र गौतमलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | साउन ४ गते बिहान ११:०० बजे |
| | २. नेपाल सरकारका मुख्य सचिवलाई बैठकमा आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | दिनको १:०० बजे |
| | ३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | दिनको ३:०० बजे |
| १२. | १. संसदीय दलका प्रमुख सचेतक, मुख्य सचेतक आमन्त्रण गरी छलफल गर्ने। | साउन ५ गते बिहान ०८:०० बजे |
| | २. संसदीय दलका प्रमुख सचेतक, संसदीय दलको प्रमुख/मुख्य सचेतक एंव स्वतन्त्र सांसद। | दिनको ११:०० बजे |
| | ३. निवर्तमान सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय राजकुमार गुप्तालाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | दिनको १:०० बजे |
| | ४. राज्य व्यवस्था तथा सुशासन समिति र उपसमितिका अघिल्लो बैठकमा सहभागी हुन छुट्नु भएको सदस्यहरूलाई आमन्त्रण गरी छलफल गर्ने। | दिनको ३:०० बजे |
| | ५. संसदका विषयगत समितिका सचिवहरूसँग समितिमा हुने छलफल, निर्णय प्रक्रिया, प्रतिवेदन लेखन लगायत अभ्यासको अवस्थाका विषयमा छलफल गर्ने। | दिनको ५:०० बजे |

| | | |
|---|---|---|
| १३. | १. संघीय संसदका महासचिव श्री पद्म प्रसाद पाण्डेयलाई आमन्त्रण गरी वस्तुस्थिति बारे जानकारी प्राप्त गर्ने। | साउन ६ गते बिहान ०८ः३० बजे |
| | २. संघीय संसद सचिवालय कानुनी परामर्श महाशाखा प्रमुख सहसचिव (कानुन) श्री लक्ष्मी प्रसाद गौतमलाई आमन्त्रण गरी छलफल गर्ने। | बिहान १०:०० बजे |
| | ३. राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति रामहरि खतिवडा र सचिव श्री सुरज कुमार दुरालाई आमन्त्रण गरी सामुहिक छलफल गर्ने। | दिनको ३:०० बजे |
| १४. | १. राज्य व्यवस्था तथा सुशासन समितिका तत्कालीन सचिव श्री सुरज कुमार दुरा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री मिरा आचार्य र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सहसचिव (कानुन) श्री सुभाष कुमार भट्टराईलाई संयुक्त आमन्त्रण गरी वस्तुस्थिति बारे छलफल गर्ने।<br>२. नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालबाट सूचना प्रविधि सम्बन्धी एकजना विज्ञ माग गर्ने। | साउन ७ गते बिहान ९:०० बजे |
| १५. | १. आगामी बैठकमा संघीय संसद सचिवालय कार्य व्यवस्था महाशाखा (प्रतिनिधि सभा) प्रमुख श्री एकराम गिरीलाई आमन्त्रण गरी छलफल गर्ने।<br>२. राज्य व्यवस्था तथा सुशासन समितिका यस समितिको अघिल्लो बैठकमा अनुपस्थित हुनु भएका माननीय सदस्यहरूलाई आमन्त्रण गरी वस्तुस्थिति बारे छलफल गर्ने। | साउन ८ गते बिहान ११:०० बजे |
| १६. | राष्ट्रिय सभा सचिव डा. सुरेन्द्रलाई आमन्त्रण गरी सुझाव लिने। | साउन ११ गते बिहान ११:०० बजे |
| १७. | प्रतिवेदन लेखन सम्बन्धी। | निरन्तर |

<u>समितिले कार्य सम्पादनका सिलसिलामा लिएका केही प्रतिनिधिमूलक तस्वीर</u>











